# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रश्नहरू मूल्याङ्कनका साधन हुन् भने मूल्याङ्कनलाई परीक्षा र जाँच जस्ता प्राचीन शब्दले नै चिनाउने गरिएको पाइन्छ । मूल्याङ्कन शिक्षा र मनोविज्ञानको क्षेत्रमा प्रयोग गरिने नयाँ धारणा हो (भट्टराई, २०६८ : ५) । मूल्याङ्कनको अवधारणा चीनबाट भएको मानिए पनि मूल्याङ्कनको आधुनिक विकासको दृष्टिकोण पश्चिमी मुलुककै देन मान्नुपर्छ (जबरा र अन्य, २०६७ : १०) । देश, काल, परिस्थिति, समाजको आवश्यकता, शिक्षाको बदलिंदो परिवेश आदिले मूल्याङ्कनको धारणा प्रयोगमा पनि परिमार्जन भइरहेको छ । परम्परागत मूल्याङ्कन पद्धतिमा "पेपर एन्ड पेन्सिल टेस्ट" द्वारा मात्र मूल्याङ्कन गर्ने प्रचलनले व्यक्तिको सर्वतोमुखी पक्षको सही मूल्याङ्कन गर्न नसक्ने भएकाले यसमा सुधार गरी सही लेखाजोखा गर्ने क्रममा लिखित, मौखिक एवम् प्रयोगात्मक परीक्षा अपनाउन थालिएको हो । आजको परिवेशमा विद्‌यार्थीको शारीरिक, मानसिक, व्यवहारिक, सामाजिक, नैतिक, चारित्रिक, भावनात्मक, शैक्षिक आदि सर्वपक्षीय मूल्याङ्कन गर्न नयाँ-नयाँ तौरतरिका एवम् प्रविधियुक्त आधुनिक धारणाको विकास भएको छ । वास्तवमा "मूल्याङ्कन" शब्दको अर्थनै दुई शब्दहरू 'मूल्य'+'अङ्कन' मिलेर बनेको हो । मूल्य शब्दको अर्थ कुनै वस्तुको उपयोगिता र महत्त्वको लेखाजोखा गर्ने प्रक्रिया हो (जबरा र अन्य, २०६७ : ११) जुन विशुद्ध रूपमा विषयगत वा व्यक्तिपरक हुन्छ । अङ्कनले मापन प्रक्रियालाई जनाउँछ । यस प्रक्रियाले वस्तुमा रहेको गुणको मात्रात्मक स्वरूप प्रस्तुत गर्न यसलाई अङ्कमा बदलिने कार्य गर्दछ (जबरा र अन्य, २०६७ : ११) । यसरी मूल्याङ्कन वास्तविक अर्थमा गुणात्मक र परिमाणात्मक लेखाजोखाको संयुक्त स्वरूप हो (जबरा र अन्य, २०६७ : ११) । यसले कति र कस्तो प्रश्नको जवाफ समेत दिन्छ । त्यसैले मूल्याङ्कन भनेको मापन र मूल्य निर्धारणको सम्मिलित स्वरूप हो (जबरा र अन्य, २०६७ : ११) ।

भाषिक सीपको परीक्षण तथा मूल्याङ्कनका लागि भाषिक मूल्याङ्कनका साधनहरूको निर्माण गरिन्छ । मूल्याङ्कनका साधनहरू निर्माण गर्ने विभिन्न आधारहरू हुन्छन् । मूल्याङ्कनका प्रकारका आधारमा साधनहरू निर्धारण गरिन्छन् । सामान्यतया भाषिक मूल्याङ्कनका लागि लिखित प्रश्नहरूकै उपयोग गरिएको पाइन्छ । नेपालमा नेपाली भाषाको अध्ययन हुन थालेदेखि नै परीक्षण कार्य पनि हुँदै आएको छ । यसरी परिवर्तित

समय अनुसार पाठ्यक्रम र पाठ्यपुस्तकहरू साथै परीक्षण प्रक्रियाहरू पनि परिवर्तन हुँदै गएको पाइन्छ ।

शैक्षिक सन्दर्भमा भाषिक मूल्याङ्कनको प्रसङ्ग भाषा शिक्षणसँगै जोडिएर आउँछ । वास्तवमा भाषा शिक्षण विषयको शिक्षण नभएर भाषिक सीपहरूको शिक्षण हो । भाषिक मूल्याङ्कन भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सँग जोडिएको हुन्छ । परम्परागत दृष्टिमा मूल्याङ्कन केवल लेखन कार्यबाट मात्र हुने गरेको र अन्य तीन पक्षलाई उपेक्षा गरिएको थियो तर हाल भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई तहगत आधार बनाएर मूल्याङ्कन गर्ने प्रचलन आएको छ । तल्लो तहमा सुनाइ र बोलाइलाई विशेष ध्यान दिएको हुन्छ भने माथिल्लो तहमा पढाइ र लेखाइलाई बढी अङ्कभार दिई समय निर्धारण गर्ने गरेको पाइन्छ (लामिछाने, २०६४ : २२९) ।

परम्परादेखि नै नेपाली भाषा सम्पूर्ण नेपालीहरूको साझा भाषा रहेको र हाल सरकारी कामकाज तथा सम्पर्क भाषाका रूपमा रही महत्त्वपूर्ण स्थान ओगटेकाले यसको सिकाइका लागि उपयुक्त उद्देश्य, पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ तथा मूल्याङ्कन हुनुपर्छ भन्ने कुरामा कसैको दुईमत हुन सक्दैन । भाषिक मूल्याङ्कनको उपयोगिता शिक्षक र विद्यार्थीका अतिरिक्त भाषा पाठ्यक्रम निर्माता, भाषाविद् तथा शिक्षाविद् र भाषापाठ्यपुस्तक/पाठ्य सामग्री निर्माताका लागि समेत उत्तिकै रहेको छ । यसैले भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्मातालाई सम्बन्धित स्तरीय तथा प्रभावकारी लेखाजोखा गरी स्तर निर्धारण गर्न र भाषाविद् एवम् शिक्षाविद्लाई सम्बद्ध भाषिक क्षमताको आँकलन गरी एकभाषिकता द्विभाषिकता वा बहुभाषिकता आदिका कारण सहज बन्न पुगेका सिकाइ प्रक्रियालाई सहज, सुगम र सरल तुल्याउन शिक्षकलाई मार्ग निर्देशन गर्ने काम भाषिक मूल्याङ्कनबाट प्राप्त हुन्छ (लामिछाने, २०६४ : २३०) ।

परीक्षाका अनेक भेदउपभेदहरू मध्येको प्रवेशिका परीक्षा पनि एक महत्त्वपूर्ण परीक्षा मानिन्छ । एसएलसी परीक्षाको इतिहासलाई हेर्दा विसं १९९० साल अघिका कुराहरूदेखि अध्ययन गर्नुपर्ने हुन्छ । त्यसबेला मेट्रिक (एसएलसी) परीक्षा दिने परीक्षार्थीहरू भारतका विभिन्न विश्वविद्यालयहरूबाट विसं १९३६ देखि कलकत्ता विश्वविद्यालय र विसं १९८० देखि पटना विश्वविद्यालयबाट एसएलसी परीक्षा लिन सम्बन्ध प्राप्त गरेको थियो । त्यसपछि विसं १९९० कार्तिक १६ गते नेपालमा पहिलोपल्ट एसएलसी परीक्षा बोर्डको गठन भयो (दाहाल, २०७२ : १) । त्यसपछि पनि परीक्षा सम्बन्धी सबै प्रक्रिया नेपाल सरकारका

लागि पटना विश्वविद्यालयले नै गर्दथ्यो । प्रश्नपत्रहरू सम्बन्धी व्यवस्थापन पटना विश्वविद्यालयबाट खटिआएका सुपरिटेन्डेन्टहरूले गर्थे (दाहाल, २०७२ : १) । परीक्षा सकेपछि सबै उत्तरपुस्तिकाहरूको पोको लिएर उनीहरू पटना नै फर्कन्थे । नेपालमा एसएलसी बोर्ड गठन भए पश्चात्को पहिलो एसएलसी परीक्षा विसं १९९० सालको पुस महिनामा सुरु भएको थियो (दाहाल, २०७२ : १) । त्यो परीक्षा दरबार हाइस्कुलदेखि दक्षिण पट्टिको भवनमा हुँदैथियो । विसं १९९० साल माघ २ गतेको विनासकारी महाभूकम्पले केही दिन परीक्षा स्थगित गर्नु परेको थियो । नेपालमा एसएलसी बोर्डको स्थापना पूर्व र पछि प्रवेशिका (एसएलसी) परीक्षाले विद्यालय तहको नेपाली भाषा शिक्षणको मूल्याङ्कनमा महत्त्वपूर्ण स्थान ओगटेको छ । विसं १९९० सालबाट सुरु भएको एसएलसी परीक्षामा आजसम्म लिखितको माध्यमबाट मूल्याङ्कन गर्ने प्रचलन कायम छ । विस २०२८ सालदेखि देशभरि एउटै पाठ्यक्रम लागू भएदेखि भने नेपाली भाषा शिक्षणमा एकरुपता ल्याउने प्रयास भएको देखिन्छ (दाहाल, २०७२ : १) ।

विसं २०६२ सालसम्म कक्षा ९ र १० का सबै पाठ्यपुस्तकहरूलाई आधार बनाएर प्रश्न निर्माण गर्ने कार्यको परिपाटी थियो । विसं २०६३ देखि कक्षा १० को पाठ्यक्रमलाई मात्र आधारित बनाएर प्रश्न सोध्न थालेको देखिन्छ । समयको माग अनुसार राष्ट्रभरि नै एकै प्रकारको प्रश्नपत्रको निर्माण गरी मूल्याङ्कन गर्ने प्रावधान भएपछि २०६५ देखि पाँच विकास क्षेत्रका लागि छुट्टा छुट्टै सेट प्रश्नपत्र तयार गरिंदै आएको अनुसार नै हालसम्म त्यही परिपाटीलाई अवलम्बन गरी प्रश्नपत्र निर्माण गरी भाषिक सीपहरूको मूल्याङ्कन गरिंदैछ (दाहाल, २०७२ : २) ।

जसरी विद्यालय तहमा नेपाली भाषा शिक्षणको मूल लक्ष्य भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषयहरूको पठनपाठनको माध्यमलाई सहयोग गरी बोध पक्ष र अभिव्यक्तिको विकास गर्नु रहेको छ, त्यसैगरी विद्यार्थी हरूमा नेपाली भाषा विषयको माध्यमिक तहको अन्तिममा प्रवेशिका परीक्षाका रूपमा तयार गरिने प्रश्नपत्रहरू उपयुक्त, स्तरीय, वैध, विश्वसनीय र मापनयोग्य भए नभएको जस्ता कुराहरूमाथि समय समयमा खोज अनुसन्धान, विश्लेषण गर्नु नितान्त आवश्यक देखिन्छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूमा केन्द्रित भई तयार पारिएको छ -

क. प्रवेशिका परीक्षा २०७० सालमा पाँच विकास क्षेत्रमा उपयोग गरिएका नेपाली विषयका प्रश्नहरू वैध र विश्वसनीय छन् वा छैनन् ?

ख. उक्त प्रश्नहरू आन्तरिक र बाह्य पक्षका आधारमा उपयुक्त छन् ?

ग. प्रश्नहरू विद्यार्थीहरूको क्षमता र योग्यता अनुकूल छन् कि छैनन् ?

घ. प्रश्नहरू राष्ट्रस्तरीय परीक्षाका लागि मावि पाठ्यक्रमले अपेक्षा गरे बमोजिम उद्देश्य परिपूर्ति गर्ने खालका छन् ?

ङ. उक्त प्रश्नहरू विशिष्टीकरण तालिकाको आधारमा निर्माण गरिएका हुन् वा होइनन् ?

च. सोधिएका प्रश्नहरूका सबल र दुर्बल पक्षहरू के कस्ता हुन् ?

## १.३ अध्ययनको औचित्य र महत्त्व

माध्यमिक तहका विद्यार्थीहरूको सिकाइ उपलब्धि मापन गर्ने विभिन्न आधारहरू मध्ये प्रश्नपत्र एउटा महत्त्वपूर्ण आधार हो । यो मापन परीक्षाको एक साधन हो । स्तरीय प्रश्नपत्र निर्माण गर्न सकिएमा मात्र पाठ्यक्रमको उद्देश्य पूरा हुन सक्छ र विद्यार्थीहरूका लागि स्तरीय र उपयुक्त प्रश्नपत्र नभएमा सिकाइ उपलब्धिको वृद्धि हुन पनि सक्दैन । यस्ता प्रश्नपत्रहरू उच्च शिक्षा प्रवेश गर्ने द्वार मानिने एसएलसी परीक्षा माध्यमिक तहको सम्पूर्णता, उद्देश्यपरकता, विश्वसनीयता, व्यापकता, विभेदकारिता, प्रश्न कठिनाइ स्तर, व्यवहार उपयोगिता जस्ता आन्तरिक र बाह्य प्रश्न निर्माणका गुणले युक्त शब्द र स्पष्ट स्तरयुक्त जस्ता कुराको अध्ययनका लागि यसको औचित्य रहेको छ । यो अध्ययन प्रवेशिका परीक्षाको नेपाली विषयका प्रश्नपत्र निर्माणकर्ताहरूलाई मार्गदर्शक बन्छ । तसर्थ यस अनुसन्धानले नयाँ पाठ्यक्रम अनुसार नेपाली भाषा विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन गरी उपयुक्त र स्तरयुक्त भए नभएको पत्ता लगाई कमजोरी हटाउने, प्रश्ननिर्माण गर्ने विद्यमान अवस्थामा सुझाव प्रस्तुत गर्ने, प्रश्नपत्रमा भएका त्रुटि पहिचान र त्रुटि निराकरण गर्ने, प्रश्नपत्र निर्माण प्रक्रिया र विधिको योजनाबद्ध तर्जुमा गर्नमा सहयोग पुग्ने साथै प्रश्नपत्र निर्माणकर्ताहरू, विद्यार्थीहरू, शिक्षकहरू र परीक्षकहरूलाई समेत उचित सल्लाह सुझाव पुग्ने भएकाले यस अनुसन्धानको औचित्य र महत्त्व रहेको छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस शोधकार्यका उद्‌देश्यहरू बुँदागत रूपमा देहाय बमोजिम रहेका छन् -

क. २०७० सालका प्रवेशिका परीक्षामा पाँच विकास क्षेत्रमा सोधिएका नेपाली विषयका प्रश्नहरूको वैधता र विश्वसनीयताको आधारमा अध्ययन गर्नु,

ख. उक्त प्रश्नहरू आन्तरिक र बाह्य पक्षका आधारमा सैद्धान्तिक अध्ययन गर्नु,

ग. प्रश्नहरू विद्‌यार्थीको क्षमता र योग्यता अनुकूल भए नभएको पत्ता लगाउनु,

घ. प्रश्नहरू राष्ट्रस्तरीय परीक्षाका लागि मावि पाठ्‌यक्रमले अपेक्षा गरे बमोजिम भए नभएको पत्ता लगाउनु,

ङ. विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्रहरूको अध्ययन गर्नु,

च. प्रश्नहरूमा पाइएका सबल र दुर्बल पक्षहरू पहिल्याउनु,

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनको क्षेत्र परीक्षा नियन्त्रण कार्यालय अन्तर्गत पाँच विकास क्षेत्रमा सोधिएका २०७० सालको प्रवेशिका परीक्षाका अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरू मात्र लिइएको छ । प्रस्तुत शोधकार्यको शीर्षक अनुसारका प्रश्नपत्रहरूको सैद्धान्तिक रूपले आन्तरिक तथा बाह्य आधारमा, विश्वसनीयता र वैधताका आधारमा साथै विशिष्टीकरण तालिकाका आधारमा मात्रै विश्लेषण गरिएको छ ।

## १.६ पारिभाषिक शब्द

प्रस्तुत शोधपत्रमा निम्न पारिभाषिक शब्दहरूको प्रयोग गरिएको छ -

प्रवेशिका परीक्षा - प्रवेशिका परीक्षा भन्नाले मावि तह कक्षा १० को अन्त्यमा लिइने राष्ट्रिय तहको परीक्षा बुझ्नुपर्नेछ ।

तालिका - तालिका भन्नाले लहर र महलयुक्त सूचनाको स्वरूप बुझ्नुपर्नेछ ।

विशिष्टीकरण तालिका - प्रश्नका अङ्कभार, किसिम, प्रकार र स्वरूप आदि झल्काउने खाका बुझ्नुपर्नेछ ।

सामग्री - सामग्री भन्नाले प्रश्नपत्रलाई विश्वसनीय, वैध र स्तरीय बनाउन सहज पार्ने वस्तु तथा उपकरणहरू बुझ्नुपर्नेछ ।

जनसङ्ख्या - जनसङ्ख्या भन्नाले प्रस्तुत शोधपत्र तयार गर्दा प्रयोग गरिएका २०७० सालका ५ विकास क्षेत्रका ५ सेट प्रश्नपत्र सङ्ख्यालाई बुझ्नुपर्नेछ ।

पाठ्यांश - पाठ्यांश भन्नाले पाठ्यक्रमको उद्देश्य पूरा गर्न निर्धारित पाठ्यवस्तुको भागलाई बुझ्नुपर्नेछ ।

प्रश्नपत्र - एसएलसी २०७० मा सोधिएका प्रश्नहरू भएको पाँच सेट प्रश्नपत्रको लिखित रूप बुझ्नुपर्नेछ ।

# अध्याय - दुई

## पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

### २.१ पूर्वकार्यको समीक्षा

एमएड नेपाली उपाधिका लागि पनि हालसम्म प्रावि, निमावि, मावि, उमावि तहका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गरेको पाइन्छ । प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गर्दा प्रश्न विश्लेषणसँग सम्बन्धित भएर विभिन्न अनुसन्धानहरू सम्पन्न भएका छन् । त्यस्ता प्रश्नपत्रहरूको अध्ययन विश्लेषण गर्ने अनुसन्धानकर्ताहरूका केही अनुसन्धानहरू निम्नानुसार छन् -

पौडेल (२०५१) द्वारा **'जिल्लास्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा आठको नेपाली भाषा विषयका प्रश्नपत्रहरूको विश्लेषण'** शीर्षकको शोधपत्र तयार पारिएको देखिन्छ । उक्त शोधको उद्देश्य प्रश्न निर्माणका सैद्धान्तिक पृष्ठभूमिमा आधारित रही भाषिक प्रश्न निर्माणका आन्तरिक र बाह्य आधारहरू पहिचान गर्नु, आन्तरिक र बाह्य आधारमा जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका विभिन्न जिल्लाका कक्षा ८ का नेपाली भाषाका प्रश्नहरूको तुलनात्मक र शैद्धान्तिक विश्लेषण गर्नु, प्रश्न निर्माणमा देखा परेका कमजोरीहरू पहिचान गरी निराकरणात्मक सुझाव पेश गर्नु रहेको पाइन्छ । प्रस्तुत शोधकार्य क्षेत्रीय अध्ययन विधिद्वारा सामग्री सङ्कलन गरी वर्णनात्मक र विश्लेषणात्मक पद्धतिमा आधारित रही गरिएको छ । प्रस्तुत अध्ययनको निष्कर्षमा प्रश्नपत्रमा निर्देशनहरू अस्पष्ट र त्रुटिपूर्ण रहेको, प्रश्न वितरणमा विविधता रहेको र प्रश्नहरूको प्रस्तुति अनुक्रम अवैज्ञानिक र दुर्बल रहेको साथै पाठ्यक्रम अनुरूपतालाई उपेक्षा गरिएको पाइन्छ ।

रेग्मी (२०५४) द्वारा **कक्षा ५ को नेपाली भाषा विषयक प्रश्नहरू (२०५४) को विश्लेषणात्मक अध्ययन** शीर्षकको शोधपत्र तयार पारिएको छ । यसमा नेपाली भाषा विषयक विभिन्न सैद्धान्तिक आधारबाट अध्ययन गरिने, प्रश्नमा पाइने कमी कमजोरीहरू औँल्याउने र सुधारका निम्ति सुझाव गरिने जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको छ । प्रस्तुत शोधपत्रमा क्षेत्रीय तथा पुस्तकालयीय विधि र विश्लेषणात्मक पद्धति अपनाइएको छ । उक्त अनुसन्धानमा निष्कर्षका रूपमा प्रश्नपत्र स्वरूपको आधारमा एकरूपता नभएको, सुनाइ, बोलाइ, सीप विकासका लागि मौन रहेको र सैद्धान्तिक ज्ञानलाई जोड दिई प्रश्न निर्माण गरेको पाइन्छ ।

ढकाल (२०५७) द्वारा **'२०५७ सालमा उपयोग गरिएका कक्षा १० को नेपाली भाषाका योग्यता जाँच परीक्षाका प्रश्नहरूको विश्लेषण** शीर्षकको शोधपत्र तयार पारेको देखिन्छ । उक्त शोधपत्रको उद्देश्य भाषिक प्रश्न निर्माणका सिद्धान्तका आधारमा प्रश्नको विश्लेषण गर्नु, प्रत्येक विकास क्षेत्रका प्रश्नको तुलनात्मक अध्ययन गर्नु, सबल र दुर्बल पक्ष छुट्याउनु तथा आवश्यक सुझावहरू दिनु रहेको छ । पुस्तकालयीय विधि, सामग्री सङ्कलन विधि र विश्लेषण विधिको प्रयोग गरी अध्ययन गरिएको छ । निष्कर्षमा प्रश्न विश्लेषणका बाह्य र आन्तरिक आधारमा प्रश्नपत्र निर्माण गरिएको, प्रश्नपत्रमा विश्वसनीयता र वैधता नदेखिएको, भाषा सरल, स्पष्ट र शुद्ध नभएको साथै प्रश्नपत्र निर्माणमा पाठ्यक्रम अनुरूपतालाई उपेक्षा गरिएको देखिन्छ ।

आचार्य (२०५८) द्वारा **२०५८ सालमा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा प्रश्नपत्रहरूको विश्लेषण** शीर्षकको शोधपत्र तयार पारिएको छ । शोधपत्रका उद्देश्यहरूमा नेपाली भाषाका प्रश्न निर्माणमा विविधता हुनुका कारणहरू पहिल्याई सङ्कलित प्रश्नहरूको आन्तरिक र बाह्य आधारमा विविध उपआधारहरूमा आधारित रही अध्ययन विश्लेषण गर्ने रहेको छ भने पुस्तकालयीय विधि, सामग्री सङ्कलन विधि र विश्लेषण विधिको उपयोग गरिएको छ । उक्त शोधपत्रको निष्कर्षमा बाह्य आधारमा प्रश्नहरूको विश्लेषण गर्दा निर्देशन, अङ्क विभाजन र समय निर्धारण प्रस्तुति अनुक्रम, भाषा, स्वरूप, छपाइ र सरसफाइलाई प्राथमिकता दिइएको छ भने आन्तरिक आधारमा पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण साथै भाषा तथा प्रश्नका विविध पक्षहरूको चर्चा गरिएको छ ।

पन्थी (२०६३) द्वारा **प्रवेशिका परीक्षा (२०६२/६३) का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** नामक शीर्षकको शोधपत्रमा नियमित र एक्जाम्टेड समूहका प्रश्नपत्रहरूको अध्ययन गरिएको छ । उक्त शोधपत्रमा विशिष्टीकरण तालिकाका आधारमा प्रश्नहरूको विश्लेषण गर्नु, प्रश्नहरूको एकरूपताको अध्ययन गर्नु, भाषिक सीपको परीक्षणको अध्ययन गर्नु, प्रश्नका सबल दुर्बल पक्ष पहिल्याउनु जस्ता उद्देश्यहरू राखिएको छ । पुस्तकालयीय अध्ययन पद्धति अँगाली प्रश्नपत्रहरूको कमजोरीहरू पत्ता लगाउँदै सैद्धान्तिक रूपले विश्लेषण गरिएको छ । निष्कर्षमा तह नखुलाइनु, शीर्ष निर्देशनमा त्रुटिपूर्ण रहनु जस्ता कमी कमजोरीहरू रहेको र सुझाव समेत पेश गरेको पाइन्छ ।

राई (२०६७) द्वारा **अनिवार्य नेपाली र ऐच्छिक नेपाली कक्षा ११ का २०६६ सालमा सोधिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकको शोधपत्र तयार पारिएको पाइन्छ । उक्त शोधपत्रका उद्‌देश्यहरू प्रश्नपत्रहरूको आन्तरिक र बाह्य विशेषताका आधारमा सैद्धान्तिक अध्ययन गर्नु, आन्तरिक वैधताका आधारमा उपयुक्त भए नभएको पहिचान गर्नु, प्रश्नपत्रमा रहेका कमी कमजोरीहरू पहिचान गर्नु र समस्या निराकरणका लागि आवश्यक सल्लाह र सुझाव दिनु जस्ता उद्देश्यहरू राखिएको साथै पुस्तकालयीय अध्ययन पद्धतिको उपायेग गरिएको र निष्कर्षमा निर्देशनमा प्रयोग गरिएको भाषा अस्पष्ट रहेको, व्याकरण खण्डमा बढी अङ्क विभाजन गरेको, बोध तथा अभिव्यक्ति खण्डमा अङ्क विभाजन र समयको वितरण न्यायोचित नभएको, अङ्कभार र प्रश्नको तालमेल नमिलेको र प्रश्नहरू विद्‌यार्थीहरूको स्तर अनुरूप नभएको पाइएको छ ।

भट्टराई (२०६८) द्वारा **२०६७ सालको जिल्ला स्तरीय परीक्षा (कक्षा-८) सुनसरी जिल्लामा सोधिएका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकको शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधपत्रको उद्देश्य प्रश्नहरूको बाह्य वैधता र विश्वसनीयताको अध्ययन गर्नु, आन्तरिक विशेषताका आधारमा सैद्धान्तिक अध्ययन गर्नु, प्रश्नहरू विद्यार्थीको योग्यता, क्षमता र पाठ्यक्रमको अपेक्षा अनुसार भए नभएको पत्ता लगाउनु आदि रहेको पाइन्छ । आवश्यकता अनुसार पुस्तकालयीय, वर्णनात्मक र विश्लेषणात्मक विधि समेतको प्रयोग गरी निष्कर्षमा गुणका दृष्टिले प्रश्नहरू कमजोर, प्रश्नको आयतनमा सन्तुलन नहुनु, निर्देशन प्रष्ट नहुनु, विश्वसनीयता र वैधतामा समेत आघात पुगेको देखाउँदै सुझावहरू पेश गरेको पाइन्छ ।

दाहाल (२०७२) द्वारा **नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन** नामक शोधपत्र तयार पारेको देखिन्छ । उक्त शोधपत्रको उद्‌देश्य २०७१ सालमा उपयोग गरिएका पाँच विकास क्षेत्रमा सोधिएका प्रश्नहरूको आन्तरिक र बाह्य विशेषताका आधारमा सैद्‌दान्तिक अध्ययन गर्नु, विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्रहरूको अध्ययन गर्नु, प्रश्नहरूमा पाइएका सबल र दुर्बल पक्षहरूको अध्ययन गर्नुका साथै प्रश्न निर्माणमा देखा परेका कमजोरी पक्षको निराकरणका लागि सुझाव प्रस्तुत गर्नु रहेको पाइन्छ । उक्त शोधपत्रमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । दुर्बल पक्षमा निर्देशनमा त्रुटि, पदयोग र पदवियोग सम्बन्धी त्रुटि, कठिनाइ स्तर र अङ्कभारमा अनुपयुक्तता रहेको निष्कर्ष निकाल्दै सुझावहरू पेश गरेको पाइन्छ ।

माथि उल्लेख गरिएका पूर्वकार्यहरूलाई दृष्टि दिँदा हालसम्म कुनै पनि अध्येताले प्रवेशिका परीक्षा २०७० का नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन विषयमा अनुसन्धान कार्य नगरेको हुँदा यो अध्ययन नै यस क्षेत्रको प्रारम्भिक अनुसन्धान रहेको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

माथि प्रस्तुत गरिएका पूर्वकार्यहरू विभिन्न सालका जिल्लास्तरीय परीक्षामा सोधिएका अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन, एसएलसी परीक्षामा सोधिएका नेपाली भाषाका प्रश्नहरूको विश्लेषण, साथै कक्षा ११ को परीक्षामा सोधिएका नेपाली विषयको प्रश्नपत्रहरूको अध्ययन रहेका छन् । उक्त पूर्वकार्यहरूमा सङ्कलित प्रश्नपत्रहरूको मूल्याङ्कन तथा सैद्धान्तिक पृष्ठमूमिका आधारमा प्रश्ननिर्माणको तुलनात्मक र सैद्धान्तिक विश्लेषण गरिएको छ । प्रश्न निर्माणमा देखा परेका कमी कमजोरीहरूको पहिचान एवम् सुझाव समेत पेश गरिएको भए तापनि प्रवेशिका परीक्षा २०७० का अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरू माथि चाहिँ सूक्ष्म अध्ययन गरेको देखिँदैन । उक्त पूर्वकार्यहरूको तुलनात्मक रूपमा मूल्याङ्कन गरिएकाले यस अध्ययनका लागि ज्यादै उपयोगी रहेका छन् ।

माथि उल्लिखित विविध सन्दर्भका आधारमा तयार गरिएका पूर्वकार्यहरूले शोधलाई आधारभूत सैद्धान्तिक पृष्ठभूमि प्रदान गरेको छ । पूर्वकार्यहरूको विश्लेषणले शोधार्थीलाई बाह्य वैधता र विश्वसनीयताको अध्ययन गर्नका लागि प्राक्कल्पना निर्माण गर्न सहयोग गरेको छ । पूर्वकार्यहरूको विश्लेषणले शोधार्थीलाई अनुसन्धेय विषयका बारेमा समस्याको विशिष्टीकरण र परिभाषीकरण गर्न सहयोग गरेको छ । पूर्वकार्यका सुझावहरूले अध्ययनका लागि उपयोगी तरिका अपनाउन मार्गदर्शन गरेको छ । पूर्वकार्यहरूले अनुसन्धानकर्तालाई आवश्यक सन्दर्भ सामग्रीको खोजी गरी पाठ्यक्रम समन्वयता, स्तरीयता आदिका बारेमा गहन अध्ययन गर्नमा मद्दत पुऱ्याएको छ ।

## २.३ सैद्धान्तिक / धारणात्मक संरचना

प्रस्तुत शोध शीर्षकको अध्ययन आन्तरिक र बाह्य आधारका सिद्धान्तमा आधारित रहेर पूरा गरिएको छ । प्रस्तुत अनुसन्धानमा सामान्यतया द्वितीयक सामग्री सङ्कलन गरी पुस्तकालयीय आधारमा, वर्णनात्मक, विवरणात्मक र तुलनात्मक आधारमा, पाठ्यक्रम समन्वयताका आधारमा, भाषिक पक्षको संयोजन र सन्तुलनका आधारमा, विशिष्टीकरण

तालिका र निर्देशनका आधारमा, अङ्क र समय निर्धारणका आधारमा तथा प्रशनपत्र स्वरूप र अनुक्रमका आधारमा तुलनात्मक रूपमा अध्ययन गर्दै नेपाली भाषा शिक्षा मूल्याङ्कनको उक्त आधुनिक, वैज्ञानिक र व्यवहारिक सिद्धान्तमा आधारित भएर यो अनुसन्धान कार्य पूरा गरिएको छ ।

खास गरेर रबर्ट मेगरको वर्णनात्मक सिद्धान्त र हिल्डाटावाको विश्लेषणात्मक सिद्धान्तमा केन्द्रित भई तिनै सिद्धान्तका कसीमा रही प्रश्नमा भएका कमी कमजोरीहरूको पहिचान गरी अध्ययनको निष्कर्ष निकाली यो अनुसन्धान कार्य पूरा गरिएको छ ।

# अध्याय तीन

# अध्ययन विधि/प्रक्रिया

## ३.१ अध्ययनको संरचना

प्रस्तुत अध्ययनको शीर्षक 'प्रवेशिका परीक्षा २०७० सालका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन' मा पाँच विकास क्षेत्रका प्रश्नपत्रको विश्लेषणका क्रममा गरिने अनुसन्धान वैज्ञानिक भएकाले यसमा तथ्यमा आधारित अध्ययन, विश्लेषण तथा तुलना गरिएको छ । यस शोधकार्यका लागि आवश्यकता अनुसार मूल्याङ्कनका विधिहरूको उपयोग गरिएको छ । खास गरेर गुणात्मक अध्ययन तथा तुलनात्मक, वर्णनात्मक र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यस शोधकार्यका लागि नमुना अध्ययनको क्षेत्र पाँचवटै विकास क्षेत्रका अनिवार्य नेपाली विषयका ५ वटा प्रश्नपत्र नै हुन् । यस अध्ययनमा माध्यमिक नेपाली भाषा पाठ्यक्रम, विशिष्टीकरण तालिका, नेपाली व्याकरणहरूको गुणात्मक अध्ययन र तुलना समेत गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना

प्रस्तुत अध्ययनका लागि शोधपत्र तयार गर्दा प्रयोग गरिएका प्रवेशिका परीक्षा २०७० सालमा सोधिएका नेपाली विषयका पाँच विकास क्षेत्रका पाँच सेट प्रश्नपत्रहरूको ५ वटा सङ्ख्या र १८/१८ वटा प्रश्नहरूलाई नै यहाँ सङ्ख्याका रूपमा लिइएको छ । नमुना प्रश्नपत्रका रूपमा एसएलसी परीक्षा २०७० सालमा सोधिएका पाँच ओटै विकास क्षेत्रका प्रश्नपत्रहरूलाई लिइएको छ ।

## ३.३ नमुना छनोट प्रक्रिया

यस अनुसन्धान कार्यका लागि लिइने नमुना भन्नाले प्रतिनिधिमूलक वस्तु सामग्री वा जनसङ्ख्याको एकाइ वा अंश बुझिने हुँदा साथै अध्ययनसँग सम्बन्धित सम्पूर्ण सामग्री वस्तु वा जनसङ्ख्यालाई लिएर व्यवस्थित ढङ्गले अध्ययन गर्न अफठ्यारो पर्ने र उक्त अध्ययन वैज्ञानिक पनि नहुने भएकाले नमुना छनोटको निश्चित पद्धति अँगालिएको छ । यस किसिमको नमुनाका आधारमा गरिने अनुसन्धानबाट प्राप्त निष्कर्ष नै समग्रमा व्यवस्थित र

उपयुक्त मानिने हुनाले प्रस्तुत अनुसन्धानमा मूलतः पुस्तकालयीय विधिको प्रयोग गरी नमुनाका रूपमा पाँचओटै विकास क्षेत्रका पाँचओटै प्रश्नपत्रहरूलाई लिइएको छ ।

### ३.४ तथ्याङ्क सङकलनका साधन

प्रस्तुत शोधकार्यका लागि तथ्याङ्क सङकलनका पद्धति तथा विधि, शोधको क्षेत्र, शीर्षक, विषयवस्तु सुहाउँदो रूपमा तथ्याङ्कहरू सङ्कलनका साधनहरूलाई प्राथमिक तथा द्वितीय दुवै तथ्याङ्क सङ्कलनका साधनका रूपमा निम्न अनुसारले प्रयोग गरिएको छ ।

क. प्राथमिक तथ्याङ्क सङ्कलनका साधन

यस प्रकारका तथ्याङ्क सामग्री सङ्कलनका लागि अनुसन्धानकर्ताले आफूलाई मूलरूपमा आवश्यक पर्ने अध्ययनको शीर्षक सम्बन्धित प्रवेशिका परीक्षा २०७० सालमा पाँचओटै विकास क्षेत्रका अनिवार्य नेपाली विषयका एक/एक प्रति गरी पाँचओटा प्रश्नपत्रहरूलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ । उल्लिखित सङ्ख्याका प्रश्नपत्रलाई यस शोधको परिशिष्टमा समावेश गरिएको छ ।

ख. द्‌वितीय तथ्याङ्क सङ्कलनका साधन

द्‌वितीय तथ्याङ्क सङ्कलनका साधनका रूपमा प्रश्नपत्र विश्लेषणका लागि सान्दर्भिक र उपयोगी हुने सामग्रीहरू, परीक्षा, मापन, मूल्याङ्कन, विश्लेषण सम्बन्धी पुस्तकहरू, पाठ्यक्रम, विशिष्टीकरण तालिका, प्रतिवेदनहरू, शोधपत्रहरू, शोधसारहरू, अन्य प्रश्नपत्रहरू, पत्रपत्रिकाहरू, विषय विशेषज्ञहरूको सल्लाह सुझावहरू आदिलाई द्‌वितीय स्रोतका रूपमा लिइएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङकलन प्रक्रिया मध्ये मुख्य रूपमा पुस्तकालयीय पद्‌धतिलाई लिइएको छ । यो अनुसन्धान अभिलेखपरक अनुसन्धान भएकाले गोपनीयता, विश्वसनीयता र आधिकारिकतालाई ध्यानमा राखी प्रवेशिका परीक्षा सञ्चालनको जिम्मेवारी प्राप्त निकाय सानोठिमी भक्तपुरबाट २०७० सालको नियमित एसएलसी परीक्षाका नेपाली प्रश्नपत्रहरू उपलब्ध गरियो र आवश्यकता अनुरूप विभिन्न सामग्रीहरू जम्मा गरी

तथ्याङ्कका आधारमा तालिका र विश्लेषण साथै तुलना गरी प्रश्नपत्रहरूका कमजोरीहरूको अध्ययन प्रक्रिया अपनाइयो ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

प्रस्तुत अध्ययनमा तथ्याङ्कहरूको क्रमिक रूपमा विश्लेषण र व्याख्या गर्दा वर्णनात्मक र तुलनात्मक विधि साथै आगमन र निगमन विधिको पनि प्रयोग गरिएको छ । मूल्याङ्कन नै शैक्षिक कार्यक्रमलाई व्यवस्थित ढङ्गले जाँच गर्ने कडी र शैक्षिक उद्देश्यहरू वास्तविक रूपमा कुन हदसम्म प्राप्त गर्न सकियो भनी किटान गर्ने प्रक्रिया भएकाले यस प्रक्रियाबाट कुनै वस्तुको मूल्य र महत्त्व निर्धारण गरी राम्रो, नराम्रो किटान गर्न सैद्धान्तिक आधार भएको मूल्याङ्कन पद्धतिलाई अवलम्बन गरिएको छ ।

प्रस्तुत शोध शीर्षक नै मूल्याङ्कनसँग निकट सम्बन्धित भएकाले शीर्षक अध्ययन विश्लेषणका लागि अपनाइएको सैद्धान्तिक आधार नै मूल्याङ्कन प्रक्रिया भएकाले प्रस्तुत शोधमा २०७० सालको प्रवेशिका परीक्षाका नेपालका ५ ओटै विकास क्षेत्रका नेपाली विषयका प्रश्नहरूको अध्ययन तालिका बनाएर तालिकाको आधारमा गरिएको छ । अध्ययन विश्लेषणका क्रममा प्रतिनिधि प्रश्नपत्रहरूका प्रश्नहरूलाई उदाहरणका रूपमा राख्न शुद्धाशुद्ध, हुबहु जस्ताको तस्तै उतार गर्ने प्रक्रिया अपनाइएको छ ।

प्रश्नपत्रहरूलाई आन्तरिक र बाह्य आधारमा विश्लेषण गर्दा आन्तरिक आधारलाई २ तहमा राखेर प्रष्टसँग विश्लेषण गरिएको छ : १) स्तरगत दृष्टिले प्रश्नपत्रको उपयुक्तता, २) पाठ्यवस्तुहरूको सम्बन्ध र सामीप्यता । यसो भन्नाले शब्द भण्डार, वर्णविन्यास, भाषा, व्याकरण, प्रश्नशैली, साहित्यिक वाक्य, रुचिपूर्णता, विधा सामीप्यता, स्तरण आदिलाई नियालिएको छ । त्यसै गरेर बाह्य आधारमा भौतिक विश्लेषण, प्रश्न संयोजन, सम्पादन, लेखन, अक्षर फन्ट, स्पेस, चिह्न, पृष्ठ सङ्ख्या र प्रश्नपत्रको आकार, कागजको स्तर आदिलाई हेरिएको छ । सानो गल्तीले विद्यार्थीले दिने उत्तरमा प्रभाव पारी स्तरीयता माथि प्रश्नचिह्न लाग्न सक्छ । तसर्थ प्रश्न निर्माणकर्ता गम्भीर र सचेत रही प्रश्न निर्माणको बाह्य अवयवको तालमेल, निर्देशन, अङ्क विभाजन, समय निर्धारण, छपाइ सम्बन्धी त्रुटिमा सचेत भए नभएको अध्ययन गरिएको छ ।

## अध्याय - चार

## नतिजा/परिणाम र छलफल

### ४.१ नतिजा/परिणाम

प्रवेशिका परीक्षा २०७० सालमा पाँच विकास क्षेत्रमा सोधिएका प्रश्नहरूको तुलनात्मक रूपमा अध्ययन गर्दा निम्न विभिन्न आधारबाट नतिजा/परिणाम उपलब्ध भएको छ ।

### ४.१.१ प्रश्नहरूको आन्तरिक आधारमा तुलनात्मक अध्ययन

मानव शरीरका आन्तरिक अवयवहरू जति मजबुत छन् त्यति नै बाहिरी स्वरूप तन्दुरुस्त देखिएझैँ स्वस्थ र असल प्रश्नपत्र निर्माण गर्नका लागि आन्तरिक पक्षको महत्त्व रहेको हुन्छ । प्रश्नहरूलाई स्तरीय, वैध, विश्वसनीय र उद्देश्यपूर्ण बनाउनका लागि आन्तरिक पक्षले नै सर्वोत्तम भूमिका खेलेको हुन्छ । प्रश्न निर्माणको बाह्य पक्षले आन्तरिक पक्षलाई केही प्रभाव त पार्छ नै तर पनि उत्कृष्ट प्रश्न निर्माण गर्न आन्तरिक पक्ष नै अध्ययन तथा विश्लेषणको अनिवार्य तत्त्व मानिन्छ । त्यसैगरी प्रश्नका प्रभावकारिता, उद्देश्यपरकता, स्तरयुक्तता, देश परिस्थिति अनुकूलता, समय अनुकूलता, भाषिक सीप आदिको लेखा जोखा गर्ने कार्य प्रश्नको आन्तरिक पक्षको अध्ययन गरेर मात्र सम्भव हुन्छ । प्रतिनिधि प्रश्नपत्रका प्रश्नहरूको गहन, तुलनात्मक र विश्लेषणात्मक रूपबाट निम्नानुसार विभिन्न आधारमा अध्ययन गर्ने जमर्को गरिएको छ ।

#### ४.१.१.१ पाठ्यक्रम अनुरूपताका आधारमा

“पाठ अन्तर्गत विभिन्न गद्य, पद्य विधाका पाठको विषयवस्तु, मूलभाव, घटना सन्देश आदिका सम्बन्धमा गरिने परीक्षण र बोध अन्तर्गत दृष्टांश, अदृष्टांश गद्य अनुच्छेदबाट पठनबोध क्षमता परीक्षण कार्य मूल्याङ्कन हो” (माध्यमिक शिक्षा पाठ्यक्रम, २०५५) । शिक्षाका उद्देश्य परिपूर्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम नै पाठ्यक्रम हो । भाषा पाठ्यक्रम भनेको शिक्षार्थीमा भाषिक सीपको दक्षता हासिल गराउने उद्देश्यले बनाइएको शैक्षिक कार्यक्रम हो (भण्डारी, २०६८ : ११) । तसर्थ प्रश्नले मूल्याङ्कनका साथै पाठ्यक्रमको उद्देश्य, विधा र क्षेत्र, अङ्क निर्धारणलाई पकड्न नसकेमा सम्पूर्ण शैक्षिक प्रक्रिया नै अन्योलमा पर्ने हुन्छ । यही मान्यता राखेर यहाँ पाठ्यक्रम भित्रका महत्त्वपूर्ण उपआधारहरूलाई समेत तुलनात्मक रूपमा केलाएर हेर्ने प्रयत्न गरिएको छ ।

**क) विधागत वा विषयवस्तुगत उद्देश्य र प्रश्न**

पाँचवटै विकास क्षेत्रका प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा -

अ) व्याकरणात्मक सीप परीक्षण

१. व्याकरणात्मक प्रश्न (प्रनं ५, ६, ७ र ८)

२. शब्दभण्डारगत प्रश्न (प्रनं १ र २)

३. वाक्य निर्माणसम्बन्धी प्रश्न (प्रनं ३)

४. हिज्जे, वर्णविन्यास, लेख्य चिह्न सम्बन्धी प्रश्न (प्रनं ४ क र ख)

आ) बोध र अभिव्यक्ति परीक्षण

१. कथा, निबन्ध, जीवनी, कविता, चिठी, वक्तृता, संवाद सम्बन्धी प्रश्न (प्रनं ९ देखि १८ सम्म)।

इ) विषयवस्तु तथा भाषिक सीप परीक्षण

१. पढाइ सीप परीक्षणका लागि

क) पाठगत प्रश्नहरू (प्रनं १५, १६, १७ र १८)

ख) बोध प्रश्नहरू (प्रनं ९ र १०)

२. लेखाइ सीप परीक्षणका लागि

क) निबन्ध (प्रनं १४)

ख) कथा (प्रनं ११क)

ग) जीवनी (प्रनं ११ख)

घ) चिठी, निवेदन (प्रनं १२)

ङ) संवाद, वादविवाद, मनोवाद (प्रनं १२ क र ख)

३. पढाइ र लेखाइ दुवै सीप परीक्षणका लागि

क) सारांश लेखन प्रश्न (प्रनं १०)

ख) व्याख्यात्मक प्रश्न (प्रनं १५)

ग) सङ्क्षिप्त प्रश्न (प्रनं १६)

घ) विवेचनात्मक (प्रनं १८)

माथि उल्लिखित निर्णयात्मक वा आवधिक परीक्षाका प्रश्नहरू बाहेक कक्षामा आन्तरिक मूल्याङ्कनका रूपमा निर्माणात्मक मूल्याङ्कन गर्नुपर्ने कुरा पाठ्यक्रमले तोकेकोमा तिनलाई प्रयोगात्मक रूपमा कक्षामा नै नेपाली विषय शिक्षकले लिनुपर्ने भएकाले त्यसका प्रश्नहरूलाई प्रश्नपत्रमा राखिएको छैन । यसरी माथिका अनुसार प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गर्दा विभिन्न विधागत र विषयवस्तुगत पाठ्यक्रमका उद्देश्य अनुरूप नै प्रश्नहरू राखिएको देखिन्छ ।

**ख) विषयवस्तुको सीमा र अङ्क विभाजन**

नेपाली विषयका लागि माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले वितरण गरेका विधा र विषयवस्तुहरूलाई पाँचवटै विकास क्षेत्रका प्रश्नपत्रहरूले राम्ररी नै प्रतिनिधित्व गरेका छन् । पाँचवटै प्रश्नपत्रहरूले पाठ्यक्रम २०६४ र विशिष्टीकरण तालिका २०६३ देखि २०६५ सम्मको सीमा भित्रै रही कुनै प्रकारले पनि सीमालाई अस्वीकार गरेको पाइँदैन । त्यसैले पाँचै विकास क्षेत्रका प्रतिनिधि प्रश्नपत्रहरू सीमा पालनाका हिसाबले दोषरहित छन् भन्न सकिन्छ । सामान्यतया नेपाली भाषा विषयका १० वटा क्षेत्रहरू र १० वटा विधाहरूलाई आधार मानी प्रश्नपत्रहरू निर्मित छन् ।

### ४.१.१.२ पाठ्यक्रम तथा विशिष्टीकरण तालिकाका आधारमा

अङ्क विभाजन र समय निर्धारणलाई तालिका नं. १ र २ मा तुलना र विश्लेषण गर्न यहाँ आवश्यक ठानी तालिका भित्र विभिन्न विषय बुँदाहरूका आधारमा सोही अनुरूप गरिएको छ ।

तालिका नं. १

विषयवस्तुको सीमा र अङ्क विभाजन

| क्रसं | क्षेत्र | विधा | अङ्कभार (प्रतिशतमा) |
|---|---|---|---|
| १ | शब्द भण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वर्ण विन्यास | शुध्दीकरण | ५ |
| ३ | व्याकरण | शब्दवर्ग, कारक/विभक्ति, शब्द निर्माण, काल, पक्ष, भाव, वाच्य, वाक्य परिवर्तन, वाक्य संश्लेषण | १८ |

| | | | |
|---|---|---|---|
| ४ | बोध | अदृष्टांश रचनाबाट | ५ |
| ५ | बुँदा टिपोट/सारांश | कथा, निबन्ध, जीवनी आदिबाट दृष्टांश | ५ |
| ६ | निर्देशित रचना (अदृष्टांश) | कथा वा जीवनी लेखन | ५ |
| ७ | स्वतन्त्र रचना | क) निबन्ध<br>ख) चिठी, निवेदन, मनोवाद, संवाद, वादविवाद | १०<br>१० |
| ८ | व्याख्या/सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध, जीवनी | ५ |
| ९ | सङ्क्षिप्त उत्तर | कथा, कविता, निबन्ध, जीवनी, एकाङ्की | १५ |
| १० | विवेचनात्मक उत्तर | कथा, निबन्ध, जीवनी | १० |
| | | जम्मा | १०० |

स्रोत : माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४ : १८ ।

विषयवस्तुको सीमा र अङ्क विभाजनका क्रममा शब्दभण्डार क्षेत्रको शब्दार्थ र वाक्यमा प्रयोग तर्फ एकातर्फ 'क' मा ८ वटा शब्दहरू राखी अर्कोतर्फ 'ख' मा ११ वटा अर्थहरू दिइएकोलाई अध्ययन गर्दा समान रूपमा कठीन शब्दहरू रहेको पाइयो र प्रत्येक शब्दको अर्थ मिलेमा ०.५ अङ्क प्राप्त गर्ने देखियो । खालिठाउँ भर्ने शब्दहरू पनि ६ वटा वाक्यहरूमा प्रत्येकको ०.५ अङ्क निर्धारण भएको पाइयो । वाक्य प्रयोगमा उखान, टुक्का, पारिभाषिक शब्द, निपात, अनुकरणात्मक शब्दहरू प्रत्येकको प्रयोगमा १ अङ्क निर्धारण गरेको पाइयो । वर्णविन्यासमा वाक्यलाई शुद्ध पार्ने र शुद्ध शब्द छान्ने गरेर ५ अङ्क स्वभाविक निर्धारण गरिएको, व्याकरण तर्फ विशिष्टीकरण तालिका अनुसार नै १८ अङ्कलाई व्याकरणका ५ वटा पक्षहरू शब्दवर्गलाई २, कारक र विभक्तिलाई २, शब्द निर्माणलाई ४, काल र पक्षलाई ५, वाक्य परिवर्तनलाई ५ अङ्क छुट्याइएको पाइयो ।

बोधतर्फ अनुच्छेद दिई ५ वटा प्रश्नहरू प्रत्येकलाई १ अङ्कभार राखिएको र सारांश लेखनलाई समयको लगान र मुख्य सारबुँदाहरूका आधारमा ५ अङ्क राखिएको पाइयो । निर्देशित रचनाको कथा र जीवनी मध्ये कुनै एकको उत्तर राम्रो भएमा ५ अङ्क दिनु

स्वभाविक देखियो । व्यवहारिक लेखनको क्षेत्रमा व्यापारिक वा व्यक्तिगत वा निवेदन क्षेत्रमध्येबाट चिठ्ठी लेखाइ प्रत्येक विकासक्षेत्रमा फरक फरक सोधिए पनि अङ्कभार समान रूपले ५ अङ्क तोकिएको पाइयो ।

वादविवाद, मनोवाद, निबन्ध, प्रबन्ध, कथा, कविता, जीवनीबाट स्वतन्त्र लेखन, व्याख्या, प्रश्नोत्तर तथा विवेचनात्मक उत्तर लेखन तर्फ ४५ अङ्क निर्धारण समय अनुसार मिलाइएको पाइयो ।

प्रश्नपत्रहरूको निर्देशन, शब्द र स्तरमा थोरै सुधार गर्न आवश्यक देखिए तापनि माथिको तालिकाको आधारमा प्रश्नहरूको तुलनात्मक अध्ययन गर्दा प्रश्न र अङ्कभार पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुरूप नै भएकाले क्षेत्र र विधाको अङ्कभारले प्रश्नसँग उपयुक्त रूपमा सन्तुलन कायम गरेको देखिन्छ ।

**ग) समय निर्धारण**

प्रतिनिधि स्वरूपका पाँचवटा विकास क्षेत्रका सबै प्रश्नहरूको विशिष्टीकरण तालिकाको आधारमा तुलनात्मक रूपमा अध्ययन गर्दा प्रश्नपत्रमा समयलाई मिनटमा प्रश्न अनुरूप वितरण गरिएको छैन । समय ३ घण्टा लेखिएको छ । प्रश्नको अङ्कभार समग्र रूपमा हेर्दा प्रश्न र समय बीचको सापेक्षता सामान्यतया ठीक भएको तर लामो उत्तर र छोटो उत्तर आउने सबै प्रश्नहरूलाई अङ्क अनुसार समय तोक्न आवश्यक देखिन्छ किनकि अङ्कको पूर्णाङ्क दिइएको छ र समय भने ३ घण्टा (१८० मिनेट) दिइएको छ । यसरी अङ्क र मिनट बराबर मिल्ने अवस्था नभएकाले समय देखाउन आवश्यक देखिन्छ । यसो नगर्दा विद्यार्थीहरू समयको अन्योलमा पर्दछन् । त्यसैले समय र अङ्कभारको सन्तुलनको स्थिति त्यति राम्रो देखिँदैन । अर्थात् समयको विशिष्टीकरण राम्ररी गरिएको छैन ।

**४.१.१.२.१ प्रश्नपत्रमा प्रश्नहरूको क्रमिकता**

तालिका नं. १ मा उल्लेख भएको प्रश्नहरूको क्रम अनुसार नै प्रश्नहरूको क्रमिकता प्रश्नपत्रमा पाइन्छ । पाठ्यक्रम र विशिष्टीकरण तालिकामा देखाइएको प्रश्नहरूको क्रमिकतालाई उस्तै गरी अनुसरण गरिएको छ । यसरी विषयवस्तुको क्षेत्र र विधा देखाइएको उपयुक्त देखिन्छ ।

अन्तिममा लामा प्रश्न राख्दा प्रनं १ देखि नै उत्तर दिन चाहने विद्यार्थीहरूलाई पछाडि समय नपुग्न सक्ने खतरा त रहन्छ । यो परीक्षार्थीहरू सबैले अनुभव गरेको कुरा हो । जानेर पनि समय अभावमा बढी अङ्क आउने प्रश्न छुट्ने डरले विद्यार्थीहरू चिन्तित भई पिरोलिने स्थितिको सिर्जना हुने भित्रभित्रैको अवस्था रहे तापनि विशिष्टीकरण तालिका अनुसार नै शिक्षण र मूल्याङ्कनमा सरलबाट जटिलतिरको सूत्रअनुसार प्रश्नहरूको क्रमिकता राखिएको सुहाउँदो र उपयुक्त देखिन्छ ।

तालिका नं २

सरलबाट जटिलतिर प्रश्नहरूको क्रमिकता

| क्रसं | क्षेत्र | विधागत सम्बन्धित प्रश्नहरू | प्रश्नसङ्ख्या + अङ्कभार (प्रतिशतमा) |
|---|---|---|---|
| १ | शब्द भण्डार | शब्दार्थ र वाक्यमा प्रयोग सम्बन्धी | ३x४=१२ |
| २ | वर्ण विन्यास | शुध्दीकरण सम्बन्धी | १x५=५ |
| ३ | व्याकरण | शब्दवर्ग, कारक/विभक्ति, शब्द निर्माण, काल, पक्ष, भाव, वाच्य, वाक्य परिवर्तन, वाक्य संश्लेषण सम्बन्धी | १२x१=१२<br>१२x०.५=६ |
| ४ | बोध (अदृष्टांश) | कथा, जीवनी आदि सम्बन्धी | १x५=५ |
| ५ | बुँदा टिपोट/सारांश | कथा, निबन्ध, जीवनी आदि सम्बन्धी | १x५=५ |
| ६ | निर्देशित रचना (अदृष्टांश) | कथा वा जीवनी लेखन सम्बन्धी | १x५=५ |
| ७ | स्वतन्त्र रचना | क) निबन्ध सम्बन्धी<br>ख) चिठी, निवेदन, मनोवाद, संवाद, वादविवाद सम्बन्धी | १x१०=१०<br>१x१०=१० |
| ८ | व्याख्या/सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध, जीवनी सम्बन्धी | १x५=५ |
| ९ | सङ्क्षिप्त उत्तर | कथा, कविता, निबन्ध, जीवनी, एकाङ्की सम्बन्धी | ३x५=१५ |
| १० | विवेचनात्मक उत्तर आउने | कथा, निबन्ध, जीवनी सम्बन्धी | १x१०=१० |
| | | जम्मा | १०० |

माथि तालिकामा उल्लेख भएका प्रश्नहरूको क्रमिकतालाई हेर्दा विशिष्टीकरण तालिकाकै आधारमा सरलबाट जटिलतिरको क्रममा प्रश्नपत्र निर्माण भएको देखिन्छ । प्रस्तुत अध्ययनमा लिइएका नमुना प्रश्नपत्रहरू पाँच सेटकै स्वरुप समान देखिन्छ । प्रश्नहरू ज्ञान, बोध, व्यवहारिक सीप र उच्च दक्षता सम्बन्धी विशिष्टीकरण तालिका अनुसार नै सोधिएको पाइन्छ ।

### ४.१.१.३ भाषिक सीप पक्षहरूको परीक्षणका आधारमा

वास्तवमा भाषा विषय सम्बन्धी परीक्षण भन्नु नै भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को परीक्षण र मूल्याङ्कन भन्नु हो । परम्परागत दृष्टिमा मूल्याङ्कन केवल लेखाइ कार्यबाट मात्र हुने गरेको र अन्य तीन पक्षलाई उपेक्षा गरिएको थियो तर हाल भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई तहगत आधार बनाएर मूल्याङ्कन गर्ने प्रचलन आइसकेको छ । सामान्यतय तल्लो तहमा सुनाइ र बोलाइलाई विशेष ध्यान दिई माथिल्लो तहमा पढाइ र लेखाइलाई बढी अङ्कभार दिई समय पनि त्यसरी नै बाँडिएको पाइन्छ । खास गरेर भाषा शिक्षणमा विषयवस्तुको शिक्षणलाई जोड दिइँदैन । यसर्थ भाषा शिक्षणमा शिक्षार्थीमा भाषिक सीपको विकास भए नभएको मूल्याङ्कन गर्नुपर्छ (भण्डारी, २०६८ : ११) । भाषिक प्रश्नको निर्माण गर्दा सबै भाषिक पक्षहरूलाई समेट्न सक्नुपर्छ । माध्यमिक शिक्षा पाठ्यक्रम अनुसार माध्यमिक तहमा पढाइ र लेखाइ सीप बढी प्रभावकारी हुने र भाषाका सुनाइ, बोलाइ, उच्चारण, वाचन जस्ता सीपहरूको मूल्याङ्कन कक्षा शिक्षणकै क्रममा शिक्षकले निर्माणात्मक मूल्याङ्कन अन्तर्गत गर्नु पर्दछ भनिएको छ । भाषिक सीपका पक्ष अन्तर्गत पढाइ, लेखाइ सीप, शब्द भण्डार क्षमता, वर्ण विन्यास वा शुद्धाशुद्ध सीप जस्ता व्याकरणात्मक सीप परीक्षणहरू पर्दछन् । यस्ता भाषिक सीपहरूको संयोजन र सन्तुलन एसएलसी परीक्षा २०७० मा ५ विकास क्षेत्रमा सोधिएका प्रश्नपत्रहरूको तुलनात्मक रूपमा विभिन्न तालिका बनाई यहाँ प्रस्तुत गरिएको छ ।

### क) विशुद्ध पढाइ सीप परीक्षण र अङ्कभार

माध्यमिक शिक्षा पाठ्यक्रमले विशुद्ध पढाइ सीपको परीक्षण गर्न पाठगत विभिन्न विधाहरू समावेश गरेको छ । पढाइ सीप लेख्य सामग्री उच्चारण गर्न मात्र नभई उच्चारित सामग्रीबाट अर्थबोध गर्ने तथा लिपिबद्ध ज्ञान एवम् सूचनालाई मस्तिष्कमा सङ्गठित गर्ने क्षमता भएकाले त्यस्ता प्रतिनिधिमूलक प्रश्नहरूको अध्ययन गरिएको छ । परीक्षणीय दृष्टिले

भाषिक सीप मध्येको प्रमुख एक सीप पढाइ सीप पनि हो । प्रतिनिधि प्रश्नहरूमा पढाइ सीपको परीक्षण गर्ने पाठगत र पठनबोध प्रश्नहरू रहेका छन् जसको अध्ययनको नतिजा निम्नलिखित तालिकामा देखाइए अनुसार पाइएको छ -

तालिका नं ३

विशुद्ध पढाइ सीप परीक्षण र अङ्कभार

| क्रसं | प्रश्नपत्र | पू | उ | सं उत्तरात्मक प्रश्न | | | | पठनबोध | | | | उ दिनुपर्ने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जप्र | उदिप्र | अभा | जअभा | जप्र | उदिप्र | अभा | जअभा | प्रसं | अभा |
| १ | पूर्वाञ्चल | १०० | ३२ | ४ | ३ | ५ | १५ | ५ | ५ | १ | ५ | ८ | २० |
| २ | मध्यमाञ्चल | १०० | ३२ | ४ | ३ | ५ | १५ | ५ | ५ | १ | ५ | ८ | २० |
| ३ | पश्चिमाञ्चल | १०० | ३२ | ४ | ३ | ५ | १५ | ५ | ५ | १ | ५ | ८ | २० |
| ४ | मध्य पश्चिमाञ्चल | १०० | ३२ | ४ | ३ | ५ | १५ | ५ | ५ | १ | ५ | ८ | २० |
| ५ | सुदूर पश्चिमाञ्चल | १०० | ३२ | ४ | ३ | ५ | १५ | ५ | ५ | १ | ५ | ८ | २० |

विशुद्ध पढाइ सीप परीक्षण र अङ्कभारको माथिको तालिका सम्बन्धित विशिष्टीकरण तालिका अनुरुप पढाइ सीपको परीक्षण गर्न खास गरेर प्रश्न नं. ११ देखि १८ सम्ममा अध्ययन गर्दा माथि दिइएको अङ्कभारहरू पाँच विकास क्षेत्रमा उही पाइए पनि कथा लेख्न दिइएको निर्देशित वाक्यहरू पढ्दा पूर्वाञ्चल विकास क्षेत्र र मध्यमाञ्चल विकास क्षेत्रका प्रश्नपत्रमा 'नु' क्रियान्त दिइएको र जीवनी कठीन भएको, पश्चिमाञ्चल विकास क्षेत्रको सोही क्षेत्रको प्रश्नमा कथा भित्र खालिठाउँ पारिएको, मध्यपश्चिमाञ्चल विकास क्षेत्र र सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको प्रश्नमा 'एको' क्रियान्त शब्द र खालिठाउँ दुवै दिएको विश्लेषण र अध्ययन गर्दा पाइएको समान स्वरूपमा प्रश्नहरू अलि नभएको जस्तो देखियो । यसो हुँदा पूर्वाञ्चल विकास क्षेत्रभन्दा पश्चिमाञ्चल विकास क्षेत्रका नेपाली भाषा बोलाइको अन्तरले गर्दा प्रश्न बुझाइ र भाषा पढाइ सीपमा सजिलो हुनेगरी प्रश्नहरू निर्माण गर्न आवश्यक देखिन्छ ।

प्रश्न निर्माणका दृष्टिले हेर्दा प्रस्तुत तालिकामा प्रतिनिधि प्रश्नपत्रमा २०७० सालमा सोधिएका प्रश्नहरूमध्येका सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू ४/४ ओटा र पाठगत प्रश्नहरू अनुच्छेद सहित ५/५ ओटा समेत जम्मा प्रश्नहरू ९ ओटा र उत्तर दिनुपर्ने प्रश्नहरू चाहिँ निर्देशन अनुसार जम्मा ८ ओटा प्रत्येक पाँच विकास क्षेत्रका लागि फरक फरक निर्माण गरेको उपयुक्त भएको पाइन्छ ।

**ख) विशुद्ध लेखाइ सीप परीक्षण र अङ्कभार**

लेखाइ सीप भनेको कुनै पनि तथ्य कुरालाई लिखित रचनाका माध्यमबाट स्पष्ट अभिव्यक्ति गर्नु हो । विशुद्ध लेखाइ सीप परीक्षण गर्न स्वतन्त्र रचना अन्तर्गतका निबन्ध, चिठी, निवेदन, मनोवाद, संवाद, वादविवाद लेखन सम्बन्धी प्रश्न तथा निश्चित बुँदाहरू दिई सोही आधारमा कथा जीवनी लेखन समेत लेखाइ सीप अन्तर्गत पर्दछन् । पाठ्यक्रम तथा पाठ्यपुस्तकमा राखिएका निबन्ध, प्रबन्ध, चिठी, दैनिकी, कथा, जीवनी आदि विधाबाट पढाइ सीपको उद्देश्य राखिए तापनि उक्त विधाहरूको मुख्य प्रयोग चाहिँ लेखाइ सीपको विकास गराउनु हो । विशुद्ध लेखाइ सीपका लागि ५ विकास क्षेत्रमा नै एकै प्रकारले प्रश्न निर्माण गरिएको कुरा तलको तालिकामा देखाइ प्रष्ट पारिएको छ -

तालिका नं ४

विशुद्ध लेखाइ सीप परीक्षण र अङ्कभार

| क्रसं | नि. रचना (कथा, जीवनी) | | स्वतन्त्र रचना | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | निबन्ध | | चिठी, निवेदन | | वादविवाद | | मनोवाद/संवाद | | | |
| | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा |
| १ | ३ | ५ | ४ | १० | १ | ५ | १ | ५ | १ | ५ | ८ | २५ |
| २ | ३ | ५ | ४ | १० | १ | ५ | १ | ५ | १ | ५ | ८ | २५ |
| ३ | ३ | ५ | ४ | १० | १ | ५ | १ | ५ | १ | ५ | ८ | २५ |
| ४ | ३ | ५ | ४ | १० | १ | ५ | १ | ५ | १ | ५ | ८ | २५ |
| ५ | ३ | ५ | ४ | १० | १ | ५ | १ | ५ | १ | ५ | ८ | २५ |

माथि तालिकामा क्रसंले क्रमशः तालिका नं ३ अनुसार नै ५ विकास क्षेत्रलाई सङ्केत गरिएको छ । उक्त तालिकामा वादविवाद, मनोवाद/संवादका १/१ गरेर २ ओटा प्रश्न मध्ये पनि १ ओटा गर्न पाइने भएकाले वैकल्पिक रूपमा ५ विकास क्षेत्रहरूमा ३ ओटा विधामध्ये कुनै २ ओटालाई फरक फरक रूपमा समेटिएको पाइन्छ । त्यसैगरी विशुद्ध लेखाइ सीप परीक्षणका लागि नियन्त्रित वा निर्देशित रचना अन्तर्गत कथा वा जीवनी लेखनका निम्ति ५ अङ्क, स्वतन्त्र रचना अन्तर्गत निबन्ध लेखनका निम्ति १० अङ्क, विकल्प प्रश्नका रूपमा वादविवाद, संवाद र मनोवादका निम्ति ५ अङ्क गरी जम्मा २५ अङ्क विभाजनलाई गहिरो अध्ययन गर्दा भने लेखाइ सीपका अन्य पक्षहरू जस्तै नियात्रा, प्रतिवेदन, विज्ञापन आदि जुन वर्तमान व्यवहारमा बढी प्रयोग हुन्छन् तिनीहरूलाई समेट्न पाठ्यक्रम, विशिष्टीकरण तालिका तथा प्रश्न निर्माताले समेत नसकेको जस्तो देखिन्छ ।

### ग) पढाइ लेखाइ एकीकृत सीप परीक्षण र अङ्कभार

शिक्षार्थीहरूले प्राप्त गरेको माथिको विशुद्ध पढाइ सीपका अतिरिक्त पढाइ र लेखाइ सीपका एकीकृत सीप परीक्षण हुने किसिमका प्रश्नहरू पनि प्रतिनिधि प्रश्नहरूमा देखिएको छ । अनिवार्य नेपाली विषयका पाँचै विकास क्षेत्रका प्रश्नहरूलाई निम्न तालिकामा देखाई सो का मुनि प्रष्ट पार्न विश्लेषण गरिएको छ -

तालिका नं ५

पढाइ लेखाइ एकीकृत सीप परीक्षण र अङ्कभार

| क्रसं | प्रश्नपत्र | पू | उ | लामो उत्तरात्मक | | सङ्क्षिप्त उ. | | सारांश लेखन | | सप्रसङ्ग व्याख्यात्मक | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा |
| १ | पूर्वाञ्चल | १०० | ३२ | ३ | १० | ४ | १५ | १ | ५ | ३ | ५ | ११ | ३५ |
| २ | मध्यमाञ्चल | १०० | ३२ | ३ | १० | ४ | १५ | १ | ५ | ३ | ५ | ११ | ३५ |
| ३ | पश्चिमाञ्चल | १०० | ३२ | ३ | १० | ४ | १५ | १ | ५ | ३ | ५ | ११ | ३५ |
| ४ | मध्य पश्चिमाञ्चल | १०० | ३२ | ३ | १० | ४ | १५ | १ | ५ | ३ | ५ | ११ | ३५ |
| ५ | सुदूर पश्चिमाञ्चल | १०० | ३२ | ३ | १० | ४ | १५ | १ | ५ | ३ | ५ | ११ | ३५ |

उपर्युक्त तालिकामा दिइएको प्रतिनिधि प्रश्नहरूको तथ्यपूर्ण विवरणलाई प्रष्ट पार्दा विवेचनात्मक प्रश्न, सङ्क्षिप्त प्रश्न, सारांश वा बुँदाटिपोट प्रश्न, स्वतन्त्र लेखन प्रश्न र व्याख्यात्मक प्रश्नहरू प्रत्येकका लागि विकल्प प्रश्न दिइएको छ तर बोध प्रश्नका लागि भने विकल्प प्रश्न दिइएको पाइँदैन । २०७० सालका उक्त प्रश्नहरूलाई हेर्दा प्रश्नहरूमा पढाइ र लेखाइ सीपको एकीकृत परीक्षण गर्ने प्रश्नहरू निर्माण गरेको देखिन्छ । लामो उत्तर आउने विवेचनात्मक प्रश्नका निम्तिमात्र विकल्प सहित १० अङ्कभार, सङ्क्षिप्त उत्तर आउने प्रश्नका निम्ति विकल्प सहित १५ अङ्कभार, सारांश लेखन प्रश्नका निम्ति विकल्प सहित ५ अङ्कभार, सप्रसङ्ग व्याख्यात्मक प्रश्नका निम्ति विकल्प सहित ५ अङ्कभार छुट्याइएको देखिन्छ । पाँचै विकास क्षेत्रमा पढाइ लेखाइ एकीकृत सीप परीक्षणका लागि जम्मा ३५ अङ्कभार छुट्याइएको पाइन्छ ।

### घ) भाषातत्त्व सीप परीक्षण र अङ्क निर्धारण

भाषातत्त्व वा व्याकरणात्मक सीप भन्नाले सैद्धान्तिक ज्ञानलाई भन्दा भाषिक शुद्धता सम्बन्धी प्रयोगलाई जोड दिने सीप बुझिन्छ । अथवा भाषालाई ठीक, बेठिक, शुद्ध अशुद्धको ज्ञान गराउने शास्त्रलाई नै व्याकरण भनिने हुँदा यो प्रयोग पक्षीय हुनु जरुरी हुन्छ । व्याकरणिक कुशलताको परीक्षणमा शुद्धीकरणको सन्तुलित रूपमा प्रयोग हुनुपर्छ । माध्यमिक शिक्षा पाठ्यक्रम (२०६४) मा कक्षा १० का निम्ति व्याकरण क्षेत्र अन्तर्गत ९ ओटा पक्षहरू समावेश गरिएको छ र त्यसको अङ्कभार १८ कायम गरिएको छ । सुनाइ बोलाइका लागि व्याकरणिक सीप परीक्षण कक्षागत सिकाइका अङ्गका रूपमा लिइएको छ । भाषा तथा व्याकरण शिक्षणका लागि विधागत शिक्षणकै क्रममा एकीकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ (पाठ्यक्रम विकास केन्द्र, माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४) । व्याकरणले पाएको अङ्कको वितरण पाँचै विकास क्षेत्रका प्रतिनिधि प्रश्न २०७० का प्रश्नहरूको अध्ययन गर्दा खास गरेर शब्द भण्डार र वर्ण विन्यासलाई बेग्लै क्षेत्र र विधामा राखी बाँकी ९ ओटा पक्षलाई मिलाएर शब्दवर्गलाई ४ अङ्क, शब्द निर्माण र समास वा विग्रहलाई ४ अङ्क, कारक विभक्ति, काल, पक्ष र भावलाई ५ अङ्क, वाच्य, वाक्य परिवर्तन र वाक्य संस्लेषणलाई ५ अङ्क छुट्याइएको छ । पाठ्यक्रम र विशिष्टीकरण तालिकाका आधारसँग भाषातत्त्व वा व्याकरणात्मक सीप परीक्षणका निम्ति प्रश्न संयोजनमा सन्तुलन राम्रो भएको पाइन्छ ।

**ङ) शब्दभण्डार क्षमता र परीक्षण**

खास गरेर शब्दभण्डार क्षमता भित्र विशिष्टीकरण तालिकाले निर्देश गरे अनुसार अर्थ लेखन, शब्द ज्ञान र वाक्यमा प्रयोगलाई समावेश गरिएको साथै अर्थपहिचानमा पाठमा प्रयोग भएका कुनै आठओटा (तत्सम, तद्भव र आगन्तुक) शब्दको अर्थ लेख्न दिइएको छ । शब्दज्ञानमा पर्यायवाची शब्द, अनेकार्थी शब्द, विपरीतार्थी शब्द, श्रुतिसम भिन्नार्थी शब्द, साथै उखान, टुक्का, निपात, अनुकरणात्मक शब्द र पारिभाषिक शब्दको ज्ञान गराउने गरी निम्न तालिका अनुसार गरिएको छ –

तालिका नं. ६

शब्दभण्डार क्षमता र परीक्षण

| | | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल |
|---|---|---|---|---|---|---|
| अर्थ पहिचान | प्रसं | ८ | ८ | ८ | ८ | ८ |
| | अङ्कभार | ४ | ४ | ४ | ४ | ४ |
| अनेकार्थी | प्रसं | १ | १ | १ | १ | १ |
| | अङ्कभार | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| पर्यायवाची | प्रसं | २ | २ | २ | २ | २ |
| | अङ्कभार | १ | १ | १ | १ | १ |
| श्रुतिसम–भिन्नार्थी | प्रसं | १ | १ | १ | १ | १ |
| | अङ्कभार | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| विपरीतार्थी | प्रसं | १ | १ | १ | १ | १ |
| | अङ्कभार | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| उखान, टुक्का | प्रसं | ५ | ५ | ५ | ५ | ५ |
| | अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| अन्य | प्रसं | १ | १ | १ | १ | १ |
| | अङ्कभार | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ |
| जम्मा अङ्क | | १२ | १२ | १२ | १२ | १२ |

उपर्युक्त तालिका अनुसार प्रतिनिधि प्रश्नपत्र २०७० मा शब्दभण्डार क्षमताको परीक्षण गर्न सबै प्रश्नपत्रहरूको प्रश्न नं १ मा समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी लेख्नुहोस् भन्ने शीर्षकमा 'क' तर्फ ८ वटा शब्दहरू र 'ख' तर्फ ११ वटा अर्थहरू दिइएको छ । त्यसपछि प्रश्न नं २ मा खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् भन्ने शीर्षकमा वाक्यभित्र एक ठाउँ डट डट डट दिई वाक्यको अन्त्यमा कोष्ठक भित्र तीन तीन वटा शब्दहरू दिइएको पाइन्छ । यसै शीर्षकभित्र विपरीतार्थी शब्द, अनेकार्थी शब्द, पर्यायवाची शब्द, समानार्थी, श्रुतिसमभिन्नार्थी शब्दहरू छुट्याई भर्नुपर्ने ६ वटा प्रश्नहरू दिइएको छ । प्रश्न नं ३ मा पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्दहरू (अनुकरणात्मक शब्द, पारिभाषिक शब्द, उखान टुक्का र अन्य शब्द समेत पर्नेगरी) पाँचवटा शब्द दिई वाक्यमा प्रयोग गर्न लगाइएको पाइन्छ । दिइएका शब्दहरू हेर्दा एउटा विकास क्षेत्रको प्रश्नको शब्द अर्को विकास क्षेत्रको प्रश्नसँग नमिल्ने गरी छानिएको पाइन्छ । यसप्रकार माथि जम्मा अङ्कको मुनि राखिएको कूल अङ्कभार १२ राखी शब्दभण्डार क्षमताको परीक्षण विशिष्टीकरण तालिका र माध्यमिक शिक्षा पाठ्यक्रममा छुट्याइएको प्रश्नको प्रतिशत अनुरूप नै पूरा गरिएको देखिन्छ ।

### च) व्यावहारिक सीप परीक्षण र अङ्कभार

जीवनोपयोगी शिक्षाको उद्देश्य पूरा गर्न प्रश्नले दैनिक जीवनका समस्याको जानकारीलाई समेट्न सक्नुपर्छ । विद्यार्थीहरूको दैनिक जीवनमा व्यावहारिकता नजिक भएका प्रश्नहरूले विद्यार्थीहरूको क्षमता विकासमा प्रोत्साहन गर्ने हुँदा माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ अन्तर्गत नेपाली विषयको विशिष्टीकरण तालिका निर्माण गर्दा विभिन्न व्यवहारिक सीपको परीक्षण गर्ने व्यवस्था गरिएको छ । ती आधारभूत सीपहरूलाई निम्न तालिकामा देखाइए अनुसार एसएलसी परीक्षा २०७० का प्रतिनिधिमूलक प्रश्नहरूमा पाइन्छ ।

तालिका नं ७

व्यावहारिक सीप परीक्षण र अङ्कभार

| | | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल |
|---|---|---|---|---|---|---|
| वाक्यमा प्रयोग | प्रसं | १ | १ | १ | १ | १ |
| | अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| शुद्धीकरण | प्रसं | १ | १ | १ | १ | १ |
| | अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| शब्दवर्ग | प्रसं | १ | १ | १ | १ | १ |
| | अङ्कभार | ४ | ४ | ४ | ४ | ४ |
| शब्द निर्माण | प्रसं | १ | १ | १ | १ | १ |
| | अङ्कभार | ४ | ४ | ४ | ४ | ४ |
| काल र पक्ष | प्रसं | १ | १ | १ | १ | १ |
| | अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| वाक्य परिवर्तन | प्रसं | १ | १ | १ | १ | १ |
| | अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| चिठी | प्रसं | १ | १ | १ | १ | १ |
| | अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| जम्मा | प्रसं | ७ | ७ | ७ | ७ | ७ |
| | अङ्कभार | ३३ | ३३ | ३३ | ३३ | ३३ |

उक्त तालिकामा देखाइए अनुसार पाँचै विकास क्षेत्रका प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा वाक्यनिर्माण सीप, शुद्ध नेपाली वाक्य बोल्ने, लेख्ने सीप, शब्दहरूको अध्ययन, निर्माण र प्रयोग सीप, समय वा काल र पक्षका आधारमा वाक्य बोल्न लेख्न सक्ने सीप, कसैको बोलीलाई अरूसम्म भाषा मिलाई सम्प्रेषण गर्ने सीप, प्रश्नबोधक, विस्मयाबोधक आदि वाक्यहरू राम्ररी पढ्ने, बोल्ने, लेख्ने सीप र विभिन्न प्रकारका चिठीहरू

लेख्ने सीपको परीक्षण गर्न उपयुक्त ढङ्गले प्रश्न निर्माण गरिएको देखिन्छ । माथि अनुरुपका प्रश्नमा विभिन्न शब्द दिई आधारभूत वाक्यहरूमा प्रयोग गर्न दिइएको, एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्नेगरी वर्णविन्यास आठओटा र लेख्यचिह्न दुईओटा पर्नेगरी दशवटा अशुद्धि भएको गद्यांश दिई शुद्ध गर्न लगाइएको, चारओटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी छुट्याउन लगाइएको, दिइएको अनुच्छेद वा वाक्यबाट रेखाङ्कित पदहरूको कारक वा विभक्ति छुट्याउन लगाइएको, काल र पक्षबाट ५ वटा धातु सङ्केत गरी पाँचवटा वाक्यका खाली ठाउँमा भर्न लगाइएको, वाच्य पनि सामान्यार्थ मात्र साथै करण, अकरण, लिङ्ग, वचन र पुरुषबाट वाक्य दिई परिवर्तन गर्न लगाइएको छ । यसरी दिइएका विभिन्न सीप परीक्षणमा प्रश्न र अङ्कभार हेर्दा पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुरुप भएकाले विधाको अङ्कभार र प्रश्नसँगको सन्तुलन मिल्दो रूपमा प्रश्नहरू निर्माण भएको पाइन्छ ।

**छ) उच्च दक्षता परीक्षण र अङ्कभार**

आधारभूत सामान्य सीपहरूभन्दा उच्च दक्षताको सीप विद्यार्थीहरूमा क्रमशः विकास भई स्थिर वा दिगो क्षमता देखिन्छ । जसरी सामान्य पढाइ भनेको लेख्य सामग्री उच्चारण गर्नु हो भने उच्च पढाइ क्षमता भन्नाले उच्चारण गर्नु र पढ्नु मात्र नभई उच्चारित सामग्रीबाट अर्थबोध गर्ने तथा लिपिबद्ध ज्ञान एवम् सूचनालाई मस्तिष्कमा सङ्ग्रहित गर्ने र आवश्यक पर्दा प्रस्तुति गर्ने वा बाहिर निकाल्ने समेत क्षमता हो । परीक्षणीय दृष्टिले भाषिक सीपहरू मध्येका पढाइ र लेखाइ सीप उच्च क्षमतामा लिन सकिन्छ । यी सीपहरू सुनाइ, बोलाइ भन्दा माथिल्ला सीपहरू हुन् । यिनीहरूको विकासबाट भाषा ग्रहण र प्रदान गर्न सक्षम हुने हुनाले प्रतिनिधि प्रश्नहरूमा पढाइ, लेखाइ सीपको परीक्षण गर्ने पाठगत र बोध प्रश्नहरू रहेका छन् जसको अध्ययन पाँच विकास क्षेत्रका प्रतिनिधि प्रश्नपत्रहरूलाई निम्न लिखित तालिकामा देखाएर गर्न सकिन्छ –

तालिका नं. ८

उच्च दक्षता परीक्षण र अङ्कभार

| प्रश्न | | | पूर्वाञ्चल | मध्यमाञ्चल | पशिचमाञ्चल | मध्य प | सुदूर प |
|---|---|---|---|---|---|---|---|
| संश्लेषण क्षमता | सारांश लेखन | प्रसं | १ | १ | १ | १ | १ |
| | | अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| निर्देशित रचना क्षमता | कथा वा जीवनी लेखन | प्रसं | ३ | ३ | ३ | ३ | ३ |
| | | अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| व्याख्यात्मक रचना क्षमता | कथा, कविता, निबन्ध, जीवनी लेखन | प्रसं | ३ | ३ | ३ | ३ | ३ |
| | | अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| स्वतन्त्र रचना क्षमता | वादविवाद, मनोवाद, संवाद, चिठी, निबन्ध रचना | प्रसं | ३ | ३ | ३ | ३ | ३ |
| | | अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| | | प्रसं | ३ | ३ | ३ | ३ | ३ |
| | | अङ्कभार | १० | १० | १० | १० | १० |
| संक्षिप्त प्रश्नोत्तर क्षमता | कविता, निबन्ध र जीवनी | प्रसं | १ | १ | १ | १ | १ |
| | | अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| विवेचनात्मक उत्तर क्षमता | कथा, कविता, निबन्ध र जीवनी | प्रसं | ३ | ३ | ३ | ३ | ३ |
| | | अङ्कभार | १० | १० | १० | १० | १० |
| जम्मा अंकभार | | | ४५ | ४५ | ४५ | ४५ | ४५ |

माथि प्रस्तुत गरिएको तालिकामा २०७० सालमा सोधिएका प्रतिनिधि प्रश्नहरूमा उच्च क्षमता परीक्षणका निम्ति संश्लेषण क्षमता जाँच्न प्रश्न नं १० मा गद्यांशबाट चारओटा बुँदा टिपी सारांश लेख्न निर्देशन गरिएको छ । निर्देशित रचना क्षमताको परीक्षण गर्न प्रश्न नं ११ मा 'क' र 'ख' मा कथा वा जीवनी मध्ये कुनै एउटा लेख्न दिइएको छ । व्याख्यात्मक रचना क्षमताको नाप गर्नका लागि प्रश्न नं १५ मा 'क' र 'ख' मा गद्यांश र पद्यांश दिई कुनै एकको सप्रसङ्ग व्याख्या गर्न दिइएको छ । यसरी नै स्वतन्त्र रचना क्षमताको जाँच गर्न प्रश्न नं १२, १३ र १४ मा क्रमशः चिठी, मनोवाद, वादविवाद, संवाद र निबन्ध लेख्न निर्देशन र उपयुक्त शीर्षकहरू दिइएको छ । सङ्क्षिप्त उत्तर लेख्न प्रश्न नं.

१५ र १६ मा अध्ययन गरिएका कथा, कविता, निबन्ध र जीवनीबाट सोधिएको छ । विवेचनात्मक उत्तर लेखन क्षमताको जाँच गर्न प्रश्न नं १८ मा 'क' र 'ख' २ वटा प्रश्न सोधी कुनै एकको उत्तर लेख्न भनिएको छ ।

यसरी दक्षता परीक्षणका निम्ति १५० शब्दसम्मको गद्यांश दिई सारांश लेख्न लगाइएकोमा ५ अङ्कभार वादविवाद, संवाद र मनोवाद मध्येबाट १ गर्ने र त्यसको अङ्कभार ५, आत्मपरक र वस्तुपरक दुईवटा पर्ने गरी कुनै ३ शीर्षक दिई ती मध्ये कुनै एक शीर्षकमा २०० शब्द नघटाई लेख्न लगाइएको निबन्धको अङ्कभार १०, कविताको प्रतिनिधित्व अनिवार्य हुने भएकाले कुनै २ प्रश्नबाट १ को व्याख्या गर्न लगाइएकोमा व्याख्याका लागि अङ्कभार १० र विवेचनात्मक उत्तर लेख्न लगाइएकोमा १० अङ्कभार निर्धारण गरी उच्च दक्षता परीक्षण तर्फ जम्मा अङ्कभार ४५ कायम गरेको पाइन्छ ।

### ४.१.१.४ प्रश्नमा हुनुपर्ने गुण

स्तरीय र विद्यार्थीको क्षमता सुहाउँदो प्रश्न निर्माण गर्न प्रश्नमा हुनुपर्ने गुणको समायोजन उचित तवरले हुन आवश्यक हुन्छ र यसो भएमा मात्र गुणस्तरमा वृद्धि हुन्छ । प्रश्नमा हुनुपर्ने प्रचलनमा देखिएका गुणहरूमा वैधता, विश्वसनीयता, विभेदकारिता र व्यवहारिकता आदि पक्षहरू रहेका छन् । यस्ता गुणहरूलाई आधार मानेर प्रतिनिधि प्रश्नहरूको अध्ययन, विश्लेषण यहाँ गरिएको छ ।

#### क) विश्वसनीयता

विश्वसनीयता भन्नाले मापनको स्थिरतालाई जनाउँछ अर्थात् यसले परीक्षणको प्राप्ताङ्क वा मूल्याङ्कनको परिणाम एउटा मापनबाट अर्को मापनबिच कुन हदसम्म स्थिरता छ भन्ने कुरालाई जनाउँछ । जबसम्म मापनले विभिन्न समयमा मापन गर्दा वा विभिन्न व्यक्तिहरूले एउटै उत्तर पुस्तिका परीक्षण गर्दा एवम् विभिन्न समान खालको प्रश्नपत्रहरू प्रयोग गर्दा स्थिर परिणाम देखाउँछ भने परिणाममा विश्वस्त हुन सकिन्छ । अर्थात् कुनै पनि उपलब्धिको मापन गर्दा जति उपलब्धि विद्यार्थीहरूमा छ त्यति नै उपलब्धि परीक्षणको परिणामले स्थिर रूपमा प्रदर्शन गर्नुपर्छ ।

तर कुनै पनि मूल्याङ्कनको परिणाम पूर्णरूपमा स्थिर हुन्छ भन्ने अपेक्षा भने गर्न सकिँदैन किनभने जुन कुरा वा गुण मापन गर्ने हो, त्यसको परिणाममा विभिन्न तत्त्वहरूले

प्रभाव पारेको हुन्छ । यसरी विभिन्न तत्त्वहरूको कारणले मापनका त्रुटिहरू हुन सक्छन् र मापन र मूल्याङ्कन विश्वसनीय नहुन सक्छ । सामान्य रूपमा विभिन्न मापनका साधनहरूको प्रयोग गर्दा मूल्याङ्कनको परिणाम जति बढी स्थिर हुन्छ त्यति नै त्रुटि कम हुन्छ र विश्वसनीयता बढी हुन्छ (जबरा र अन्य, २०६७ : ९४) ।

**ख) वैधता**

यो वैधता पनि प्रश्नमा हुनुपर्ने गुण हो जसले प्रश्नको औचित्यलाई प्रष्ट पार्छ । जुनसुकै रूपमा परीक्षणलाई प्रयोग गरे तापनि परीक्षणमा वैधता हुनुपर्छ । वैधता परीक्षण परिणामको व्याख्या र उपयोग पर्याप्त र उपयुक्तताको मूल्याङ्कन हो । यस अर्थमा वैधता उद्देश्यसँग सम्बन्धित छ । जुन उद्देश्यका लागि परीक्षणको निर्माण गरिएको छ । परीक्षणको परिमाण उद्देश्य अनुसार पर्याप्त उपयुक्त रूपमा व्याख्या र उपयोग गर्न सकिन्छ भने मात्र परीक्षण मानिन्छ । वैधताले परीक्षण परिमाणको व्याख्या र उपयोगमा पनि दुरगामी प्रभावलाई समेत समेट्छ (जबरा र अन्य, २०६७ : १२३) ।

प्रश्नलाई वैध बनाउन, पाठ्यक्रमका राष्ट्रिय वा तहगत उद्देश्यहरूलाई पनि उचित ख्याल गरिनु पर्दछ । प्रश्नमा सोधिएका कुरालाई त्रुटिरहित र पारदर्शी ढङ्गले परीक्षण गर्ने गुण कक्षा १० को पाठ्यक्रममा आधारित रही २०६४ मा निर्माण गरिएको विशिष्टीकरण तालिकाले निर्दिष्ट गरेको व्याकरणात्मक पक्षसँग सन्तुलन मिलाइएको देखिन्छ । प्रतिनिधि प्रश्नहरू वैधतामा आधारित रहेको देखिन्छ । वैधताका प्रकारहरूका आधारमा आधारित रहेर प्रश्नहरूलाई वैधतामा रहेको र अवैध रहेको तुलना गर्न सकिन्छ ।

**अ) विषयगत वैधता**

यदि परीक्षणले प्रतिनिधित्व गर्ने कार्यहरूको क्षेत्र अन्तर्गत विद्यार्थीहरूले कति सम्म कार्य सम्पादन गर्न सक्छन् भन्ने व्याख्या विश्लेषण गर्नका लागि विषयवस्तु प्रतिको चिन्तन बढी महत्त्वपूर्ण हुन्छ र यसरी विषयगत वैधता निर्धारण गर्दा उपलब्धि मापनका लागि आवश्यक पर्ने शैक्षणिक रूपमा सान्दर्भिक कार्यहरूको क्षेत्र स्पष्ट गरी उद्देश्यका आधारमा कुन विषयवस्तुलाई के कति महत्त्व दिने भन्ने कुराको स्पष्ट गरेर प्रतिनिधिमूलक परीक्षणका प्रश्नहरू निर्माण र छनोट गर्नुपर्दछ (जबरा र अन्य, २०६७ : १२३) ।

यसै अनुसारका विषयगत वैधतामा स्तर अनुसारका प्रश्नमा शुद्धता, सरलता, भाषा पाठ्यक्रमलाई समेटेको र पाठ्यांश र अङ्कभारको अनुपात समान जस्ता कुरालाई आधार मानी २०७० का प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा विशिष्टीकरण तालिका अनुसार नै तयार गरेको देखिन्छ ।

**आ) रचनात्मक वैधता**

प्रश्नमा हुनुपर्ने गुण भित्र रचनात्मक वैधता महत्त्वपूर्ण मानिन्छ । सामान्यतया हामीले परीक्षण र मूल्याङ्कनको परिमाणात्मक व्यक्तिको सामान्य विशेषताको अर्थमा पनि व्याख्या गर्नुपर्ने हुन्छ । मूल्याङ्कनले मापन गर्न खोजेको रचनात्मकताका विशेषताहरूमा सीप, कार्य सम्पादन क्षमता, मनोवैज्ञानिक गुण, व्यक्तिगत गुण आदि पर्दछन् । रचनात्मकता भन्नुको तात्पर्य भावनात्मकता हो, रचनात्मक भनेको व्यक्तिको विशेषता हो । जस्तै तार्किक क्षमता, इमानदारिता, सामाजिकपन आदि रचनात्मकताका उदाहरणहरू हुन् (जबरा र अन्य, २०६७ : १३०) ।

प्रतिनिधि प्रश्नहरूमा रचनात्मक वैधताको परीक्षण गर्न प्रश्नहरूमा निर्देशित र नियन्त्रित रचना गरी २ प्रकृतिका प्रश्नहरूको निर्माण गरेको देखिन्छ । यसरी निर्माण गरिएका प्रश्नहरूमा निर्देशित रचनातर्फ कथा वा जीवनी लेखनसँग सम्बन्धित प्रश्नहरू रहेका छन् भने स्वतन्त्र रचनातर्फ निबन्ध लेखन, चिठी लेखन, वादविवाद लेखन, संवाद लेखनसँग सम्बन्धित प्रश्नहरू समावेश गरिएका छन् । उक्त प्रश्नहरू रचनात्मक दृष्टिकोणले अलि कमजोर प्रकृतिका देखिने भएकाले रचनात्मकताको वैधताका दृष्टिले पनि केही त्रुटिपूर्ण पाइन्छ ।

**इ) समवर्ती वैधता**

प्रश्नमा हुनुपर्ने गुणमध्येको यो समवर्ती वैधताले वर्तमान समयमा गरिएका दुईवटा फरक-फरक परीक्षणका बीचको सहसम्बन्धलाई बोध गर्दछ । पारस्परिक सहसम्बन्धको गुणाङ्कको आधारमा वैधता जाँच्ने प्रक्रियालाई नै समवर्ती वैधता भनिन्छ । यसमा वर्तमान समयको पूर्वअनुमानसँग उसले प्राप्त गरेको अङ्कसँग तुलना गरेर हेरिन्छ । यसरी एक पटक गरिएको परीक्षणबाट आएको प्राप्ताङ्क अर्को परीक्षणका प्राप्ताङ्कसँग समरुप हुन्छ भने त्यसलाई समवर्ती वैधता भनिन्छ । यस्तो गुण प्रतिनिधि प्रश्नहरूमा भएको देखिन्छ ।

### ई) अनुमानात्मक वैधता

प्रश्नमा हुनुपर्ने यस गुणलाई भविष्यसूचक वा पूर्वसूचनात्मक वैधता पनि भनिन्छ । परीक्षण प्राप्ताङ्कका आधारमा भविष्यका क्रियाकलापहरूलाई पूर्वानुमान गरिन्छ भने यस प्रकारको वैधतालाई नै अनुमानात्मक वैधता भनिन्छ । कुनै पनि परीक्षार्थीद्वारा क्षमता प्रदर्शन भएर पनि उसको भविष्यका कुनै न कुनै अनुमान प्राप्त गर्न सकिँदैन भने चाहि त्यस्ता प्रकृतिका प्रश्नहरूलाई अनुमानात्मक वैधताका दृष्टिले अवैध भनिन्छ तर प्रतिनिधि प्रश्नहरूका गुणहरूलाई केलाएर हेर्दा प्रश्नहरूमा अनुमानात्मक वैधता रहेको देखिन्छ ।

### ग) विभेदकारिता

विद्यार्थीहरू सबै एउटै समान क्षमता वा एउटै सिकाइ उपलब्धि स्तर भएका हुँदैनन् । विभिन्न उपलब्धि स्तर भएका विद्यार्थीहरूमध्ये कसको क्षमता कति छ भनी मापन गर्न सकिने क्षमता विभेदकारितामा रहन्छ । प्रतिनिधि प्रश्नहरू २०७० मा अदृष्टांश बोध प्रश्नका लागि ५ अङ्कभार, सारांश लेखनका लागि ५ अङ्कभार, स्वतन्त्र रचना अन्तर्गत निबन्ध लेखनका निम्ति १० अङ्कभार, चिठी लेखनका निम्ति ५ अङ्कभार र वादविवाद र संवादका निम्ति ५ अङ्कभार छुट्याएर विभेदकारिताको दृष्टिकोणले प्रश्नहरूको विभेदकारिता ल्याउन खोजेको देखिन्छ साथै विभिन्न क्षमताका विद्यार्थीहरूलाई तिनीहरूको विविध क्षमताको उपलब्धि प्रदर्शन गर्ने अवसर पनि प्रश्नहरूले उपलब्ध गराएको देखिन्छ ।

### घ) व्यवहारिकता

कुनै पनि परीक्षणका प्रश्नहरू सैद्धान्तिक मात्र नभएर व्यवहारिक पनि हुनुपर्छ । व्यवहारिकताले लक्षित वर्गको भाषिक समानताको परीक्षण गर्ने स्तरीय र उपयुक्त प्रश्नहरूलाई दर्साउँछ । प्रश्नहरूलाई व्यावहारिक बनाउन धेरै कुराहरूमा ध्यान पुग्नु पर्दछ । जस्तै परीक्षा सञ्चालनयुक्तता, समय सापेक्षता, मितव्ययिता, स्पष्टता, सीपमूलकता आदि जस्ता विभिन्न पक्षहरूलाई महत्त्वपूर्णरूपमा ध्यान दिनुपर्छ (बराल, २०६५ : ६६) । कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरूको व्यावहारिक क्षमतालाई ख्याल गर्दा जीवनी लेखन सम्बन्धी क्षमताको विकास भइनसकेको हुनाले प्रतिनिधि प्रश्नहरूमा रचना परीक्षणका निम्ति निर्माण गरिएका प्रश्नहरूमा जीवनी लेख्ने प्रश्नको समावेश गरिनु व्यावहारिक दृष्टिकोणले अनुपयुक्त देखिन्छ भने अन्य परीक्षणका निम्ति प्रश्नहरूलाई तुलनात्मक रूपमा अध्ययन गर्दा उपयुक्त भएको देखिन्छ ।

**ङ) प्रश्नहरूको आन्तरिक आँकलन वा मूल्याङ्कन**

शिक्षकहरूले आफ्नो पठनपाठन गरेका विषयमा पढाइएको पाठ विद्यार्थीले बुझे/बुझेनन्, सिके/सिकेनन् वा के-कति मात्रामा बुझे वा सिके भनेर लेखाजोखा गर्न आन्तरिक परीक्षा लिने गरिन्छ (जबरा, २०६७ : ८३) । प्रतिनिधि प्रश्नहरूले आन्तरिक परीक्षाको गुण देखाउन सक्दैनन् । यसको निमित्त निरन्तर मूल्याङ्कन हुनु पर्दछ जुन शिक्षकहरूले विभिन्न सूचकहरू राखी हाल प्रचलनमा भएको शैलीमा कक्षाकोठामा गरिएको हुन्छ । आन्तरिक परीक्षाका लागि तयार गरिने मूल्याङ्कनका उपकरणहरू जस्तै पूर्णरूपमा उपयुक्त हुन नसके पनि प्रतिनिधि प्रश्नहरूमध्ये केही प्रश्नहरूमा आन्तरिक आँकलनको गुण भने देखिन्छ ।

**च) प्रश्नहरूको बाह्य आँकलन**

विद्यार्थीको दक्षता, क्षमता तथा उपलब्धि लेखाजोखा गर्न सम्बन्धित शिक्षक तथा संस्था भन्दा बाहिर रहेका व्यक्ति तथा संस्थाले लिने अन्तिम मूल्याङ्कन प्रणालीलाई बाह्य मूल्याङ्कन वा आँकलन भनिन्छ (जबरा, २०६७ : ८४) । यस्तो मूल्याङ्कन प्रायः निर्णयात्मक मूल्याङ्कनका लागि सञ्चालन हुने हुँदा प्रतिनिधि प्रश्नहरूमा सो गुण देखिन्छ । साथै उक्त प्रश्नहरूले आन्तरिक परीक्षकद्वारा परीक्षण गरिने उत्तरपुस्तिका प्रति विश्वसनीयता तथा वैधताको अभाव हुने सम्भावनालाई कम पार्न सक्ने देखिन्छ ।

**४.१.१.५ भाषाका आधारमा हुनुपर्ने गुण**

भाषाले पनि प्रश्नपत्रको आन्तरिक स्वरूपमा प्रभाव निश्चय नै पार्दछ । प्रश्नको भाषा जति स्पष्ट र त्रुटिरहित हुन सक्यो त्यत्तिकै प्रश्नहरू विश्वसनीय र आकर्षक बन्दछन् । प्रतिनिधि प्रश्नहरूको भाषालाई अध्ययन गर्दा खास गरेर भाषागत त्रुटि गरिएको पाइँदैन ।

प्रश्न नं. ११ मा छोटो कथा लेख्न दिइएको अनुच्छेदमूलक बुँदाहरू भित्र पढ्दा कुनै विकासक्षेत्रको प्रश्नमा 'नु' क्रियान्त, कुनैमा 'एको' क्रियान्त हुनाले भाषामा क्रियापदले महत्त्वपूर्ण भूमिका लिने हुँदा असमान प्रश्न तयार भएको आभास पाइन्छ । यसो गर्दा प्रश्नपत्रको स्तरीयतामा आघात पुगेको देखिन्छ ।

### ४.१.१.६ प्रश्नका पक्षहरू वा प्रकृतिहरू

प्रतिनिधि प्रश्नहरूका विभिन्न पक्ष र प्रकृतिलाई पनि अध्ययन गरिएको छ । लिखित परीक्षा मार्फत् परीक्षण गर्दा विषयगत प्रश्न एक पक्षका र वस्तुगत प्रश्नहरू अर्को पक्षका देखिन्छन् । त्यसैगरी कुनै प्रश्नहरू पहिचानात्मक प्रकृतिका छन् भने कुनै परीक्षार्थीको उत्पादनात्मक क्षमताको परीक्षण गर्ने प्रकृतिका पाइन्छन् । विषयगत प्रश्नहरू व्यक्तिनिष्ठ नै देखिन्छन् । वर्णनात्मक, तुलनात्मक, विवेचनात्मक, संश्लेषणात्मक, तार्किक आदि प्रकृतिका प्रश्नहरू विषयगत प्रकृतिका पाइन्छन् । उच्चारण, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास, व्याकरणिक तत्त्वहरूको पहिचानात्मक परीक्षण गर्न वस्तुगत प्रश्नहरू राखिएको पाइन्छ ।

२०७० का प्रश्नहरूलाई अध्ययन गर्दा विषयगत प्रकृतिका कूल ६० अङ्क भएका प्रश्नहरू निर्माण गरिएको पाइन्छ र वस्तुगत प्रकृतिका प्रश्नहरूको नजिक देखिने खालका प्रश्नहरूको कूल ४० अङ्कभार तोकिएको पाइन्छ । विषयगत प्रश्नहरूमा विवेचनात्मक प्रश्न, सङ्क्षिप्त उत्तर आउने प्रश्न, कथा, जीवनी लेखन प्रश्न, सारांश लेख्ने प्रश्न, सप्रसङ्ग व्याख्या गर्ने प्रश्न, स्वतन्त्र रचना अन्तर्गत निबन्ध लेखन प्रश्न, व्यवहारिक लेखन अन्तर्गत चिठी लेखन, विवाद वा संवाद लेखन प्रश्नहरू समावेश गरिएको पाइन्छ । त्यसैगरी विषयगत प्रश्नहरूमा शब्दार्थ लेखन, खाली ठाऊँ भर्ने, वाक्यमा प्रयोग, शब्दवर्ग छुट्याउने, शुद्ध पार्ने, वाक्य परिवर्तन गर्ने आदि प्रश्नहरू समावेश गरिएको पाइन्छ ।

समग्र भाषिक सीपको पक्षलाई केलाएर हेर्दा भाषिक सीपका कतिपय पक्षहरूलाई समेट्न सकेको देखिँदैन र यसका निमित्त प्रयोगात्मक परीक्षा तर्फ ध्यान वा विचार पुऱ्याउँदा प्रश्नले पूर्ण क्षमताको परीक्षणबाट मापन भरपर्दो हुने देखिन्छ ।

### ४.१.२ प्रश्नहरूको बाह्य आधारमा तुलनात्मक अध्ययन

आकृतिगत वैधताका दृष्टिले प्रश्नहरू कति सबल र दुर्बल छन् भन्ने कुरा खुट्याउने काम बाह्य आधारमा गरिन्छ । प्रश्नपत्र विश्लेषणको बाह्य आधार भनेको प्रश्नपत्रको औपचारिक स्वरूप नै हो । जसरी व्यक्तिको स्वरूपको थपघट वा गल्तीले विरुप तथा विकृत बन्छ र व्यक्तित्वमा आँच पुऱ्याउँछ त्यसरी नै प्रश्नपत्रको बाहिरी पक्षको स-सानो हेलचेक्र्याइँले गम्भीर असर पार्दछ । त्यसैले स्वरूपगत हिसाबमा प्रश्नपत्रको बाह्य पक्ष स्पष्ट, आकर्षक, स्तरयुक्त वा उपयुक्त हुनु पर्दछ । यसले प्रश्नपत्रको विश्वसनीयता,

विभेदकारिता, व्यावहारिकता जस्ता पक्षहरूमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पार्दछ । यसका लागि अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषा जस्ता आधारहरू तय गरिन्छ (सुवार, ६८ : २०) ।

उपर्युक्त कुराहरूमा प्रतिनिधि प्रश्नहरूको ध्यान पुग्न सके/नसकेको प्रष्ट्याउन निम्नानुसार अध्ययन विश्लेषण गरिएको छ ।

### ४.१.२.१ निर्देशनका आधारमा

निर्देशनका आधारमा प्रतिनिधि प्रश्नपत्र २०७० लाई शीर्ष निर्देशन, प्रश्न निर्देशन, विकल्प निर्देशन र पृष्ठ निर्देशन गरी चार उपआधारमा यहाँ निम्नानुसार अध्ययन गरिएको छ ।

क) शीर्ष निर्देशन

प्रश्नपत्रको आदि भागमा गरिने निर्देशन नै शीर्ष निर्देशन मानिन्छ । यसले प्रश्नको आशय प्रक्रिया तथा सीमालाई निर्देशन गरेको हुन्छ । यो प्रमुख निर्देशन हो । समग्र प्रश्नको मूल निर्देशन भएको हुनाले उत्तर दिँदा, लेख्दा के कुरामा ध्यान पुऱ्याउने ? कसरी उत्तर लेख्ने ? आदि विषयमा राम्ररी प्रष्ट निर्देशन भएमा मात्र प्रश्न प्रभावकारी र सहज बोध हुन सक्छन् ।

पाँच विकास क्षेत्रकै प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा एसएलसी परीक्षा २०७० सालमा कक्षा वा तह खुल्ने गरी शीर्ष निर्देशन दिएको पाइँदैन साथै 'RE - 105 A, B, C, D, E' लेखेर नेपाली भाषा छोडी अङ्ग्रेजी भाषा प्रयोग गरेर भाषिक दृष्टिकोणले त्रुटि रहेको पाइन्छ ।

ख) प्रश्न निर्देशन

प्रश्न निर्देशनका दृष्टिले पाँचवटै विकास क्षेत्रका नमुना प्रश्नहरूको अध्ययन गर्दा प्रश्न तथा उपप्रश्नमा स्पष्ट निर्देशन हुनु पर्नेमा केही-केही निर्देशन अपूर्ण रहेको पाइन्छ । जस्तै प्रश्न नं. २ मा 'कोष्ठकमा दिइएका मध्येको उपयुक्त शब्द खाली ठाउँमा भर्नुहोस्' भन्नु पर्नेमा 'खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस्' मात्र भनिदिँदा विद्यार्थीहरूलाई अन्योल पार्ने खालको छ । त्यसै गरेर प्रश्न नं. '६' को 'ख' मा 'समास वा विग्रह गर्नुहोस्' भन्ने

निर्देशनले ‘समास’ गरेर ‘विग्रह’ छोड्ने अथवा ‘विग्रह’ गरेर ‘समास’ शब्दलाई छाड्ने हो कि जस्तो दोहोरा अर्थ लागी अन्योल पारेको छ । त्यसैगरी प्रश्न नं. १४ मा ‘२०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस्’ भन्ने निर्देशनले बढीमा चाहिँ कतिसम्म हो भन्ने प्रष्ट हुँदैन र प्रश्न सँगै समय विभाजन गरी नराख्ने प्रचलनले उत्तर ज्यादै लामो हुन गई परीक्षार्थीको समय बरबादी हुन सक्छ । प्रश्न नं. १७ मा प्रश्न नं. १६ का उप प्रश्नहरू ‘क’ ‘ख’ ‘ग’ प्रश्न सोधिएको छ तर प्रश्न नं. १६ सङ्क्षिप्त उत्तर दिनुहोस् भन्ने निर्देशन दिइएको छ भने १७ को एक्लो प्रश्नमा सङ्क्षिप्त उत्तर दिनुहोस् नभनी दिँदा अब लामो उत्तर लेख्ने होला भनी परीक्षार्थीहरू अलमलिने अवस्था देखिन्छ ।

यसरी माथि उल्लेख भएका प्रश्न निर्देशनका त्रुटिहरू बाहेक सबै विकास क्षेत्रमा सोधिएका प्रश्नपत्रको प्रश्न निर्देशनमा उपयुक्त अवस्था रहेको पाइन्छ ।

ग) विकल्प निर्देशन

विकल्प निर्देशन भन्नाले यो वा त्यो भन्ने अर्थ बुझिन्छ । सैद्धान्तिक हिसाबले वा समाज परीक्षण र मापनका दृष्टिले कुनै पनि विषयका प्रश्नहरूमा विकल्प दिनु राम्रो नमानिए तापनि व्यवहारिक रूपमा विद्यार्थीहरूलाई लागेको सजिलो प्रश्नचाहिँ छानेर उत्तर लेख्ने मौका मिलोस् भनेर विकल्प निर्देशन दिइएको हुन्छ । विकल्प निर्देशन दिँदा प्रश्नको आशय, समय, अङ्कभार, उद्देश्य, कठिनाइ स्तर आदिलाई ख्याल राख्नु पर्दछ । प्रश्नहरू धेरै छनोट गरेर समरुप प्रकृतिका प्रश्नहरू र शब्दहरूलाई विकल्पमा राख्नु पर्ने कुरामा ध्यान पुऱ्याउनु पर्दछ ।

पाँचै विकास क्षेत्रका प्रतिनिधि प्रश्नहरूलाई अध्ययन गर्दा प्रश्न नं. १ मा समूह ‘क’ मा दिइएका शब्दहरूको अर्थ समूह ‘ख’ बाट पहिचान गरी लेख्नलाई ११ वटा विकल्प शब्दहरू दिइएका छन् । प्रश्न नं. २ का उपप्रश्न क, ख, ग, घ, ङ, च का कोष्ठकमा पनि विकल्प शब्दहरू दिइएका छन् । प्रश्न नं. ११ मा कथाको विकल्पमा जीवनी लेख्न निर्देशन गरिएको छ । प्रशन नं. १३ मा वादविवादको विकल्पमा मनोवाद लेख्न निर्देशन दिइएको छ । प्रश्न नं. १५ मा पनि दुईवटा मध्ये कुनै एकको सप्रसङ्ग व्याख्या गर्न भनिएको छ । प्रश्न नं. १८ मा दुईवटा उपप्रश्नहरू दिई कुनै एउटाको विवेचनात्मक उत्तर दिनु भनी विकल्प निर्देशन दिइएको देखिन्छ ।

घ) पृष्ठ निर्देशन

पानालाई नै पृष्ठ भनिन्छ । अर्को पृष्ठमा पनि छ भनी जानकारी दिनु र प्रश्न समाप्त भएको जानकारी दिनु पृष्ठ निर्देशन हो (सुवार, २०६६ : २१) । भाषाका प्रश्नहरू केही लामा नै हुने भएकाले एउटा पृष्ठमा अटाउन नसक्ने हुँदा एकभन्दा बढी पृष्ठहरू प्रयोग गर्नुपर्ने हुन्छ ।

प्रतिनिधि प्रश्नपत्र २०७० का सबै विकास क्षेत्रका प्रश्नहरूमा अध्ययन गर्दा पहिलो पृष्ठदेखि क्रमशः पृष्ठ सङ्ख्या १, २, ३, ४ गरी पृष्ठ अङ्कन गरिएको छ । यसका साथै पृष्ठको पुछारमा क्रमशः भनेर पृष्ठ निर्देशन गरिएको छ । अन्त्यमा प्रश्नहरूको समाप्तिको जानकारी पनि गराइएकाले पृष्ठ निर्देशनको उचित प्रयोग भएको देखिन्छ ।

### ४.१.२.२ प्रश्नमा पूर्णाङ्क र उत्तीर्णाङ्क वितरण

प्रतिनिधि प्रश्नपत्रमा पूर्णाङ्क र उत्तीर्णाङ्क वितरणलाई तुलनात्मक रूपमा अध्ययन गर्दा सबै विकास क्षेत्रहरूमा समान रूपले नै वितरण गरेको पाइन्छ । अङ्क निर्धारण जुनसुकै प्रश्नमा अत्यावश्यक मानिन्छ । प्रश्नको अङ्क निर्धारण गर्दा पनि प्रश्नको प्रकृति, उत्तर आकार, कठिनाइ स्तर र समय निर्धारण समेतलाई ध्यान दिनुपर्ने हुन्छ । प्रश्नको रूप अनुसारको अङ्क वितरण नभएमा परीक्षण मापन र मूल्याङ्कनमा नै गडबढी आउँछ ।

उपर्युक्त दृष्टिकोणबाट प्रतिनिधि प्रश्नहरूको निम्न उपआधार मार्फत् अध्ययन विश्लेषण गरी प्रष्ट पारिएको छ :

**क) पूर्णाङ्क र त्यसको वितरण**

माध्यमिक शिक्षा पाठ्यक्रमले कक्षा १० तथा एसएलसी परीक्षाका लागि प्रश्नपत्रका उल्लिखित पूर्णाङ्कलाई प्रश्नको प्रकार अनुरुप वा त्यसको प्रकृति अनुसार स–साना भागमा टुक्र्याएर बाँडिएको हुन्छ । यसरी वितरण गरिएको अङ्क र पूर्णाङ्क बीच सुहाउँदो तालमेल मिलेको हुनुपर्दछ । प्रश्नको तौल वा महत्त्व जति बढी वा घटी छ त्यही अनुसारको अङ्क पनि घटी वा बढी वितरण गर्नुपर्दछ । प्रतिनिधि प्रश्नपत्रहरूमा रहेको पूर्णाङ्क निम्न तालिकामा देखाइएको छ –

तालिका नं ९
प्रश्न र पूर्णाङ्क वितरण

| प्रश्न सङ्ख्या र अङ्कभार | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्य पश्चिमाञ्चल | सुदूर पश्चिमाञ्चल |
|---|---|---|---|---|---|
| प्रसं | १ | १ | १ | १ | १ |
| अङ्कभार | ४ | ४ | ४ | ४ | ४ |
| प्रसं | २ | २ | २ | २ | २ |
| अङ्कभार | ३ | ३ | ३ | ३ | ३ |
| प्रसं | ३ | ३ | ३ | ३ | ३ |
| अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| प्रसं | ४ | ४ | ४ | ४ | ४ |
| अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| प्रसं | ५ | ५ | ५ | ५ | ५ |
| अङ्कभार | ४ | ४ | ४ | ४ | ४ |
| प्रसं | ६ | ६ | ६ | ६ | ६ |
| अङ्कभार | ४ | ४ | ४ | ४ | ४ |
| प्रसं | ७ | ७ | ७ | ७ | ७ |
| अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| प्रसं | ८ | ८ | ८ | ८ | ८ |
| अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| प्रसं | ९ | ९ | ९ | ९ | ९ |
| अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| प्रसं | १० | १० | १० | १० | १० |
| अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| प्रसं | ११ | ११ | ११ | ११ | ११ |
| अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| प्रसं | १२ | १२ | १२ | १२ | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| प्रसं | १३ | १३ | १३ | १३ | १३ |
| अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| प्रसं | १४ | १४ | १४ | १४ | १४ |
| अङ्कभार | १० | १० | १० | १० | १० |
| प्रसं | १५ | १५ | १५ | १५ | १५ |
| अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| प्रसं | १६ | १६ | १६ | १६ | १६ |
| अङ्कभार | १० | १० | १० | १० | १० |
| प्रसं | १७ | १७ | १७ | १७ | १७ |
| अङ्कभार | ५ | ५ | ५ | ५ | ५ |
| प्रसं | १८ | १८ | १८ | १८ | १८ |
| अङ्कभार | १० | १० | १० | १० | १० |
| जम्मा प्रसं | १८ | १८ | १८ | १८ | १८ |
| जम्मा अङ्कभार | १०० | १०० | १०० | १०० | १०० |

माथि तालिका नं ८ मा पाँचविकास क्षेत्रका प्रतिनिधि प्रश्नपत्रहरूमा गरिएको पूर्णाङ्क वितरण र प्रश्नसङ्ख्यालाई हेर्दा शब्दको अर्थ लेखनलाई ४ अङ्क, शब्दज्ञानलाई ३ अङ्क, वाक्यमा प्रयोगलाई ५ अङ्क, शुद्धीकरण गर्नेलाई ५ अङ्क, शब्दवर्ग पहिचानका निम्ति ४ अङ्क, शब्द निर्माणका निम्ति ४ अङ्क, काल र पक्षका निम्ति ५ अङ्क, वाक्य परिवर्तनका लागि ५ अङ्क, पठनबोधका लागि ५ अङ्क, सारांश लेखनका लागि ५ अङ्क, कथा वा जीवनी लेखनका लागि ५ अङ्क, निवेदन वा चिठी लेखनका लागि ५ अङ्क, मनोवाद, संवाद वा वादविवाद लेखनका लागि ५ अङ्क, निबन्ध लेखनका लागि १० अङ्क, व्याख्या गर्नका लागि ५ अङ्क, सङ्क्षिप्त उत्तर लेखनका लागि १५ अङ्क, विवेचनात्मक उत्तर लेखनका लागि १० अङ्क छुट्याई पाँचै विकास क्षेत्रमा पूर्णाङ्क र त्यसको वितरणमा समानता रहेको पाइन्छ ।

## ख) उत्तीर्णाङ्क

पाठ्यक्रमले निर्धारण गरेको पूर्णाङ्क वा उच्च अङ्क ल्याउन सबैले नसक्ने हुनाले सफलताका लागि न्यूनतम अङ्कलाई नै उत्तीर्णाङ्क भनिन्छ । सफलता प्राप्त गर्न अति उत्तम, उत्तम, मध्यम र न्यून आदि श्रेणीहरूमा उत्तीर्ण हुन सक्ने भए तापनि सबैभन्दा न्यून अङ्क ३२ लाई उत्तीर्णाङ्क मानी शीर्ष भागमा दिइएको छ । यसरी पाँचै विकास क्षेत्रमा उत्तीर्णाङ्कलाई एकरुपता, समानता र उपयुक्तताका आधारमा नै निर्धारण गरिएको छ ।

## ग) समय विभाजन

अङ्क विभाजन र वितरण भएको भएता पनि समय विभाजन भने पाठ्यक्रम अनुसारको विशिष्टीकरण तालिकामा छुट्याएको जस्तो गरेर प्रतिनिधि प्रश्नपत्रमा प्रश्नसङ्ख्या र पूर्णाङ्क सँगसँगै प्रत्येक प्रश्नलाई अङ्कका पछि समय राख्ने कार्य गरिएको छैन जुन प्रचलित प्रश्नपत्रहरूमा कहीँ पनि राखिएको पाइँदैन । वास्तवमा भन्ने हो भने यसको पनि आवश्यकता रहेको महसुस गर्नु पर्दछ । प्रश्नहरू निर्माण गर्दा प्रश्नको प्रकृति, विद्यार्थीको लेख्न सक्ने औसत क्षमता, कठिनाइ स्तर आदि कुरालाई ध्यानमा राखी समय निर्धारण गर्नु पर्दछ र यो जोसुकै प्रश्न निर्माताका सोचाइमा पनि आउन सक्ने स्वाभाविक कुरा हो । प्रतिनिधि प्रश्न २०७० का पाँचै विकास क्षेत्रका प्रश्नपत्रका निम्ति १०० पूर्णाङ्क र ३ घण्टा समय मात्र निर्धारण गरिएको छ जुन विशिष्टीकरण तालिकासँग राम्ररी मेल खाँदैन । व्यवहारिक ढङ्गले हेर्दा भने समय निर्धारणलाई पूरै दोष लगाउन चाहिँ सकिँदैन ।

## घ) भाषिक सीप र अङ्क वितरण

भाषा सुन्नु, बोल्नु, लेख्नु र पढ्नु यी चार कार्यलाई भाषाका चार सीप भनिन्छ । भाषा अध्ययनको उद्देश्य पनि भाषिक सीप हासिल गराउनु हो । भाषाका चार सीप मध्ये बोलाई र लेखाइलाई अभिव्यक्ति सीप र सुनाइ र पढाइलाई ग्रहण सीप भनिन्छ ।

२०७० का प्रतिनिधि प्रश्नहरूमा भाषिक सीप परीक्षण कसरी गर्न खोजिएको छ भन्ने सन्दर्भमा अध्ययन गर्न यहाँ सीपहरूलाई अलग अलग र मिल्दोजुल्दो स्वरूपका आधारमा सँगसँगै राखी हेर्ने प्रयत्न गरिएको छ ।

अ) विशुद्ध पढाइ सीप र अङ्क वितरण

विशुद्ध पढाइ सीपको परीक्षण गर्न माध्यमिक नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेका पाठगत प्रश्न र बोध प्रश्न जस्ता प्रश्नहरू पाँचै विकास क्षेत्रका प्रतिनिधि प्रश्न २०७० सँग तुलना गरिएको विवरण निम्न तालिका नं. १० मा भए बमोजिम देखिन्छ -

तालिका नं. १०

विशुद्ध पढाइ सीप परीक्षण र अङ्क वितरण

| प्रश्नपत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | सउप्रस | अभा | पबोपसं | अभा | जप्रसं | उदिप्रसं | जअ |
|---|---|---|---|---|---|---|---|---|---|
| पूर्वाञ्चल | १०० | ३२ | ४ | १५ | ५ | ५ | ९ | ८ | २० |
| मध्यमाञ्चल | १०० | ३२ | ४ | १५ | ५ | ५ | ९ | ८ | २० |
| पश्चिमाञ्चल | १०० | ३२ | ४ | १५ | ५ | ५ | ९ | ८ | २० |
| मध्य-पश्चिमाञ्चल | १०० | ३२ | ४ | १५ | ५ | ५ | ९ | ८ | २० |
| सुदूर-पश्चिमाञ्चल | १०० | ३२ | ४ | १५ | ५ | ५ | ९ | ८ | २० |

माथिको तालिकाले विशुद्ध पढाइ सीपको परीक्षण गर्न प्रतिनिधि प्रश्न २०७० ले पाठ्यक्रम अनुसार सोधिएका वैकल्पिक प्रश्न सहितका सङ्क्षिप्त उत्तरात्मक प्रश्न ४/४ वटा, पाठगत प्रश्न र अनुच्छेद सहित बोध प्रश्न ५/५ वटा प्रश्न सोधी जम्मा २० अङ्क मार्फत् पढाइ सीपको परीक्षण गर्न खोजिएको देखिन्छ ।

आ) विशुद्ध लेखाइ सीप परीक्षण र अङ्क वितरण

विद्यार्थीले प्राप्त गरेको भाषिक सीपहरूका आधारमा लेखन क्षमताको विकास कित गर्न सकेको रहेछ सो को परीक्षण गर्न नियन्त्रित रचना अन्तर्गत कथा, जीवनी लेखन र स्वतन्त्र रचना अन्तर्गत निबन्ध, चिठी, वादविवाद, संवाद लेखन सम्बन्धी प्रश्नहरू पाठ्यक्रम र विशिष्टीकरण कै आधारमा प्रतिनिधि प्रश्नहरूमा पाइएको छ जसलाई तालिका नं. ११ मा देखाइएको छ -

तालिका नं. ११

विशुद्ध लेखाइ सीप परीक्षण र अङ्क वितरण

| प्रश्नपत्र | नियन्त्रित रचना क्षमता | | स्वतन्त्र रचना क्षमता | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कथा, जीवनी लेखन | | निबन्ध लेखन | | वादविवाद, संवाद लेखन | | जम्मा | |
| | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा |
| पूर्वाञ्चल | २ | ५ | ३ | १० | २ | ५ | ४ | २५ |
| मध्यमाञ्चल | २ | ५ | ३ | १० | २ | ५ | ४ | २५ |
| पश्चिमाञ्चल | २ | ५ | ३ | १० | २ | ५ | ४ | २५ |
| मध्य-पश्चिमाञ्चल | २ | ५ | ३ | १० | २ | ५ | ४ | २५ |
| सुदुर-पश्चिमाञ्चल | २ | ५ | ३ | १० | २ | ५ | ४ | २५ |

माथिको तालिकामा छुट्याइए अनुसार पाँचै विकास क्षेत्रका प्रतिनिधि प्रश्नहरू २०७० मा नियन्त्रित रचना अन्तर्गतको कथा र जीवनी लेखन तर्फ ५ अङ्क, स्वतन्त्र रचना अन्तर्गत निबन्ध लेखनतर्फ १० अङ्क, चिठी लेखनतर्फ ५ अङ्क र वादविवाद अथवा संवाद लखन तर्फ ५ अङ्क गरी जम्मा २५ अङ्ग राखिएको छ र पूर्णाङ्कको एक चौथाइ अङ्क लेखन क्षमता परीक्षणका लागि कायम गरेको पाइन्छ ।

इ) पढाइ-लेखाइ एकीकृत सीप परीक्षण र अङ्क वितरण

पढाइ र लेखाइ सीप दुवैको एकीकृत रूपमा परीक्षण हुने खालका प्रश्नहरू पनि प्रतिनिधि प्रश्नहरू २०७० मा सोधिएको पाइन्छ । त्यसखालका प्रश्नहरूको विस्तार निम्न तालिका नं १२ मा राखी अध्ययन विश्लेषण गरिएको छ ।

तालिका नं. १२

पढाइ लेखाइ एकीकृत सीप परीक्षण र अङ्क वितरण

| प्रश्नपत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | लामो उ. प्रश्न | | सारांश लेखन | | व्याख्यात्मक लेखन | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा |
| पूर्वाञ्चल | १०० | ३२ | २ | १० | १ | ५ | २ | ५ | ३ | २० |
| मध्यमाञ्चल | १०० | ३२ | २ | १० | १ | ५ | २ | ५ | ३ | २० |
| पश्चिमाञ्चल | १०० | ३२ | २ | १० | १ | ५ | २ | ५ | ३ | २० |
| मध्य-पश्चिमाञ्चल | १०० | ३२ | २ | १० | १ | ५ | २ | ५ | ३ | २० |
| सुदूर-पश्चिमाञ्चल | १०० | ३२ | २ | १० | १ | ५ | २ | ५ | ३ | २० |

माथिको तालिका नेपाली भाषाका पाठ्यवस्तुलाई पढ्ने बोध गर्ने क्षमता र लेख्ने क्षमता परीक्षण गर्न प्रवेशिका परीक्षा २०७० का प्रतिनिधि प्रश्नहरूको झलक हो । पाँचै विकास क्षेत्रका प्रश्नहरूमा समान अङ्क वितरणलाई अध्ययन गर्दा विवेचनात्मक उत्तर आउने प्रश्नका निमित्त १० अङ्क, सारांश लेखनका निमित्त ५ अङ्क र व्याख्यात्मक प्रश्नका निमित्त ५ अङ्क गरी पढाइ सीप र लेखाइ सीप सँगसँगै जान सके नसकेको क्षमता परीक्षण गर्न जम्मा २० अङ्क कायम गरी दुवै सीपको एकीकृत परीक्षण राम्ररी हुन सकेको देखिन्छ ।

ई) शब्द भण्डार परीक्षण र अङ्क वितरण

पूर्णाङ्क १०० मध्येबाट १२ अङ्क छुट्याई माध्यमिक शिक्षा पाठ्यक्रमले पाठ्यक्रमको ढाँचा तालिकामा देखाइएको अनुसार प्रतिनिधि प्रश्नहरूमा निम्न अनुसार शब्द भण्डार परीक्षण र अङ्कलाई वितरण गरेको अध्ययनबाट पाइन्छ ।

तालिका नं १३
शब्द भण्डार परीक्षण र अङ्क वितरण

| प्रश्नपत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | वाक्यमा प्रयोग गर्ने | | अर्थ लेखन | | खालिठाउँ भर्ने | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा |
| पूर्वाञ्चल | १०० | ३२ | ५ | ५ | ८ | ४ | ६ | ३ | १९ | १२ |
| मध्यमाञ्चल | १०० | ३२ | ५ | ५ | ८ | ४ | ६ | ३ | १९ | १२ |
| पश्चिमाञ्चल | १०० | ३२ | ५ | ५ | ८ | ४ | ६ | ३ | १९ | १२ |
| मध्य-पश्चिमाञ्चल | १०० | ३२ | ५ | ५ | ८ | ४ | ६ | ३ | १९ | १२ |
| सुदूर-पश्चिमाञ्चल | १०० | ३२ | ५ | ५ | ८ | ४ | ६ | ३ | १९ | १२ |

माथिको तालिकामा एसएलसी परीक्षाका प्रश्नहरू वाक्यमा प्रयोग गर्न ५ अङ्क, अर्थ पहिचान गर्न ४ अङ्क र खाली ठाउँ भर्न ३ अङ्क शब्दभण्डार परीक्षणका निम्ति छुट्याइएको भए पनि विशिष्टीकरण तालिका अनुसारका सबै पक्षहरू भने समावेश भएको पाइँदैन ।

उ) व्याकरण परीक्षण र अङ्क वितरण

व्याकरणात्मक सीप परीक्षणका निम्ति माध्यमिक शिक्षा नेपाली विषय पाठ्यक्रमले सैद्धान्तिक भन्दा व्यवहारिक पक्षलाई बढी जोड दिएको अनुसार निम्न प्रतिनिधि प्रश्नमा निम्न बमोजिम अङ्क छुट्याइएको पाइन्छ ।

तालिका नं १४
व्याकरण परीक्षण र अङ्क वितरण

| प्रश्नपत्र | शब्द निर्माण गर्ने | | शुद्धिकरण गर्ने | | पदवर्ग छुट्याउने | | वाक्य परिवर्तन गर्ने | | खालिठाउँ भर्ने | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा | प्रसं | अभा | |
| पूर्वाञ्चल | २ | ४ | २ | ५ | १ | ४ | ५ | ५ | ५ | ५ | २३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मध्यमाञ्चल | २ | ४ | २ | ५ | १ | ४ | ५ | ५ | ५ | ५ | २३ |
| पश्चिमाञ्चल | २ | ४ | २ | ५ | १ | ४ | ५ | ५ | ५ | ५ | २३ |
| मध्य-पश्चिमाञ्चल | २ | ४ | २ | ५ | १ | ४ | ५ | ५ | ५ | ५ | २३ |
| सुदूर-पश्चिमाञ्चल | २ | ४ | २ | ५ | १ | ४ | ५ | ५ | ५ | ५ | २३ |

प्रतिनिधि प्रश्न २०७० मा प्रस्तुत तालिका अनुसारका प्रश्नहरू रहेको अध्ययनबाट प्राप्त भएकोमा शब्द निर्माणका निम्ति ५ अङ्क, शुद्धीकरणका निम्ति ५ अङ्क, पदवर्गका निम्ति ४ अङ्क, वाक्य परिवर्तनका निम्ति ५ अङ्क र खाली ठाउँ भर्नेका निम्ति अङ्क ५ गरी जम्मा २३ अङ्क छुट्याइएको र पाँचै विकास क्षेत्रका प्रश्नहरू विशिष्टीकरण तालिकासँग पनि सन्तुलन मिलेको पाइन्छ ।

### **४.१.२.३ प्रस्तुति अनुक्रम**

प्रतिनिधि प्रश्न २०७० लाई उपर्युक्त तालिका नं १ देखि तालिका नं १४ सम्मको अध्ययन विश्लेषणका आधारबाट हेर्दा परीक्षणका लागि सोधिएका विभिन्न प्रकारका प्रश्नहरू जस्तै विषयगत वस्तुगत, सरल, मध्यम, जटिललाई प्रस्तुति गर्दाको अनुक्रम हेर्दा सरलदेखि जटिलताका क्रममा पाइएको र उपयुक्त अनुक्रम भएको देखिन्छ । किनकि सबैभन्दा पहिले शब्दभण्डारगत प्रश्न, त्यसपछि क्रमशः व्याकरणात्मक प्रश्न, बोध प्रश्न, सारांश प्रश्न, सङ्क्षिप्त प्रश्न र विवेचनात्मक प्रश्न दिइएको पाइन्छ ।

### **४.१.२.४ प्रश्नपत्रको स्वरूप**

प्रश्नपत्रको स्वरूप भन्नाले समष्टिगत रूपमा देखिने प्रश्नपत्रको आकृति बुझिन्छ । यस अन्तर्गत प्रश्नपत्रको आदि, मध्य र अन्त्य भाग पर्दछन् । त्यसैगरी प्रश्नपत्रमा दिइएको पूर्णाङ्क, उत्तीर्णाङ्क, समय वितरण, अङ्क वितरण, प्रश्न र उपप्रश्न सङ्ख्या, पृष्ठ सङ्ख्या, प्रश्नको आकार, कागजको स्तर, कागजको रङ, अक्षरको रङ, छपाइ, सफाइ, भाषा, किनारा छोडाइ, अन्तराल, अक्षरका आधार, अक्षरका आकार, वान्की, मोडाइ आदिले पनि प्रश्नपत्रको स्वरूप तयार पार्छन् । यसरी अध्ययन गर्दा प्रश्नपत्रको स्वरूपको उत्कृष्टता र कमजोरी पक्ष पत्ता लाग्दछ । यहाँ खास गरेर आवश्यकता र परिस्थिति अनुसार शीर्षभाग,

आकार, प्रश्नपृष्ठ, काजगको स्तर, छपाइ र सफाइ जस्ता आधारलाई लिएर अध्ययन विश्लेषण गरिएको छ ।

क) शीर्षभाग

प्रश्न सुरु हुनुभन्दा पहिलेको जति भाग छ त्यसलाई प्रश्नपत्रको शीर्षभाग भनिन्छ । यसमा प्रश्नसँग सम्बन्धित सम्पूर्ण सूचनाहरूका बारेमा जानकारी गरिन्छ । उक्त आधारलाई लिएर प्रतिनिधि प्रश्नपत्रमा उल्लेख गरिएको शीर्षभागलाई मात्र निकालेर हेर्ने हो भने निम्न अनुसार देखिन्छ -

२०७० (2014)
1. पूर्वाञ्चल विकास क्षेत्र RE - 105 'A'
2. मध्यमाञ्चल विकास क्षेत्र RE - 105 'B'
3. पश्चिमाञ्चल विकास क्षेत्र RE - 105 'C'
4. मध्य-पश्चिमाञ्चल विकास क्षेत्र RE - 105 'D'
5. सुदूर-पश्चिमाञ्चल विकास क्षेत्र RE - 105 'E'

अनिवार्य नेपाली

परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनु पर्नेछ ।

समय : ३ घण्टा — पूर्णाङ्क : १००

उत्तीर्णाङ्क : ३२

नोट : प्रत्येक विकास क्षेत्रको देखाउँदा 1, 2, 3, 4 र 5 सँगै राखिएको हो ।

माथि दिइएका प्रतिनिधि प्रश्नलाई नियालेर हेर्दा प्रश्नपत्रमा एसएलसी वा प्रवेशिका परीक्षा भनेर लेखिएको पाइँदैन । शिक्षाको संरचना अनुरुप कुन तहका लागि दिइएको प्रश्न हो प्रष्ट देखिँदैन । देवनागरी लिपिलाई छाडेर प्रश्नको शीर्ष भागमा अङ्ग्रेजी भाषा प्रयोग नगर्नु उचित हुन्छ । यसरी भाषा मिश्रणले भाषालाई शुद्ध देखाउँदैन ।

ख) आकार

२०७० सालका पाँचवटै विकास क्षेत्रका प्रश्नहरूलाई अध्ययन गर्दा प्रश्नपत्रहरू ४ पृष्ठसम्मको आकारमा र अक्षरहरू पनि १४ प्वाइन्टको आकारमा राखेको पाइन्छ ।

ग) प्रश्न र पृष्ठ

प्रतिनिधि प्रश्नपत्रहरूलाई हेर्दा एउटा प्रश्नको उपप्रश्नहरू पृष्ठहरूमा बाँडिएको साथै प्रत्येक प्रश्नपत्रमा जम्मा १८ वटा मूल प्रश्न र अक्षरमा उप नम्बर दिइएका ४१ वटा उपप्रश्नहरू, उपप्रश्न भित्र पनि रोमन सङ्ख्यामा नम्बर दिइएका १६ वटा र नम्बर नदिएका तर उपप्रश्नका रूपमा सोधिएका निपात, शब्द, अर्थ, उखान, टुक्का र  वाक्यहरू ६० वटा देखिन्छन् । यो सङ्ख्या माध्यमिक तहको प्रश्नका लागि पर्याप्त नै भएको मानिन्छ ।

घ) कागजको स्तर

पाँचवटै विकास क्षेत्रका प्रतिनिधि प्रश्नपत्रहरूको कागजको स्तरलाई हेर्दा चिल्लो राम्रो कागज नभई न्यून गुणस्तरको देखिन्छ । यसो भए पनि कागजमा नै लेखेर उत्तर दिनुपर्ने नभएको हुनाले प्रश्न मात्र बुझ्नका लागि उपयुक्त साथै कम खर्च लागत हुन सक्ने हुनाले उचित भएको नै मान्नुपर्छ ।

ङ) छपाइ र सफाइ

प्रतिनिधि प्रश्नपत्रहरू हेर्दा निर्देशनलाई गाढा पारी बुझ्ने सजिलो बनाइएको र छापिएका प्रश्नहरू सफा र आकर्षक नै देखिन्छन् ।

### ४.१.२.५ भाषाको स्वरूप

भाषाको स्वरूप राम्रो भएमा प्रश्नपत्रको स्वरूप राम्रो हुने र प्रश्नभित्रको भाषा स्पष्ट, सरल तथा त्रुटिरहित भएमा प्रश्नपत्र आकर्षक र विश्वसनीय बन्ने हुनाले भाषा सम्बन्धी प्राप्त अवस्थालाई हेर्दा वर्णविन्यास, पदयोग र पद वियोग, चिन्ह प्रयोग र अन्य पक्षमा खास उल्लेखनीय रूपमा त्रुटि देखिँदैन । अति सामान्य नजानिदो त्रुटिलाई यहाँ उल्लेख गर्नु नपर्ने देखिन्छ ।

## ४.२. छलफल/व्याख्या

पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरूलाई अध्ययन गर्दा प्रश्नपत्रहरूलाई सरसर्ती आन्तरिक र बाह्य रूपमा छलफल र व्याख्या गर्न आवश्यक ठानिएको छ ।

आन्तरिक आधारमा रहेर पाठ्यक्रम अनुरुपतामा छलफल गर्दा भाषाका चार सीपहरू मध्ये सुनाइ र बोलाइ सीपको परीक्षण गर्ने प्रश्नपत्रमा देखिँदैन । पाठ्यक्रममा पनि

कक्षामा शिक्षण भएकै समयमा निर्माणात्मक मूल्याङ्कन गर्नुपर्छ भनी तोकिए झैँ र विशिष्टीकरण तालिकाको सीमा भित्र रही प्रश्न सोधिएकाले यसमा दोष देखिँदैन । प्रश्नै पिच्छे अङ्क वितरणसँगै मार्जिनमा समय वितरण चाहिँ विशिष्टीकरणका अनुरूप प्रश्नपत्रमा छैन तर व्यवहारिक रूपले र प्रचलित परीक्षाको प्रयोगलाई हेर्दा समयलाई अङ्कसँगै वितरण नगरिनुमा आपत्ति छैन ।

भाषाका चारै सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइको उमेर, कक्षा र विषयवस्तुको क्रम क्षेत्रका आधारमा विकास गर्न सकेमात्र विद्यार्थीहरूको सिकाइ उपलब्धि पहिचान गर्न सजिलो पर्ने हुनाले भाषाको विभिन्न पक्षको सीप परीक्षण गर्दा व्यवहारिक रूपमा सन्तुलन मिलाई क्षमता वृद्धिको जाँच मूल्याङ्कन समय र अङ्कभारका आधारमा तुलना गरेर नतिजा पहिचान गर्न सकिन्छ ।

पाँचै विकास क्षेत्रका प्रश्नपत्रहरू राष्ट्र स्तरका भन्न लायकका देखिन्छन् । यसो हुनुका कारण प्रतिनिधि प्रश्नहरू ठीक आकारका, धेरै विकल्प प्रश्न नभएका, स्पष्ट प्रश्न भएका आदि राम्रा पक्षहरूले गर्दा हो । सबै खाले विद्यार्थीले केही न केही लेखन क्षमता देखाउन सक्ने प्रश्न भएर पनि प्रश्नहरू स्तरीय देखिएका हुन् । सामान्य व्यवहारिक दृष्टिले झ्वाट्ट हेर्दा प्रश्न नं. ११ को जीवनी लेखन चाहिँ माध्यमिक तहका विद्यार्थीमा अलि क्षमता कमी हुने देखिन्छ । साथै प्रश्नहरू चोरी वा नक्कल गर्न सकिने खालका हुनाले वैधताका दृष्टिले त्रुटि भएको चाहिँ देखिन्छ ।

भाषाका आधारमा भएका सामान्य त्रुटिहरू त सम्पादन पक्षको कमजोरीले भएको देखिन्छ तर चर्चामा ल्याउने खालका भाषिक त्रुटिहरू प्रश्नमा पाइँदैन ।

प्रश्नपत्रहरू सैद्धान्तिक र प्रयोगात्मक हुन आवश्यक देखिन्छ । विषयगत र वस्तुगत प्रश्नहरू भने लिखित परीक्षाका लागि समावेश हुनाले प्रश्नपत्रहरू राम्रा देखिन्छन् । विद्यार्थीहरूले गरेर सिक्ने अवस्था सिर्जना गर्नलाई प्रयोगात्मक परीक्षा भाषा विषय सिकाइका लागि नितान्त आवश्यक रहेको महसुस गरिन्छ ।

प्रश्नका निर्देशनहरूमा २०७० का ठाउँमा 2070 लेख्नु र कुनै निर्देशन अन्योलपूर्ण देखिनु प्रश्न निर्माणकर्ताको कमजोरी मानिन्छ ।

प्रश्न सङ्ख्याका आधारमा दिइएको ३ घण्टा समय उचित देखिन्छ । व्याख्या गर्नुपर्ने प्रश्न नं. १५ र कथा/जीवनी लेखनको प्रश्न नं ११ मा अङ्कभार ५ मात्र दिनु सान्दर्भिक देखिँदैन । यसो हुनुमा विशिष्टीकरण तालिकाको पनि अङ्क वितरणमा फित्तलोपन भएकै हो भन्नु पर्दछ । पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ३२ हुनु स्वभाविक देखिन्छ । अङ्क वितरणसँगै समय विभाजन गरी नराखिएको भए पनि लोक चलनका दृष्टिले दोष लगाउन आवश्यक देखिँदैन । प्रश्नहरू बढी अङ्कभार भएकालाई शुरु शुरुमा र कम अङ्कभार भएकालाई अन्त्यतिर राख्नु उचित हो तर यसमा पनि लोक प्रचलनमा नै सुधार हुन आवश्यक छ ।

सरलदेखि जटिलतिर र अनुक्रम मिलानका दृष्टिले प्रतिनिधि प्रश्नपत्रहरू उपयुक्त भएको मानिन्छ ।

प्रश्नपत्रका शीर्षभागमा तह वा स्तर नखुलाइकन निर्देशनमा अङ्ग्रेजी भाषा र कतै उपप्रश्नहरूमा रोमन सङ्ख्याको प्रयोग पनि प्रश्न निर्माणकर्ताका सामान्य कमजोरीले भएको पाइन्छ । कागजको प्रयोग कमसल खालको भए तापनि प्रश्न निर्माण खर्चमा मितव्ययीता अपनाएको उचित मानिन्छ ।

प्राश्निक र सम्पादनकर्ताहरू सचेत र परिवर्तनकारी बन्न सकेमा प्रश्नपत्र हेर्ने जोसुकैमा खल्लोपन नआई मिठासपन आउने देखिन्छ ।

# अध्याय - पाँच

# सारांश, निष्कर्ष र सुझाव

## ५.१ सारांश

प्रवेशिका परीक्षा २०७० सालका पाँचैवटा विकास क्षेत्रका नेपाली विषयका छुट्टाछुट्टै पाँचवटा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्ने सिलसिलामा अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन शीर्षकमा खास गरेर आन्तरिक र बाह्य आधारलाई बढी जोड दिइएको छ ।

यस शोधकार्यको अध्याय एकको शोध परिचय अन्तर्गत परिवर्तित समयअनुसार पाठ्यक्रम र पाठ्यपुस्तकहरू साथै परीक्षण प्रक्रियामा पनि परिवर्तन हुँदै गएको साथै नेपालको प्रवेशिका परीक्षाको सुरुवातमा वि.सं. १९९० साल अघि भारतमा र सो पछि नेपालमा एसएलसी परीक्षा बोर्डको गठन भई नेपालमै प्रश्नपत्र निर्माण भएको पाइन्छ ।

यसैगरी अध्याय दुईमा पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना शीर्षक अन्तर्गत पूर्वकार्यहरूको अध्ययन उपयोगी भए/नभएको जानकारी गराउँदै आन्तरिक र बाह्य सैद्धान्तिक आधारमा रहेर अध्ययन गरिएको छ ।

यसैगरी अध्याय तीनमा अध्ययनको प्रक्रिया/विधि शीर्षक अन्तर्गत प्रतिनिधि प्रश्नपत्रहरूलाई मूल्याङ्कनका लागि आवश्यक नमुना लिई प्राथमिक र द्वितीय सङ्कलनका साधनका आधारमा तुलनात्मक, विश्लेषणात्मक र वर्णनात्मक रूपको विधि अपनाइएको छ ।

यसैगरी अध्याय चारमा नतिजा परिणाम र छलफल शीर्षक अन्तर्गत यस शोधकार्य तयारीको बढी जसो समय लगाई प्रश्नपत्रहरूलाई पाठ्यक्रम, विशिष्टीकरण तालिका सँगसँगै विषयवस्तु, अङ्क, समय, भाषिक सीप, क्षमता, प्रश्नमा हुनुपर्ने गुण, पूर्णाङ्क वितरण, साथै प्रश्नपत्रको स्वरूपको तुलना, विश्लेषण र वर्णन गरी सुधार गर्नुपर्ने पक्ष अति न्यून मात्र पाइएको र प्रश्नपत्रहरू उपयुक्त नै रहेको कुरा प्रष्ट पारिएको छ ।

## ५.२ निष्कर्ष

जतिसुकै होसियारीपूर्वक प्रश्नपत्रहरू तयार गरे पनि केही न केही कमी कमजोरी रहन सक्ने सम्भावनालाई स्वीकार्दै निचोडका रूपमा प्राप्त भएका प्रतिनिधि प्रश्नपत्रहरूका सबल र दुर्बल पक्षहरूलाई निम्नानुसार भएको ठहर गरी राखिएको छ :

### ५.२.१ सबल पक्ष

- प्रतिनिधि प्रश्नपत्रहरू पाठ्यक्रम बमोजिम भएको पाइन्छ ।
- विशिष्टीकरण तालिकासँग प्रश्नपत्रहरू मेल खाएको पाइन्छ ।
- अङ्कभार विशिष्टीकरण तालिका अनुरूप नै राखिएकाले प्रत्येक प्रश्नपत्र उपयुक्त देखिन्छ ।
- प्रतिनिधि प्रश्नपत्रहरूमा विषयवस्तुको क्षेत्र र प्रश्नहरूको तालमेल राम्ररी मिलेको पाइन्छ ।
- विभिन्न भाषिक सीपहरूको विभिन्न पक्षको परीक्षण गर्ने खालका प्रश्न निर्माण गरी भाषिक पक्षको संयोजन र सन्तुलन मिलाउन बढी प्रयास गरेको पाइन्छ ।
- प्रतिनिधि प्रश्नपत्रहरूमा सरलदेखि जटिलतिरको क्रममा प्रश्नहरूको मिलान गरेको पाइन्छ ।
- प्रश्नहरूलाई व्यवहारिक बनाउने राम्रो प्रयास गरिएको छ ।
- प्रश्नहरूमा हुनुपर्ने विभेदकारिताको गुणलाई प्रश्नपत्रमा पालन गरिएको छ ।
- प्रतिनिधि प्रशनपत्रहरूका लागि उपयोग गरिएको कागज, छपाइ, सफाइ र प्रश्नको आकार ठिकै देखिन्छ ।

### ५.२.२ दुर्बल पक्ष

- प्रतिनिधि प्रश्नपत्रहरूमा केही प्रश्न निर्देशनहरू अन्योलपूर्ण देखिन्छन् ।
- प्रश्न नं १६ मा उत्तरका आकारमा अन्योल उत्पन्न गर्ने निर्देशन देखिन्छ ।
- व्याख्यात्मक र कथा/जीवनी लेखनमा अङ्कभारमा अनुपयुक्तता देखिन्छ ।
- शीर्ष निर्देशनमा तह र स्तर नखुलाईको त्रुटि पाइन्छ ।
- शीर्ष निर्देशनमा अङ्ग्रेजी प्रयोग गर्नु भाषागत त्रुटि देखिन्छ ।
- खालीठाउँ भर्ने प्रश्नमा पाठ्यक्रमका केही पक्षलाई नसमेटेको पाइन्छ ।
- व्यवहारिक दृष्टिकोणले जीवनी लेखनसम्बन्धी प्रश्न विद्यार्थीको क्षमता विकासका आधारमा सान्दर्भिक देखिँदैन ।
- प्रश्न नं. ५ को 'ख' मा निर्देशनले दोहोरो अर्थ दिई अन्योलता सिर्जना गरेको देखिन्छ ।

- प्रश्न नं ११ को कथा लेखनमा कतै 'नु' र कतै 'एको' क्रियान्त राखी असमानता भएको देखिन्छ ।
- सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको १७ नम्बरको (ग) उप नम्बरको सङ्क्षिप्त उत्तर दिने प्रश्न त्यस विकास क्षेत्रका विद्‌यार्थीहरूको भाषिक क्षमताको अवस्थालाई ध्यान दिँदा अरू क्षेत्रको प्रश्नभन्दा जटिल देखिन्छ ।

## ५.३ सुझावहरू

प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन कार्यबाट नेपालको राष्ट्रस्तरको महत्त्वपूर्ण परीक्षा मानिने एसएलसी परीक्षालाई अझ स्तरीय मापन र मूल्याङ्कनको साधनका रूपमा सुधार र विकास गर्नका लागि सम्बन्धित सबै निकाय र पक्षको ध्यानाकर्षण गर्न निम्न सुझावहरू दिइएका छन् -

- प्रश्नपत्रमा प्रश्नहरूको अनुक्रम मिलाउँदा अङ्कभार बढी भएका र समय बढी लाग्ने प्रश्न सुरुमा राखी कम अङ्कभार र समय थोरै लाग्ने पश्न पछाडि क्रममा राख्न विशिष्टीकरण तालिका निर्माण गर्दा नै ध्यान पुऱ्याउनु उचित हुनेछ ।
- प्रश्नपत्रमा अङ्कभार सँगै समय वितरण गर्ने अथवा लामा उत्तर आउने प्रश्नहरू, सङ्क्षिप्त उत्तर आउने प्रश्नहरू र वस्तुगत प्रश्नहरू तीन समूह राखी समय ३ घण्टालाई ३ भाग लगाउनु उचित देखिन्छ ।
- अङ्ग्रेजी र रोमन अङ्ग वा अक्षर प्रयोग नगरी देवनागरी लिपिको मात्र प्रयोग गर्नु उचित देखिन्छ ।
- प्रश्नपत्रमा तह, स्तर तथा शैक्षिक वर्ष स्पष्ट रूपमा खुलाउनु उचित हुने देखिन्छ ।
- प्रश्नपत्रमा खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् भनेर पाठ्यक्रममा भएको सबै खालका अर्थ दिने शब्द राखी व्यापकता जनाउनु राम्रो हुने देखिन्छ ।
- जीवनी लेखन जस्ता माथिल्लो क्षमताको प्रश्नहरू निर्माण नगर्नु उपयुक्त देखिन्छ ।
- व्याख्यात्मक प्रश्नको र कथा लेख्ने प्रश्नको अङ्कभार न्यून भएकाले विशिष्टीकरण तालिकाको निर्माण गर्दा नै अङ्कभार बढाउन उचित हुने देखिन्छ ।
- सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको नेपाली भाषिकाहरूको फरक प्रभाव भएका विद्‌यार्थीलाई पूर्वको तुलनामा केही सरल प्रश्न दिनु उचित देखिन्छ ।

## ५.४ उपयोगिता (कार्यान्वयन)

अनुसन्धान कार्यले पूर्व गरिएका अध्ययन र व्याख्या माथि केही न केही नयाँ कुरा खोजी अरू उपयोगी सुझावहरू थप्ने हुनाले प्रस्तुत शोधकार्य पनि विभिन्न क्षेत्रमा उपयोगी हुने अपेक्षा गरिएको छ । अध्ययन अनुसन्धानबाट निस्कने नयाँ निष्कर्ष र सुझावलाई कार्यान्वयन गर्ने विभिन्न क्षेत्र नै शोधको उपयोगिताको क्षेत्र हुने हुँदा अनुसन्धान कार्य कुनै पनि उपयोगमा आएन भने शोधकार्यको कुनै अर्थ हुँदैन ।

प्रस्तुत शोधपत्रमा २०७० सालमा पाँच विकास क्षेत्रमा सोधिएका नेपाली प्रश्नपत्रहरूको यो तुलनात्मक अध्ययन निम्न बमोजिमका तहमा उपयोगी रहेको छ -

### ५.४.१ नीतिगत तह

नीतिगत तहमा यस अध्ययनले निम्न कार्यहरू गर्दछ -

- विशिष्टीकरण तालिकामा विषयवस्तु र अङ्कभार निर्धारण गर्छ ।
- विशिष्टीकरण तालिकामा बढी मूल्य भएका प्रश्न र कम मूल्य भएका प्रश्नहरू विद्यार्थीको हितमा क्रम निर्धारण गर्छ ।
- भाषा पाठ्यक्रममा उचित विषयवस्तुको छनोट गर्छ ।
- भाषा पाठ्यक्रमका लागि उपयुक्त मूल्याङ्कनका साधनहरूको निर्धारण गर्छ ।
- भाषिक सीप मूल्याङ्कनका लागि चारै सीपको सन्तुलन मिलाई प्रश्नहरू निर्माण गर्छ ।
- भाषिक सीपको उचित निर्धारण गर्छ ।
- प्रश्नपत्रमा विश्वसनीयता, वैधता, व्यवहारिकता, विभेदकारिता, स्तरीयता जस्ता गुण निर्धारण गरी स्तरीय प्रश्न निर्माण गर्छ ।
- माध्यमिक तहमा पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टीकरण तालिकाको सन्तुलनमा सुधारात्मक मूल्याङ्कन गर्छ ।
- नेपाली भाषामा नेपाली भाषिकाहरूको प्रभाव र असरलाई ध्यान दिई उपयुक्त प्रश्न निर्माण गर्छ ।

### ५.४.२ कार्यान्वयन तह

कार्यान्वयन तहमा यस अध्ययनले निम्न कार्यहरू गर्दछ -

- प्रश्न निर्माणका सैद्धान्तिक आधारका साथै प्रयोगात्मक आधार निर्माणका लागि उपयोगी हुन्छ ।
- प्रश्नपत्र निर्माणको अन्तिम रूप तयारी गर्नु पूर्व प्रतिनिधि प्रश्नपत्रहरू र यस शोधकार्यलाई सम्बन्धित पक्षले परीक्षण गरी प्रश्न स्तरीय बनाउन सहयोगी हुन्छ ।
- भाषाका चारै सीपहरूको उचित परीक्षण गर्ने खालका प्रश्नपत्रहरूको उपयोग हुन्छ ।
- पाठ्यक्रम र विशिष्टीरकण तालिकाले अपेक्षा गरेको कुरा पूरा गर्न शिक्षक र सम्बन्धित पक्षलाई सचेत गराउँछ ।
- भाषाका चारै सीप एकीकृत रूपमा शिक्षण गर्ने मूल्याङ्कनात्मक सचेतना प्रदान गर्दछ ।
- सैद्धान्तिक पक्षका साथै प्रयोगात्मक र निर्माणात्मक वा निरन्तर मूल्याङ्कनका पक्षमा बढी जोड दिन सहयोग गर्छ ।
- राष्ट्रभाषा नेपालीमा राष्ट्रिय भाषा र भाषिकाहरूको प्रभावलाई ध्यान दिई मूल्याङ्कन गर्ने सोचको विकास गर्छ ।

### ५.४.३ आगामी अनुसन्धानका लागि शीर्षक

१) निर्माणात्मक वा निरन्तर मूल्याङ्कनका पक्षमा एसएलसी परीक्षाका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन,

२) नेपाली भाषाका स्तरयुक्त परीक्षा र शिक्षक निर्मित परीक्षाको तुलनात्मक अध्ययन,

३) नेपाली विषयका प्रश्नपत्रहरूको सैद्धान्तिक पक्ष र व्यवहारिक पक्षको अन्तर सम्बन्धी तुलनात्मक अध्ययन,

४) माध्यमिक तह नेपाली विषयका पाठ्यक्रम र विशिष्टीकरण तालिकाको तुलनात्मक अध्ययन,

५) नेपाली विषयका प्रश्नपत्रहरूमा उच्च दक्षता र न्यून दक्षताका प्रश्नपत्रहरूको विश्लेषण र अध्ययन ।

## सन्दर्भसामग्री


आचार्य, दिलिपकुमार (२०५८), *२०५८ सालमा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषाका प्रश्नहरूको विश्लेषणात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय ।

इटनी, रामचन्द्र (२०५८), *एस.एल.सी. टेष्ट परीक्षामा उपयोग गरिएका नेपाली भाषा विषयक प्रश्नहरूको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय ।

जबरा, स्वयम्प्रकाश र अन्य (२०६७), *शिक्षामा मापन तथा मूल्याङ्कन,* भोटाहिटी, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, नरेन्द्रविक्रम (२०५७), *२०५७ सालमा उपयोग गरिएका कक्षा १० को नेपाली भाषाको योग्यता जाँच परीक्षाका प्रश्नपत्रहरूको विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली शिक्षा विभाग ।

दाहाल, हिमा (२०७२), *नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी : जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग, त्रि.वि.।

पन्थी, महेश्वर (२०६४), *प्रवेशिका परीक्षा २०६२/०६३ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, नेपाली शिक्षा विभाग ।

पाठ्यक्रम विकास केन्द्र (२०५७), *माध्यमिक पाठ्यक्रम*।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *माध्यमिक शिक्षा पाठ्यक्रम*।

पाठ्यक्रम विकास केन्द्र (२०६३), *विशिष्टीकरण तालिका,* प्रथम संस्करण ।

पोखेल, भगवता (२०६४), *प्रवेशिका परीक्षा अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय ।

पौडेल, माधव प्रसाद (२०५१), *जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा ८ को नेपाली भाषा विषयका प्रश्नपत्रहरूको विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

भण्डारी, पारसमणि (२०६३), *स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,* काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

भण्डारी, कृष्णप्रसाद (२०७१), *भा.सि.गा.वि.स.क्षेत्रका कक्षा ८ मा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले नेपाली भाषाको लिखित प्रयोगमा गर्ने त्रुटिहरूको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी : जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग, त्रि.वि.।

भट्टराई, बलराम (२०६८), *२०६७ सालको जिल्ला स्तरीय परीक्षा (कक्षा ८) सुनसरी जिल्लामा सोधिएका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इन्द्रपुर, मोरङ : सुकुना बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग, त्रि.वि. ।

भट्टराई, रामप्रसाद (२०६५), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन ।

राई, हुकुम सिंह (२०६७), *अनिवार्य नेपाली र ऐच्छिक नेपाली कक्षा ११ का २०६६ सालमा सोधिएका प्रश्नपत्रहरूको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी : जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग, त्रि.वि.।

रेग्मी, अम्बिका प्रसाद (२०५४), *कक्षा ५ को नेपाली भाषा विषयक प्रश्नहरूको विश्लेषण* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), ताहाचल, काठमाडौँ : महेन्द्र रत्न क्याम्पस, नेपाली शिक्षा विभाग, त्रि.वि. ।

## परिशिष्ट ३

### माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ -भाग १ मा प्रस्तुत मूल्याङ्कन प्रक्रिया (कक्षा १०)

| क्षेत्र | विधा | अङ्कभार (प्रतिशतमा) |
|---|---|---|
| १. शब्दभण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २. वर्णविन्यास | शुध्दीकरण | ५ |
| ३. व्याकरण | शब्दवर्ग, कारक/विभक्ति, शब्द निर्माण, काल, पक्ष, भाव, वाच्य, वाक्य परिवर्तन, वाक्य संश्लेषण | १८ |
| ४. बोध | अदृष्टांश रचनाबाट | ५ |
| ५. बुँदा टिपोट/सारांश | कथा, निबन्ध, जीवनी आदिबाट दृष्टांश | ५ |
| ६. निर्देशित रचना (अदृष्टांश) | कथा वा जीवनी लेखन | ५ |
| ७. स्वतन्त्र रचना | क) निबन्ध सम्बन्धी<br>ख) चिठी, निवेदन, मनोवाद, संवाद, वादविवाद | १०<br>१० |
| ८. व्याख्या/सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध, जीवनी | ५ |
| ९. सङ्क्षिप्त उत्तर | कथा, कविता, निबन्ध, जीवनी, एकाङ्की | १५ |
| १०. विवेचनात्मक | कथा, निबन्ध, जीवनी | १० |
| | जम्मा | १०० |

द्रष्टव्य

- विवेचनात्मकमा विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गरिने छ।
- पाठगत मूल्याङ्कनमा विभिन्न गद्य, पद्य विधाका पाठको विषयवस्तु, मूल भाव, घटना, सन्देश, पात्र आदिका सम्बन्धमा परीक्षण गरिनेछ।
- बोधअन्तर्गत अदृष्टांश गद्य अनुच्छेदबाट पठन बोध क्षमताको परीक्षण गरिने छ।
- सुनाइ र बोलाइको परीक्षण कक्षागत सिकाइका अङ्गका रूपमा गरिने छ।
- कक्षा १० को नेपाली विषयको पाठ्यांश भार प्रतिहप्ता ५ घन्टी र वार्षिक १५० घन्टी निर्धारण गरिएको छ।
- विभिन्न पाठहरूको शिक्षणका लागि अनुमानित घन्टी शिक्षक निर्देशिकामा उल्लेख गरिने छ।
- भाषातत्त्व/व्याकरण शिक्षणका लागि छुट्टै घन्टी नदिई विधागत शिक्षणकै क्रममा एकीकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ।

## परिशिष्ट २

## पाँचवटै विकास क्षेत्रका २०७० सालका एसएलसी परीक्षाका प्रश्नपत्रहरू

## एसएलसी परीक्षा २०७०

### 1. पूर्वाञ्चल विकास क्षेत्र RE - 105'A'

**परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुपर्नेछ।**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**उत्तीर्णाङ्क : ३२**

**१. समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी उत्तरपुस्तिकामा लेख्नुहोस् : ४**

| 'क' | 'ख' |
|---|---|
| निसाफ | पुग्नुपर्ने ठाउँ |
| रिहाइ | संशोधन |
| खुलासा | स्वतन्त्र |
| सुधार | छुटकारा |
| गन्तव्य | आस्था |
| मुक्त | निधार |
| निष्ठा | खोल्सो |
| धीर | न्याय |
| | स्पष्ट |
| | सहनशील |
| | विचार |

**२. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् : ३**

(क) ................ अनेकार्थी शब्द हो । (पत्र, फूल, कूल)

(ख) 'गति' शब्दको अर्थ .......... होइन । (चाल, अवस्था, स्थिर)

(ग) 'दिसा-दिशा' शब्द ........ हुन् । (समूहवाची, श्रुतिसमभिन्नार्थी, पर्यायवाची)

(घ) 'छोटो' शब्दको विपरीतार्थी शब्द ........... हो । (मोटो, कुड्को, लामो)

(ङ) 'डर' शब्दको पर्यायवाची शब्द ............ हो । (भय, निर्भय, अभय)

(च) 'पृथ्वी' शब्दको पर्यायवाची शब्द .... हो । (अरनी, धरणी, तरङ्गी)

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् : ५**

नमच्चिने पिङको सय झड्का, आँखी हुनु, अन्तरिक्ष, मुसुमुसु, क्यारे

**४. (क) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् : ३**

जमानले कान्छोलाई भन्यो, वीचरा । पख् हैत म बदाम किनेर ल्याउँछु ।

**(ख) तलका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** २

| | | | |
|---|---|---|---|
| (अ) (i) दिर्घजीवी | (ii) दीर्घजीवी | (iii) दिर्घजीवि | (iv) दीर्घजिवी |
| (आ) (i) बन्दोबस्त | (ii) वन्दोवस्त | (iii) बन्दोवस्त | (iv) वन्दोबस्त |
| (इ) (i) शक्तिशाली | (ii) षक्तिसाली | (iii) शक्तिशाली | (iv) शक्तिसाली |
| (ई) (i) पन्चामृत | (ii) पंचामृत्त | (iii) पङ्चामृत | (iv) पञ्चामृत |

**५. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** ४

कसैसित पनि धेरै धन कमायो भनेर रिसाउनु त हुँदैन नि, किनभने रिसले हामीलाई राम्रो गर्दैन ।

**६. (क) तलका उपसर्ग र प्रत्यय लगाई एकएक शब्द बनाउनुहोस् :** २

उपसर्ग : परि, अप प्रत्यय : औना, ता

**(ख) समास वा विग्रह गर्नुहोस् :** २

प्राणप्रिय, गाईको जात्रा, चतुर्वेद, पाँच तारा भएको

**७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् :** ५

(क) बाहिर सिमसिम पानी ...(पर् :, अपूर्ण वर्तमान) (ख) आमा बजारबाट ... (फर्क: पूर्ण भूत)

(ग) अब देशले नयाँ संविधान ...(पाउ:, सामान्य भविष्यत्)

(घ) उनीहरू सबै विषय राम्ररी ...(पढ्:, इच्छार्थक)

(ङ) कलाकारहरू कला प्रस्तुत ...(गर्:, सम्भावनार्थक)

**८. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ५

(क) जुन बाटो सजिलो छ म त्यही बाटो हिँड्छु । (सरल वाक्य)

(ख) उसले नयाँ घर किनेछ । (अकरण)

(ग) विद्यार्थीहरूले ठीक उत्तर लेख्लान् (कर्मवाच्य)

(घ) त्यो केटो बाठो छ । (बहुवचन)

(ङ) उनीहरू परिश्रम गर्छन् । (प्रेरणार्थक)

**९. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** ५

युवा राष्ट्रका मेरुदण्ड हुन् । भोलिका यस देशका सारथी, परिवर्तनका संवाहक र शक्तिका भण्डार हुन् । जोश-जाँगर, उर्जा, बल , क्षमता, निर्भयता, निर्माणभाव, आत्मविश्वास आदि सत्गुण युवामा रहन्छन् भने क्रोध, हठीपना, आक्रोश आदि दुर्गुणहरू पनि युवामा नै रहन्छन् । जुनसुकै

क्षेत्रमा परम्परादेखि चलिआएका रूढि, अन्धविश्वास र कुप्रथाहरू हटाउन युवाहरूकै योगदान अगाडि आउँछ । विभिन्न प्रकारका शोषण, अन्याय र अत्याचारका विरुद्ध सङ्घर्षमा उत्रिने र त्याग अनि बलिदानबाट विश्वमा ठूल्ठूला परिवर्तन ल्याउने युवा नै हुन् । प्रायः उमेरका आधारमा युवा समूहलाई छुट्याउने गरेको पाइए तापनि कति उमेरदेखि कति उमेरसम्मका व्यक्तिलाई युवा मान्ने भन्ने कुरा विभिन्न देशमा फरक-फरक छ । नेपालको परिवेशमा भने १६ वर्षका देखि ५९ वर्षसम्मका व्यक्तिहरूलाई युवा समूहमा राखिएको भेटिन्छ । युवासमूह उर्जाशील, जोश-जाँगरले भरिएका, साहसी र हिम्मतवाला व्यक्तिहरूको समूह हो जसको सहभागिताबिना देश विकासको बाटोमा लाग्न सक्दैन । तसर्थ युवा समूहलाई सही दिशानिर्देश गर्दै नयाँ कार्ययोजना बनाई परिचालित गर्दै जानुपर्दछ जसले गर्दा देशमा सुशासन, स्थायी शान्ति स्थापना भई उन्नति र प्रगतिका मूलहरू फुट्छन् । यो नेपालजस्तो विकासशील राष्ट्रको आवश्यकता पनि हो ।

*प्रश्नहरू*

(क) युवा को हुन् ? (ख) युवामा के कस्ता सत्गुण पाइन्छन् ?

(ग) युवा समूहलाई केका आधारमा छुट्याइन्छ ?

(घ) देशलाई अगाडि बढाउन युवाहरूलाई कसरी परिचालित गर्नुपर्दछ ?

(ङ) 'विकासशील' र 'हठिपना' शब्दको अर्थ लेख्नुहोस् ।

**१०. तलको गद्यांशबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् : २+३ = ५**

जयपृथ्वीले काठमाडौँको आफ्नै दरबारमा 'सत्यवादी प्राथमिक पाठशाला' खोली चार कक्षासम्मको पढाइ सञ्चालन गरे । यसका लागि उनले आफैँ पाठ्यपुस्तकहरू लेखे र अरूलाई पनि लेख्न लगाए । राणा शासकहरू भने नेपालमा शिक्षाको विकास भएको हेर्न चाहँदैनथे । जनताहरू शिक्षित भए भने उनीहरू चेतनशील हुन्छन् र आफ्नो करतुत खुल्न गई सत्ताबाट च्युत हुनुपर्छ भन्ने मानसिकता राणाशासनमा थियो तर देवशमशेर भने यसका अपवाद थिए । उनको छोटो शासनअवधिमा नेपालमा निकै सुधारका कार्यहरू भए । पाठशालाहरू खोल्न र नागरिक चेतना अभिवृद्धि गर्नमा जयपृथ्वीले उनलाई ठूलो सहयोग गरे । देवशमशेरको यस्तो सुधारवादी नीतिबाट रुष्ट भएर चन्द्रशमशेरले उनलाई सत्ताच्युत गरे । आफू श्री ३ महाराज बनी उनले देवशमशेरका सम्पूर्ण सुधार योजना र खोलिएका पाठशाला तथा अस्पतालहरूसमेत बन्द गरे । यो देखेर देश र जनताको भलाइमा समर्पित भएका जयपृथ्वी निराश एवम् चिन्तित हुन पुगे तर हिम्मत नहारीकन उनले काठमाडौँमा आफूले स्थापना गरेको प्राथमिक पाठशालालाई तुरुन्तै बझाङमा सारे ।

**११. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **५**

**(क) दिइएका बुँदाहरूको आधारमा छोटो कथा लेखी उपयुक्त शीर्षक समेत दिनुहोस् :**

अनकन्टार जङ्गलमा हात्ती र मलसाँप्राको भेट हुनु ... मलसाँप्रालाई हात्तीले हेपेर व्यवहार गर्नु ... म हिँड्ने बाटामा किन हिँडिस् भनेर निहुँ खोज्नु ... मलसाँप्राले माफी माग्दा उल्टै तथानाम गाली गर्नु ... मलसाँप्रालाई आफू सानो भएकाले हात्तीले हेपेको जस्तो लाग्नु ... बदलाको भावना जाग्नु ... मलसाँप्राले हात्तीसँग लड्ने चुनौती दिनु ... हात्तीले नपत्याउनु .... मलसाँप्राले हात्तीलाई आक्रमण गरिहाल्नु ... पलसाँप्राले हात्तीको सुँडमा नङ्ग्रा गाड्नु... हात्तीले मलसाँप्रालाई पछार्न खोज्नु ... मलसाँप्राले हात्तीको आँखा झिक्न खोज्नु .... हात्ती पीडाले आत्तिनु ... हात्ती हार खानु र माफी माग्नु ... अरूलाई दुःख दिन खोज्दा आफैँले दुःख व्यहोर्नु ... आफूभन्दा बलवान्लाई जुक्तिले पराजित गर्न सकिने तथा कसैलाई हेप्न नहुने सन्देश ..... ।

**(ख) दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक राख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | गणेशमान सिंह |
| जन्मस्थान | : | यट्खा, काठमाडौँ |
| जन्ममिति | : | वि.सं. १९७२, कात्तिक २४ गते |
| पिता/माता | : | सुब्बा ज्ञानमानसिंह र सुभद्राकुमारी |
| शिक्षा | : | घरपरिवारबाटै प्रारम्भिक शिक्षा प्राप्त गरी दरबार स्कुलमा पाँच कक्षामा भर्ना भएका, |
| | | ○ दरबार हाइस्कूलमा पढ्दा राणाका छोराछोरीलाई आदर नगरेका कारण विद्यालयबाट निकालिएका, |
| | | ○ सन् १९३९ मा कलकत्ताबाट मेट्रिक उत्तीर्ण, |
| योगदान | : | नेपालका वरिष्ठ राजनीतिज्ञ, |
| | | ○ प्रजातान्त्रिक योद्धा तथा २०४६ सालको जनआन्दोलनका सर्वोच्च कमाण्डर |
| | | ○ प्रजापरिषद्को सदस्य भई राणाशासन विरुद्धको राजनीतिमा सक्रिय, |
| | | ○ बी.पी.कोइरालासँग राजनीतिक सम्बन्ध बढाई नेपाली काङ्ग्रेसलाई आजीवन जुझारु नेतृत्व दिएका, |
| | | ○ २००७ सालको क्रान्तिको अगुवाका रूपमा सशस्त्र सङ्घर्ष गरेका, |
| | | ○ सङ्घर्षमा बी.पी.भन्दा अगाडि तथा सिद्धान्तका दृष्टिले उनका अनुयायी रहेका, |
| | | ○ आफूलाई प्रस्ताव गरिएको प्रधानमन्त्रीको पदसमेत अस्वीकार गरी त्यागको उच्चतम नमुना प्रस्तुत गरेका, |
| | | ○ जनताद्वारा लौह पुरुषको उपाधि दिइएको, |
| देहावसान | : | वि.सं. २०५४ असोज २ गते |

**१२. आफ्नो टोलमा बढ्दै गएको चोरीडकैती र लुटपाट जस्ता घटनाको अवगत गराउँदै त्यसको सुरक्षाका लागि आवश्यक सहयोग जुटाउन अनुरोध गरी टोलसुधार समितिका अध्यक्षले वडा प्रहरी कार्यालयलाई लेख्ने चिठी तयार पार्नुहोस् । ५**

**१३. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५**

(क) कुनै कसुर नै नगरी परिबन्दमा परेर आफूलाई अनावश्यक आरोप लागेका बेला तपाईंको मनमा खेलेका कुरा र उठेका तरङ्गलाई समेटी एउटा मनोवाद लेख्नुहोस् ।

(ख) 'आफ्नो प्रशंसा गरिदिने मित्रभन्दा कमजोरी औँल्याइदिने शत्रु नै जाती हुन्छ' भन्ने विषयका पक्षमा विपक्षीका मतको खण्डन गर्दै आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।

**१४. कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् : १०**

(क) मलाई मन पर्ने ठाउँ (ख) नेपालमा विद्युतीकरण (ग) व्यावसायिक शिक्षाको महत्त्व

**१५. कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस् : ५**

(क) "हाँसी खेली दुईदिन, कहाँ जान्छ यो जिन्दगानी
को लैजाला अमरपुरमा फूलको यो जवानी ॥"

(ख) समय, श्रम र सम्पत्तिको बचत गरी ठूला ठूला काम सम्पन्न गर्ने यन्त्रमानवको सहयोग उल्लेखनीय रहेको छ ।

**१६. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् : २ x ५ = १०**

(क) 'जय भोलि !' निबन्धमा नेपाली समाजमा भोलिवादको कस्तो प्रभाव पर्दै गएको देखाइएको छ ?

(ख) किराँती संस्कृतिको उत्थानमा इमानसिंह चेमजोङले गरेका कार्यहरू लेख्नुहोस् ।

(ग) 'विद्या सर्वश्रेष्ठ धन हो' यस भनाइलाई 'प्रश्नोत्तर' कविताका आधारमा पुष्टि गर्नुहोस् ।

**१७. यदि तपाईं 'न्यायको पक्ष' कथाको पात्र धृतराष्ट्रको ठाउँमा हुनुभएको भए विदुरप्रति कस्तो व्यवहार गर्नुहुन्थ्यो ? तर्क दिनुहोस् । ५**

**१८. तलका कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् : १०**

(क) दक्षिण अफ्रिकी जनताहरूको स्वतन्त्रताका लागि नेल्सन मन्डेलाले के कस्तो भूमिका निर्वाह गरे ? विवेचना गर्नुहोस् ।

(ख) 'वनको बाघले खाओस् कि नखाओस् मनको बाघले खान्छ' भन्ने उखानलाई 'दोषी चस्मा' कथाले कसरी पुष्टि गरेको छ ? लेख्नुहोस् ।

धन्यवाद !!

**एसएलसी परीक्षा २०७०**

**2. मध्यमाञ्चल विकास क्षेत्र RE - 105 'B'**

**परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुपर्नेछ।**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**उत्तीर्णाङ्क : ३२**

**१. समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी उत्तरपुस्तिकामा लेख्नुहोस् : ४**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| सारा | जग्गा |
| बुजो | किरण |
| क्षति | सञ्चित |
| अनिष्ट | खतरनाक |
| वृत्तान्त | नराम्रो |
| रश्मि | विवरण |
| डिपोजिट | बेलिबिस्तार |
| मौजा | नोक्सान |
| | बिर्को |
| | सम्पूर्ण |
| | मोजमस्ति |

**२. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :** **३**

(क) 'पराजय' शब्दको विपरीतार्थी शब्द ... हो। (सुजय, विजय, अजेय)

(ख) 'प्रसन्न' शब्दको पर्यायवाची शब्द ........... हो। (अप्रसन्न, दुःखी, खुसी)

(ग) 'हावा' शब्दको पर्यायवाची शब्द .... हो। (समीर, अमीर, गम्भीर)

(घ) ..... अनेकार्थी शब्द हो। (ताप, साँप, आँप)

(ङ) 'भाका' शब्दको अर्थ .... होइन। (भोक, म्याद, गीतको लय)

(च) 'सब-शव' शब्द ........ हुन्। (अनेकार्थी, पर्यायवाची, श्रुतिसमभिन्नार्थी)

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** **५**

भाग्यमा भए थलैमा, धराशयी हुनु, अवमूल्यन, हस्याङफस्याङ, पो

**४. (क) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :** **३**

आमाले हामी लाई भन्नूभयो, ओहो तिमिहरू आज पढ्नगएका छैनौ ?

**(ख) तलका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** २

| | | | |
|---|---|---|---|
| (अ) (i) प्रतिनिधी | (ii) प्रतिनिधि | (iii) प्रतीनिधि | (iv) प्रतिनीधि |
| (आ) (i) अनुसाशन | (ii) अनुसासन | (iii) अनुसाशन | (iv) अनुशासन |
| (इ) (i) सञ्चयकोष | (ii) संचयकोष | (iii) सन्चयकोष | (iv) सङ्चयकोष |
| (ई) (i) बन्धुवान्धव | (ii) वन्धुवान्धव | (iii) बन्धुबान्धव | (iv) वन्धुबान्धव |

**५. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** ४

विचरा ! त्यो माग्ने त हिजो राति मरेछ त्यसैले त्यहाँ धेरै मानिसहरूको भिड देखिन्छ ।

**६. (क) तलका उपसर्ग र प्रत्यय लगाई एकएक शब्द बनाउनुहोस् :** २

उपसर्ग : अनु, दुर्　　　प्रत्यय : अन्त, इलो

**(ख) समास वा विग्रह गर्नुहोस् :** २

हरपल,　नाक काटिएको,　पञ्चकन्या,　घरलाई भाँड्ने

**७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् :** ५

(क) रेडियोमा समाचार प्रसारण ..... (हु : सामान्य भविष्यत्)

(ख) हिजोआज पृथ्वीको तापक्रम .... (बढ् : पूर्ण वर्तमान)

(ग) तिमी पनि कार्यक्रममा सहभागी ... (बन् : इच्छार्थक)

(घ) भाजुरत्न सुन पसलमा काम ..... (गर् : अभ्यस्त भूत)

(ङ) विश्वकप क्रिकेटमा नेपाली टोलीले राम्रो ...(खेल्:, सम्भावनार्थक)

**८. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ५

(क) आकाशमा बादल लाग्यो र जाडो बढ्यो । (मिश्र वाक्य)

(ख) तिमीले फलफूल टिपेछौ । (अकरण)

(ग) राधाले किताबहरू ल्याइन् (कर्मवाच्य)

(घ) हामी परीक्षा दिँदैछौँ । (एक वचन)

(ङ) सोनाम शेर्पा स्याउ टिप्छन् । (प्रेरणार्थक)

**९. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** ५

सडकमा गुड्ने सवारी साधनका कारण हुने मानवीय तथा भौतिक क्षति दुर्घटना हो । बढ्दो जनसङ्ख्या र सवारीसाधनको बढ्दो चापले आजकल सडक दुर्घटना ताजा समाचार बन्ने गरेको

छ, जुन मानिसका लागि अत्यन्त दु:खदायी र हृदयविदारक घटना हो । सामान्यतया पहाडी र सहरी क्षेत्रमा सडक दुर्घटना बढी हुने गरेको छ । जनसङ्ख्याको चाप, सडकको क्षमताभन्दा बढी सवारीसाधन, क्षमताभन्दा बढी यात्रु बोक्ने प्रवृत्ति, सवारी नीतिनियमको पालन नगर्नु, अपरिपक्क चालक र तिनले तीव्र गतिमा गर्ने अस्वस्थ प्रतिस्पर्धा आदि सडक दुर्घटनाका कारणहरू हुन् । यस्ता घटनाहरू न्यूनीकरण गर्नका लागि सवारीसाधन प्रयोगकर्ता र यात्रुहरू नै मूलरूपमा सचेत हुनुपर्दछ । सवारीसाधन नियमपूर्वक सञ्चालन गर्नुपर्दछ । साँगुरो, घुम्तीबाटो र मानव भीड भएका ठाउँमा मादक पदार्थ सेवन गरी तीव्र गतिमा सवारी चलाउनु हुँदैन । सडक दुर्घटना कुनै एउटा गाउँ सहर वा देशको समस्या मात्र होइन यो विश्वव्यापी समस्या हो । सवारी दुर्घटनाका कारण मानिसले अकालमा ज्यान गुमाउनु पर्दछ, अङ्गभङ्ग भएर कहाली लाग्दो जीवन जिउनु पर्ने र आफू क्षमतावान हुँदाहुँदै पनि अरूको सहारामा निरस जीवन बाँच्न बाध्य हुनुपर्छ ।

*प्रश्नहरू*

(क) सवारी दुर्घटना भनेको के हो ?    (ख) सवारी दुर्घटनाका कारणहरू के-के हुन् ?

(ग) सडक दुर्घटनाले के कस्ता समस्या निम्त्याउँछ ?

(घ) सडक दुर्घटना कसरी न्यूनीकरण गर्न सकिन्छ ?

(ङ) 'निरस' र 'हृदयविदारक' शब्दको अर्थ लेख्नुहोस् ।

**१०. तलको गद्यांशबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् :    २+३ = ५**

जयपृथ्वीबहादुर सिंह देश र जनताको उन्नतिमा सदा चिन्तनशील रहन्थे । आफ्नो अध्ययन सकेपछि उनको बझाङको आर्थिक, सामाजिक, शैक्षिक आदि स्थितिको राम्रो अध्ययन गरी सुधार गर्ने प्रयत्न गरे । कुनै पनि देशमा शिक्षा र स्वास्थ्यको स्थिति सुदृढ नभएमा त्यस देशको विकास हुन सक्दैन भन्ने उनको धारणा थियो । तसर्थ उनले सातआठजना मानिसहरूलाई काठमाडौँमा नै लगेर विभिन्न विषयमा अध्ययन गराई तालिमसमेत दिने व्यवस्था गरे । जनस्वास्थ्यलाई ख्याल गरी उनले त्यहाँ एउटा आयुर्वेदिक औषधालयको स्थापना गरे । उनले धार्मिक एवम् सामाजिक क्षेत्रमा विभिन्न सुधारका कार्यहरू गरे । यसका साथै उनले मानिसलाई विभिन्न प्रकारका तालिमको व्यवस्था गरी उनीहरूको सीप विकास गर्नमा पहल गरे । स्थानीय जनताको गिर्दो आर्थिक अवस्थालाई उकास्ने उद्देश्यले उनले विभिन्न घरेलु इलमहरू खोल्न जनतालाई प्रोत्साहन गरे । यति मात्र नभएर भूमिसुधारको माध्यमबाट गरिब किसानहरूलाई मोहियानी हक दिलाउने जस्तो क्रान्तिकारी कदमद्वारा उनले आफ्नो मानवतावादी विचारलाई मूर्त रूप दिए । यसै क्रममा

बफ्फाङभित्र यातायातलाई सुगम बनाउन विभिन्न ठाउँमा गोरेटो र घोडेटो पनि बनाउन लगाए। जनतालाई सुविधा दिने उद्देश्यले उनले हाटबजारको समेत नियमित व्यवस्था गरे।

**११. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५**

**(क) दिइएका बुँदाहरूको आधारमा छोटो कथा लेखी उपयुक्त शीर्षक दिनुहोस् :**

कुनै देशमा एउटा क्रूर शासक हुनु ... काम गर्दा नोकरबाट एउटा गमला फुट्नु ... गमला ऐतिहासिक महत्त्वको हुनु ... शासकलाई झोक चल्नु .... नोकरलाई कडा दण्ड दिने घोषणा गर्नु ... गाउँको एक वृद्धले त्यो खबर सुन्नु ... त्यस वृद्धले गमला जोड्न सक्ने घोषणा गर्नु ... शासकले बूढालाई दरबारमा झिकाउनु ..... गमला जोड्ने आदेश दिनु .... बूढाले अरू सबै गमला फुटाइ दिनु ... शासकले गमला फुटाउनुको कारण सोध्नु ... निदोर्ष व्यक्तिलाई कडा दण्डको घोषणा गरेकोमा यसो गरेको बताउनु ... शासकको आँखा खुल्नु र मानव जीवनको मूल्य बुझ्नु ... देशबासीले त्यस वृद्धलाई सम्मानित गर्नु ... अन्यायको विरोध गर्नुपर्ने सन्देश।

**(ख) दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक राख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | भूपी शेरचन |
| जन्मस्थान | : | धौलागिरी अञ्चल, मुस्ताङ जिल्लाको टुकुचे गाउँ |
| जन्ममिति | : | वि.सं. १९९३, पुष १० गते |
| पिता | : | सुब्बा हितमान शेरचन |
| शिक्षा | : | बी.ए.सम्मको औपचारिक शिक्षा हासिल |
| प्रकाशित कृति | : | स्वच्छन्दतावादी प्रगतिवादी धाराका उत्कृष्ट कवि, युगीन विकृति र विसङ्गतिप्रति तीव्र विरोध, सर्वसाधारण जनताका दुःख र पीडालाई कवितामा उतार्ने, प्रसिद्ध व्यङ्ग्यवादी कवि, प्रकृतिप्रेमी एवम् देशप्रेमी कवि, प्रखर क्रान्तिचेतना, झ्याउरे तथा गद्य लयमा कविता लेख्न सिपालु, थोरै कविता रचे पनि धेरै पाठकका प्रिय कवि बन्न सफल। |
| पुरस्कार र सम्मान | : | साझा पुरस्कार, नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य |
| मृत्यु | : | वि.सं. २०४६ जेठ २ गते, काठमाडौँ। |

**१२. नारी शिक्षाको महत्त्व दर्साउँदै घरधन्दा मात्र गरी बसेकी आफ्नी बहिनीलाई विद्यालय पढ्न पठाउने सल्लाह दिँदै दाजुलाई चिठी लेख्नुहोस्। ५**

**१३. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५**

(क) विपक्षको मतको खण्डन गर्दै 'भौतिक सुखभन्दा आध्यात्मिक सुखले नै जीवनलाई सुखी बनाउँछ' भन्ने विषयको पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(ख) 'धुम्रपानले लिन्छ ज्यान' भन्ने विषयमा एउटा संवाद लेख्नुहोस् ।

**१४. कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् : १०**

(क) महिला सशक्तीकरण (ख) संविधान (ग) अपाङ्गहरूप्रति मेरो कर्तव्य

**१५. कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस् : ५**

(क) मेरै धौलागिरि शिखरमा छैन मैले पुगेको
नेपालीको दिल छुन अझै छैन मैले सकेको ॥"

(ख) भोकभोकै मर्नु परे पनि आफ्नो गाउँमा मर्नु जाती ।

**१६. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् : २ x ५ = १०**

(क) 'प्रश्नोत्तर' कवितामा मानिसका इन्द्रियलाई किन शत्रु र मित्र दुवै हुन् भनिएको हो ?

(ख) मिथिला चित्रकलाका मुख्य मुख्य विशेषताहरू लेख्नुहोस् ।

(ग) विदुर किन दरबार छोडेर धौम्य ऋषिका आश्रममा गए ?

**१७. यन्त्रमानवमा पनि इच्छा एवम् भावना जस्ता मानवीय प्रवृत्तिहरू विकास भए मानव समाजमा के कस्तो सङ्कट आइपर्ला ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् । ५**

**१८. तलका कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् : १०**

(क) कथाकारले 'दोषी चस्मा' कथामा केशवराजको माध्यमबाट मानव मनका कस्ता संवेगहरूको विश्लेषण गरेका छन् ? विवेचना गर्नुहोस् ।

(ख) नेपालको शिक्षा तथा पत्रकारिताको विकासमा जयपृथ्वीबहादुर सिंहले के-कस्तो योगदान दिएका छन् ? उल्लेख गर्नुहोस् ।

धन्यवाद !!

## एसएलसी परीक्षा २०७०

### 3. पश्चिमाञ्चल विकास क्षेत्र RE - 105'C'

**परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुपर्नेछ ।**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**उत्तीर्णाङ्क : ३२**

**१. समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी उत्तरपुस्तिकामा लेख्नुहोस् : ४**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| सूत्रपात | कानुन व्यवसायी |
| निहत्था | हतियारविहीन |
| छहरा | आश्रयस्थल |
| भुजा | कमजोर |
| आश्रम | छाँगो |
| बिल | प्रारम्भ |
| जावो | प्रारब्ध |
| वकिल | कुटी |
| | रसिद |
| | मामुली |
| | हात |

**२. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :** **३**

(क) ................ अनेकार्थी शब्द हो । (बेला, केरा, कुबेला)

(ख) 'पक्ष' शब्दको विपरीतार्थी शब्द .......... हो । (सापेक्ष, विपक्ष, अपेक्षा)

(ग) 'भुजा' शब्दको अर्थ .......... होइन । (हात, भात, लात)

(घ) 'शीत-सित' शब्द ........ हुन् । (श्रुतिसमभिन्नार्थी, लघुतावाची, अनेकार्थी)

(ङ) 'देश' शब्दको पर्यायवाची शब्द ........... हो । (लोक, मुलुक, विश्व)

(च) 'प्रारम्भ' शब्दको पर्यायवाची शब्द .... हो । (इतिश्री, श्रीवृद्धि, श्रीगणेश)

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** **५**

मेरो गोरुको बाह्रै टक्का, तल्लीन हुनु, वाङ्मय, झट्ट, लौ

**४. (क) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :** **३**

जमानसींहले भन्यो, जाउँ है त मीत ज्यू फेरि आइयोभने भेटौंला नि ।

**(ख) तलका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** २

(अ) (i) प्रतीलिपि (ii) प्रतिलिपि (iii) प्रतीलिपी (iv) प्रतीलीपी

(आ) (i) शारीरिक (ii) सारीरीक (iii) षारीरिक (iv) सारीरिक

(इ) (i) पञ्चतत्व (ii) पंचतत्व (iii) पन्चतत्व (iv) पङ्चतत्व

(ई) (i) वेचविखन (ii) बेचविखन (iii) बेचबिखन (iv) वेचबिखन

**५. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** ४

आज त हामी गुरुसित नगरकोट पुग्यौं अनि त्यहाँबाट सूर्योदयको सुन्दर दृश्य हेर्दै घुटुघुटु तातो चिया पिउन थाल्यौं ।

**६. (क) तलका शब्दको मूल रूप पहिचान गरी उपसर्ग वा प्रत्यय छुट्याउनुहोस् :** २

लौकिक, संवाद, राष्ट्रिय, परिस्थिति

**(ख) समास भए विग्रह र विग्रह भए समास गर्नुहोस् :** २

मखिबुट्टे, नौ दुर्गाको समूह, रतन्धो, नीलो कमल

**७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् :** ५

(क) उसले नाटकमा अभिनय ... (गर्: पूर्ण भूत)

(ख) किसानहरू खेतमा धान ...(काट् :, अपूर्ण वर्तमान)

(ग) तिमीहरू भोक लागेपछि खाजा ...(खा:, आज्ञार्थक)

(घ) विद्यालयले राम्रो परिणाम ....(ल्याउ:, सम्भावनार्थक)

(ङ) बगैंचामा फूलहरू ...(फुल्:, सामान्य भविष्यत्)

**८. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ५

(क) तिमी परीक्षामा राम्ररी लेख्ने छौ (कर्मवाच्य)

(ख) तपाईं माछामासु खानुहुन्थ्यो । (अकरण)

(ग) रामले सोधेपछि श्यामले बतायो । (मिश्र वाक्य)

(घ) हामी कुबाटोमा हिँड्दैनौं । (तृतीय पुरुष)

(ङ) लाक्पा शेर्पा हिमाल चढ्छन् । (प्रेरणार्थक)

**९. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** ५

बाढी, पहिरो, खण्डवृष्टि, अल्पवृष्टि वा अतिवृष्टि आदि प्राकृतिक प्रकोपका रूप हुन् । बढ्दो जनसङ्ख्या, अव्यवस्थित बसोबास तथा वैज्ञानिक उन्नतिका कारण विभिन्न किसिमका जलचर-

थलचर लोप हुँदै गइरहेका छन् । यस्ता समस्याहरूबाट उत्पन्न हुने वातावरणीय असन्तुलनको खतराबाट विश्वलाई जोगाउने काममा पनि जङ्गलको विशिष्ट भूमिका हुन्छ । यसदेखि बाहेक सम्पूर्ण प्राणीलाई सास फेर्न आवश्यक पर्ने अक्सिजन, प्राकृतिक सुन्दरता, मान्छेका दैनिक आवश्यकताका वस्तुदेखि पानीको स्रोत र भूक्षय नियन्त्रण गर्ने आदि भूमिका वनजङ्गलले गर्दछ । जङ्गल आफैँमा प्राकृतिक सम्पदा हो । वन्यजन्तु तथा पन्छीहरूको साझा आश्रयस्थल पनि हो र वातावरणीय सन्तुलनको आधार हो । यसको संरक्षण गरी बाढी, पहिरो, भूक्षय तथा प्राकृतिक प्रकोपको घटना र त्यसबाट हुने हानी-नोक्सानीबाट सबै बच्नुपर्दछ । यसको संरक्षण गर्न जनचेतना जगाउनु पर्दछ । नाङ्गा पाखा-पखेराहरूमा वृक्षरोपण गर्नुपर्दछ । जथाभावी चरन र चोरी पैठारी नियन्त्रण गर्नुपर्दछ । सामुदायिक वनको अवधारणालाई प्राथमिकता दिई वन संरक्षणकर्तालाई पुरस्कार र विनाशमा लागेकाहरूलाई दण्डको व्यवस्था गरिनुपर्दछ ।

*प्रश्नहरू*

(क) वन्यजन्तु तथा पन्छीहरू लोप हुँदै जानुका कारणहरू के के हुन् ?

(ख) प्राकृतिक प्रकोपका रूपहरू के के हुन् ?

(ग) वनजङ्गलबाट हामीले के-कस्ता वस्तुहरू प्राप्त गर्न सक्छौँ ?

(घ) वनजङ्गल कसरी बचाउन सकिन्छ ?

(ङ) 'खण्डवृष्टि' र 'वृक्षरोपण' शब्दको अर्थ लेख्नुहोस् ।

**१०. तलको गद्यांशबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् :** **२+३ = ५**

परिश्रम जीवनको पूजा हो, मानवीय उन्नति र प्रगतिको कारक हो । परिश्रमी मानिसको हातलाई ईश्वरले पनि चम्दछन् । परिश्रमीले समयमाथि विजय पाउन सक्छ, भाग्यलाई चुनौती दिन सक्छ, मानवीय सभ्यतामा नयाँ आयाम थप्न सक्छ । विपन्नताबाट सम्पन्नतामा पुग्न, अभावबाट पूर्णतातिर जान, असफलताबाट सफलताको शिखरमा पुग्न, आफ्ना महत्त्वाकाङ्क्षालाई मूर्तरूप दिन चाहने जोसुकैले परिश्रम गर्नैपर्छ । परिश्रमबाटै मानिस सामान्यबाट विशिष्ट हुन्छ, ठूलाठूला पद र प्रतिष्ठा आर्जन गर्न सक्छ, विश्वविजयी बन्न सक्छ । आखिर परिश्रमीले के गर्न सक्दैन ? समुद्रमा बस्ती बसाउन सक्छ, अन्तरिक्षमा खेती गर्न सक्छ, पहाडलाई समथर मैदानमा परिणत गर्न सक्छ, मरुभूमिलाई हराभरा पार्न सक्छ, धर्ती फोरेर हीरा निकाल्न सक्छ, समुद्रको गहिराइमा पुगेर मोतीका दाना टिप्न सक्छ । परिश्रमीहरू नै महान् वैज्ञानिक, साहित्यकार, कलाकार, विचारक, कुशल प्राध्यापक, प्रशासक र राजनीतिज्ञ हुन्छन् । परिश्रमबाटै एउटा भिखारी करोडौँको मालिक हुन सक्छ, जीवनमा ठोस उपलब्धि हासिल गर्न सक्छ । परिश्रम गर्नेहरू महावीर हुन्छन्,

नेपोलियन बन्छन् र विश्वविजेता सिकन्दर बन्छन् । परिश्रमीहरू नै सेक्सपियर, न्युटन र आइन्स्टाइन बन्छन्, भानुभक्त, लेखनाथ र देवकोटा बन्छन् ।

**११. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **५**

**(क) दिइएका बुँदाहरूका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षक समेत दिनुहोस् :**

कुनै गाउँमा एउटा व्यापारी .... व्यापारीले एउटा कुकुर र गधा पालेको .... गधा भारी बोकेर बजार जाने गरेको .... कुकुरले घरको रेखदेख गर्ने गरेको ... लोभी व्यापारी आफूमात्र मीठो मीठो खाने .... कुकुर र गधालाई पेटभरि खान नदिने ... एक रात व्यापारी खाना खाएर चाँडै सुतेको .... घरमा चोरहरू पसेका ... कुकुर नभुकेको ... अविवेकीको धन बचाउन आफू नभुक्ने कुरा गधालाई भनेको .... गधा आफैँ कराएर मालिकलाई उठाएको .... निद्रा बिगारिदिएको झोकमा व्यापारीले गधाको ढाडै भाँच्चिने गरी पिटेको ... कुकुरले गर्ने काम गर्दा गधाले दुःख पाएको ....आफ्नो जिम्मेवारी मात्र राम्ररी पूरा गर्नुपर्ने, अर्काको काममा दखल दिन नहुने सन्देश ।

**(ख) दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक राख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | बाबुराम आचार्य |
| जन्मस्थान | : | काठमाडौँ |
| जन्ममिति | : | वि.सं. १९४४, फागुन २९ गते |
| माता/पिता | : | शिवकुमारी र धर्मदत्त |
| शिक्षा | : | - प्रारम्भिक शिक्षा घरमा आफ्नै बाजे पशुपति आचार्यबाट पाएका ।<br>- बनारसबाट व्याकरण र ज्योतिष विषयमा उच्च शिक्षा प्राप्त गरेका । |
| कृति | : | 'पुराना कवि र कविता', 'तुलनात्मक सुन्दर काण्ड', 'चीन र तिब्बतसँग नेपालको सम्बन्ध', 'नेपालको सङ्क्षिप्त वृत्तान्त', 'प्राचीन नेपालको इतिहास' आदि । |
| विशेषता र योगदान | : | असाधारण प्रतिभा, तीव्रस्मरण शक्ति, प्रखर कल्पना शक्ति, बेजोड अध्ययनशीलता, अन्वेषण र खोजमा अभिरुचि, नेपाली भाषा, साहित्य र इतिहासका अन्वेषक, विश्वको सर्वोच्च शिखरलाई सगरमाथा भनी नामाकरण गर्ने व्यक्ति । |
| पुरस्कार र सम्मान | : | वि.सं. २००८ सालमा इतिहास शिरोमणि उपाधि, त्रिभुवन पुरस्कार, गोरखा दक्षिणबाहु, प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य । |
| मृत्यु | : | वि.सं. २०२९ भाद्र २२ गते |

**१२. आफ्नो विद्यालयको वार्षिकोत्सवका अवसरमा वृक्षरोपण गर्न विभिन्न जातका बिरुवाहरू उपलब्ध गराइदिन अनुरोध गर्दै प्रधानाध्यापकले जिल्ला वन कार्यालयलाई लेख्ने निवेदन पत्रको नमुना तयार पार्नुहोस् । ५**

**१३. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५**

(क) 'असल साथी' शीर्षकमा एउटा संवाद लेख्नुहोस् ।

(ख) सहिद दिवसका अवसरमा आयोजित कवि गोष्ठीमा भाग लिई घर फर्केपछि सहिदका त्याग र बलिदानलाई खेर जान नदिन तपाईंले लिनु भएको अठोट र भावनालाई समेटी एउटा मनोवाद लेख्नुहोस् ।

**१४. कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् : १०**

(क) मेरो भविष्यको योजना (ख) नेपालमा धार्मिक सहिष्णुता (ग) विकासमा जनसहभागिता

**१५. कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस् : ५**

(क) एउटा भुलले अर्को भुललाई सच्याउन सक्दैन ।

(ख) हरेक सभ्य जातिको अस्तित्वलाई जीवन्त राख्न त्यस जातिको वाङ्मयले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

**१६. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् : २ x ५ = १०**

(क) जयपृथ्वीबहादुर सिंहलाई किन नेपालको शिक्षा व्यवस्थाका जनक भनिएको हो ?

(ख) यन्त्रमानवले मानिसलाई कुन कुन काममा सहयोग पुऱ्याउँदै आएको छ ?

(ग) 'वैशाख' कवितामा वसन्त ऋतुको कस्तो वर्णन पाइन्छ ?

**१७. दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति स्वर्गीय नेल्सन मन्डेलाबाट तपाईं नेपालका नेताहरूले कस्तो प्रेरणा लिऊन् भन्ने चाहनु हुन्छ ? आफ्नो तर्क दिनुहोस् । ५**

**१८. तलका कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् : १०**

(क) 'कर्तव्य' कथामा कथाकार गुरुप्रसाद मैनालीले समाजका के-कस्ता वास्तविकतालाई चित्रण गरेका छन् ?

(ख) के भोलिवादी प्रवृत्तिले गर्दा नै हाम्रो समाज पछाडि परेको हो ? 'जयभोलि !' निबन्धका आधारमा चर्चा गर्नुहोस् ।

धन्यवाद !!

## एसएलसी परीक्षा २०७०

### 4. मध्यपश्चिमाञ्चल विकास क्षेत्र RE - 105'D'

**परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुपर्नेछ।**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**उत्तीर्णाङ्क : ३२**

**१. समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी उत्तरपुस्तिकामा लेख्नुहोस् : ४**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| बिसेक | पुरानो |
| अत्तर | बैना |
| सुदृढ | सञ्चो |
| हैरान | उत्तर |
| सकल | बलियो |
| पेस्की | कुशल |
| सम्पदा | थकित |
| सनातन | खुस्बु |
| | सम्पत्ति |
| | सबै |
| | सन्तान |

**२. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :** ३

(क) ................ अनेकार्थी शब्द होइन । (तर, कर, खुर)

(ख) ................ अनेकार्थी शब्द हो । (मूल, केरा, डेरा)

(ग) ................ श्रुतिसमभिन्नार्थक शब्द हुन् । (पर्व-पूर्व, धर्म-कर्म, गर्व-गर्भ)

(घ) 'पतन' शब्दको विपरीतार्थी शब्द ........... हो । (कप्तान, उत्थान, सैतान)

(ङ) 'आदि' शब्दको पर्यायवाची शब्द ............ हो । (सुरु, अन्त्य, आधि)

(च) 'चन्द्रमा' शब्दको पर्यायवाची शब्द .... हो । (विन्दु, इन्दु, सिन्धु)

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** ५

ढुङ्गा खोज्दा देउता भेट्टाउनु, पहल गर्नु, अन्वेषण, कुरुमकुरुम, रे

**४. (क) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :** ३

समिरले मन मनै भन्यो, ज्या ? मैले झ्यालत बन्द गर्नै बीर्सेछु ।

**(ख) तलका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** २

(अ) (i) साहित्यीक (ii) साहित्यिक (iii) साहीत्यिक (iv) साहीत्यीक

(आ) (i) शट्कोण (ii) खट्कोण (iii) सट्कोण (iv) षट्कोण

(इ) (i) पन्चकन्या (ii) पंचकन्या (iii) पञ्चकन्या (iv) पङ्चकन्या

(ई) (i) बिहाबर्तुन (ii) बिहावर्तुन (iii) विहावर्तुन (iv) विहाबर्तुन

**५. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** ४

पोखराबाट हामी काठमाडौँ आइपुग्यौँ अनि ठूलो झोला बोकेर गुरुसित स्वयम्भूतिर पो लाग्यौँ ।

**६. (क) तलका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द बनाउनुहोस् :** २

उपसर्ग - निर, अति प्रत्यय - इक, तव्य

**(ख) समास वा विग्रह गर्नुहोस् :** २

मन्त्रीहरूमा प्रधान, पथभ्रष्ट, लामा पात भएको, पञ्चपाला

**७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् :** ५

(क) नेपाली युवाहरू स्वदेशको उन्नतिमा ...... (लाग् :, पूर्ण वर्तमान)

(ख) नेपालले विद्युतीकरणमा विकास .......(गर्:, सामान्य भविष्यत्)

(ग) डोल्मा र पासाङ ... (आउः अपूर्ण भूत)

(घ) म सगरमाथाको शिखरमा ......(पुग्:, इच्छार्थक)

(घ) विद्यालयले जन्मजयन्ती ....(मनाउः, सम्भावनार्थक)

**८. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ५

(क) वसन्त ऋतु आएपछि रूखमा पालुवा पलाउँछन् । (संयुक्त वाक्य)

(ख) राम्ररी नपढे उत्तीर्ण भइदैन । (करण)

(ग) गायकले गीत गाउलान् (कर्मवाच्य)

(घ) ऊ विद्यालय गयो । (स्त्रीलिङ्ग)

(ङ) म सधैँ गृहकार्य गर्छु । (प्रेरणार्थक)

**९. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** ५

आफ्नो विश्वास आफैँले गर्न सक्नु नै आत्मविश्वास हो । आत्मविश्वासी व्यक्तिको जीवन सफल हुन्छ । सफलता र आत्मविश्वासी व्यक्तिका बिचमा नङ र मासुको सम्बन्ध रहेको हुन्छ । जीवनमा आइपर्ने विभिन्न समस्या समाधान गरी आफूलाई सफल मानिस सावित गर्न

आत्मविश्वासी बन्नुपर्दछ । आत्मविश्वासी बन्न प्रत्येक व्यक्तिमा साहस, धैर्य र सकारात्मक सोच चाहिन्छ । मानिसको जीवनमा अनेक समस्या आइपर्छन् तर पनि त्यस्ता समस्याहरूको समाधान गर्न मानिस सक्षम हुनुपर्दछ । आत्मविश्वास लिन सकेमा हरेक प्रकारका समस्याबाट मुक्त हुन सकिन्छ । आत्मविश्वास भएमा जस्तोसुकै समस्या पनि सहजै समाधान हुन्छ । आत्मविश्वासी व्यक्ति उत्साही हुन्छ र उसको मनोबल सदा उच्च रहन्छ । यसैबाट उसको जीवन सार्थक हुन्छ तर आत्मविश्वास कमजोर भएको व्यक्ति जीवनमा आइपर्ने समस्या र अरूको दुर्व्यवहारबाट खिन्न र दुःखी हुन्छन् । यसबाट उसमा नकरात्मक सोच विकास हुन्छ । नकरात्मक सोचले खराब विचारहरूको सिर्जना हुन्छ । सफलताको सबैभन्दा ठूलो शत्रु भनेकै आत्मविश्वासको कमी हो । विवेकयुक्त र लगनशील आत्मविश्वासबाट मात्र सफलता प्राप्त गर्न सकिन्छ भन्ने हरेक व्यक्तिले बुझ्नु जरुरी छ ।

*प्रश्नहरू*

(क) कस्तो व्यक्तिको जीवन सफल हुन्छ ?

(ख) आत्मविश्वासी बन्न चाहिने कुराहरू के के हुन् ?

(ग) कसरी हरेक प्रकारका समस्याबाट मुक्त हुन सकिन्छ ?

(घ) कस्ता व्यक्तिहरू जीवनमा खिन्न र दुःखी हुन्छन् ?

(ङ) 'मुक्त' र 'सावित' शब्दको अर्थ लेख्नुहोस् ।

**१०. तलको गद्यांशबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस् :** **२+३ = ५**

श्रम एक यस्तो ईश्वर हो जो चतुर्मुख ब्रह्मा, चतुर्भुज विष्णु र त्रिनेत्रधारी शिवभन्दा पनि शक्तिशाली छ । हाम्रो सम्पूर्ण अस्तित्वको आधार नै परिश्रम हो । उपनिषद्मा परिश्रमबाटै ईश्वरले यो सृष्टि रचेको कुरा बताइएको छ । हाम्रो सभ्यता र संस्कृति पनि परिश्रमकै उपज हो । परिश्रम नगरी कसैको पनि उन्नति हुँदैन । त्यसैले परिश्रम गर्नु हाम्रो धर्म हो । परिश्रमीले प्रकृतिमाथि पनि विजय पाउन सक्छ । परिश्रम हाम्रो सर्वाङ्गीण व्यक्तित्व विकासको आधार हो । मानव जीवनको महत्त्व परिश्रममा निहित छ, जीवनको सार्थकता भन्नु नै परिश्रम हो । परिश्रमबाट व्यक्ति, समाज, राष्ट्र र अन्ततः विश्व नै लाभान्वित हुन्छ । परिश्रमलाई उपेक्षा गरेर उन्नति गर्ने कुरा त छाडौँ, मानवीय अस्तित्वलाई पनि जोगाउन सक्दैनौँ । हामीले परिश्रमरूपी फूल जति धेरै फुलाउन सक्छौँ, हाम्रो जीवन र यो धर्ती त्यति नै सुवासित र आकर्षक हुन्छ । त्यसैले भाग्यको भरमा नबसी दसनङ्ग्रा खियाएर पसिना बगाई जीवन सार्थक पारौँ ।

**११. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ५**

**(क) दिइएका बुँदाहरूको आधारमा छोटो कथा लेखी उपयुक्त शीर्षक समेत दिनुहोस् :**

एक जना बूढा किसान.... श्रीमती आफ्ना तीनओटा छोरा नहुर्कँदै परलोक गएकी ... छोराहरूको लालनपालन बूढाले नै गरेका ...छोराहरूको विहाबारी सम्पन्न ... बुहारीहरूको बुद्धि र क्षमता बुझ्न बूढालाई इच्छा लाग्नु.... बुहारीहरूलाई बोलाएर बूढाले प्रत्येकलाई एक एक मुठी धान दिनु ... यो धान पछि आफूले माग्न सक्ने धारणा व्यक्त गर्नु ... बुहारीहरू छक्क पर्नु ... जेठी बुहारीले त्यो धान केही बेरमै मिल्काउनु ... माहिलीले बाँसको ढुङ्ग्रामा राख्नु ... कान्छीले भने खेतमा लगेर रोप्नु ... तीन वर्षपछि बूढोले बुहारीहरूसँग आफूले दिएको धान माग्नु ... जेठीले भकारीबाट झिकेर दिँदा यो त मैले दिएको धान होइन भन्नु ...माहिलीले ढुङ्ग्राबाट झिकेर कीराले खाएको धान दिनु ... कान्छीले चाहिँ पाँच पाथी धान दिनु ... कान्छीको बुद्धि देखेर बूढा खुसी हुनु ... प्राप्त वस्तुको सही ढङ्गले सदुपयोग गर्नु नै बुद्धिमानी हो भन्ने सन्देश ।

**(ख) दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक राख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | बालकृष्ण सम |
| जन्म | : | वि.सं. १९५९, माघ २४ गते, काठमाडौँ |
| शिक्षा | : | आइ.एस्सी. उत्तीर्ण |
| प्रमुख कृतिहरू | : | 'चिसो चुलो' (महाकाव्य), 'आगो र पानी' (खण्डकाव्य), 'बालकृष्ण समका कविता' (कविता सङ्ग्रह), 'मुटुको व्यथा', 'प्रेमपीण्ड', 'अन्धवेग', 'मुकुन्द इन्दिरा', 'भीमसेनको अन्त्य', 'अमरसिंह', 'भक्त भानुभक्त', 'प्रह्लाद' आदि (नाटक) र नियमित आकस्मिकता (लेख सङ्ग्रह) |
| विशेषता र योगदान | : | परिष्कारवादी कवि, आधुनिक नेपाली नाटकका जनक, बौद्धिक एवम् चिन्तनशील स्रष्टा, नेपाली साहित्यका सेक्सपियर, नाट्यसम्राट, बहुमुखी प्रतिभाका धनी लेखक, ज्यादै अध्ययनशील साहित्यकार, राणाकुलमा जन्मे पनि ज्यादै सरल र मिलनसार व्यक्तित्व, राष्ट्रप्रेमी सर्जक । |
| पुरस्कार | : | पृथ्वी प्रज्ञा पुरस्कार, त्रिभुवन प्रज्ञा पुरस्कार, गोरखा दक्षिणबाहु प्रथम आदि । |
| मृत्यु | : | वि.सं. २०३८ श्रावण ६ गते |

**१२. त्रिवेणी औषधी पसल कटारी, उदयपुरले जीवनदीप औषधी लिमिटेड हरिसिद्धि, ललितपुरलाई आवश्यक विभिन्न औषधीहरू पठाइदिन अनुरोध गर्दै चिठी लेख्नुहोस् । ५**

**१३. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **५**

(क) 'पानीको महत्त्व' शीर्षकमा एउटा संवाद लेख्नुहोस् ।

(ख) कुनै लोकप्रिय विद्वान्को प्रेरणादायी भाषण सुनी घर फर्केपछि देश र जनताको उन्नतिका निम्ति आफ्नो मनमा उब्जेका विचार र भावनालाई समेटी एउटा मनोवाद लेख्नुहोस् ।

**१४. कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :** **१०**

(क) मेरो भविष्यको योजना (ख) नेपालमा धार्मिक सहिष्णुता (ग) विकासमा जनसहभागिता

**१५. कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस् :** **५**

(क) दरिद्र नाऊँ नरमा छ कस्को ?
विशाल तृष्णा घरमा छ जस्को ।

(ख) एउटा भुललाई अर्को भुलले सच्याउन सक्तैन ।

**१६. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :** **२ x ५ = १०**

(क) 'कर्तव्य' कथाका पात्र गङ्गाधरको चरित्र चित्रण गर्नुहोस् ।

(ख) 'सहिदको सम्झनामा' कवितामा सहिदहरूप्रति कसरी सम्मान गर्नुपर्छ भनिएको छ ?

(ग) नेल्सन मण्डेलाको जेल जीवन कस्तो थियो ?

**१७. यदि तपाईं 'घरको माया' एकाङ्कीको पात्र लालबहादुरको ठाउँमा हुनुभएको भए बतासे पात्रको आग्रहलाई स्विकार्नु हुन्थ्यो वा हुन्नथ्यो ? आफ्नो तर्क दिनुहोस् ।** **५**

**१८. तलका कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् :** **१०**

(क) 'जय भोलि' निबन्धमा नेपाली समाजको के कस्तो बेथितिमाथि व्यङ्ग्य गरिएको छ ? चर्चा गर्नुहोस् ।

(ख) इमानसिंह चेमजोङले किराती भाषा र संस्कृतिको उन्नतिमा पुऱ्याएको योगदानको विवेचना गर्नुहोस् ।

धन्यवाद !!

**एसएलसी परीक्षा २०७०**

**5. सुदूरपश्चिमाञ्चल विकास क्षेत्र RE - 105'E'**

**परीक्षार्थीले दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुपर्नेछ ।**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

**उत्तीर्णाङ्क : ३२**

**१. समूह 'क' मा दिइएका शब्दहरूको अर्थ समूह 'ख' बाट पहिचान गरी उत्तरपुस्तिकामा लेख्नुहोस् : ४**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| करतुत | प्रमाणित |
| फिराद | बयान |
| चरण | खराब काम |
| विलम्ब | चरन |
| संवर्धन | खुट्टा |
| अहङ्कार | संवृद्धि |
| परिपाटी | अबेला |
| साबित | परिस्थिति |
| | सेखी |
| | प्रणाली |
| | न्यायका लागि प्रार्थना |

**२. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् : ३**

(क) 'बेँसी' शब्दको विपरीतार्थी शब्द ........... हो । (भञ्ज्याङ, लेक, देउराली)

(ख) ................ अनेकार्थी शब्द हो । (उत्तर, अत्तर, पुच्छर)

(ग) 'नित्य' शब्दको पर्यायवाची शब्द ............ हो । (सधैं, यदाकदा, अनित्य)

(घ) 'थरी' शब्दको अर्थ ...... होइन । (प्रकार, गाउँको मुखिया, सचिव)

(ङ) 'श्री गणेश' शब्दको पर्यायवाची शब्द .... हो । (थालनी, अन्त्य, इतिश्री)

(च) ................ श्रुतिसमभिन्नार्थक शब्द हुन् । (भुल-भुल, फुल-स्थुल, कुल-कूल)

**३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् : ५**

आकाशको फल आँखा तरी मर, ख्याल गर्नु, झल्याँस्स, निशस्त्रीकरण, ल

**४. (क) तल दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् : ३**

वीदुरले दूर्योधनलाई भने तैंले यस्ता अपराधत हजारौँ गरेकोछस् ।

**(ख) तलका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** २

(अ) (i) संकल्प (ii) सम्कल्प (iii) सङ्कल्प (iv) सन्कल्प

(आ) (i) वातावरण (ii) बाताबरण (iii) बातावरण (iv) वाताबरण

(इ) (i) विसेशज्ञ (ii) विशेशज्ञ (iii) विषेसज्ञ (iv) विशेषज्ञ

(ई) (i) तिथिमिति (ii) तिथीमिति (iii) तिथीमिती (iv) तिथीमीती

**५. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** ४

ओहो ! तिमी त धेरै राम्ररी मेहनत गर्दा रहेछौ त्यसैले पो तिम्रो प्रगति भएको रहेछ ।

**६. (क) तलका उपसर्ग र प्रत्यय लगाई एक एक शब्द बनाउनुहोस् :** २

उपसर्ग - अनु, उत् प्रत्यय - औना, ईय

**(ख) समास वा विग्रह गर्नुहोस् :** २

हाडजस्तो ओखर, कागखुट्टे, कपडाले छानेको, सप्तगण्डकी

**७. कोष्ठकमा दिइएका धातु र सङ्केतका सहायताले खाली ठाउँ भर्नुहोस् :** ५

(क) क्रिकेटमा नेपालले प्रगति ...... (गर् :, पूर्ण वर्तमान)

(ख) नोर्बुले आफ्नो काम .... (सक्:, अज्ञात भूत)

(ग) हामी आफ्नो देश आफैँ .... (बनाउः, सम्भावनार्थक)

(घ) सबैको सद्बुद्धि ...... (आउः, इच्छार्थक)

(ङ) रामदुलारी पाइलट विषय ....... (पढ्:, सामान्य भविष्यत्)

**८. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ५

(क) घाम लागेपछि न्यानो हुनेछ । (मिश्र वाक्य)

(ख) नर्तकीद्वारा नृत्य गरियो । (कर्तृवाच्य)

(ग) कविले कविता छपाएछन् । (अकरण)

(घ) तिमी राम्रो काम गर्दैछौ । (प्रथम पुरुष)

(ङ) बालक घाममा बस्छ । (प्रेरणार्थक)

**९. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** ५

सामान्यतया प्राणी जातिको हित विपरीत कुनै पनि कुरालाई झ्वाट्टै विश्वास गर्नु र त्यही विश्वास अनुरूपका कार्य गर्नु अन्धविश्वास हो । अन्धविश्वास मानसिक र सामाजिक रोग हो जसले महारोग बनेर नेपाली समाजलाई क्षत्‌विक्षत् पारेको छ । यसले शिक्षित-अशिक्षित, धनी-गरिब, सभ्य-असभ्य सबैलाई छोएको छ । नेपाली समाजमा अझै पनि कतिपय ठाउँमा चुहिएको

छानो टाउन साइत हेराउनु पर्छ । चेलीले माइत जान तिथि हेर्नुपर्छ । झाडा-पखालाले सिकिस्त हुँदा पानी पिउन नदिई देवी-देवताको दोष भनी कालो भाले चढाउने परम्परा छ । कसैले कसैलाई हेर्दा बिरामी भएको भनी बोक्साबोक्सीको आरोप लगाउँदै निन्दनीय र अमानवीय कार्य गर्ने चलन छ । यहाँ जसले मन्दिरको गजुर बनाउँछ, ऊ मन्दिर छिर्न पाउँदैन । एक्काइसौँ शताब्दीमा पनि आजको मान्छे शिक्षा र चेतनाको अभावमा अन्धविश्वासको भक्त बनी अकालमै जीवन गुमाउन बाध्य छ । त्यसलाई हटाउनका लागि गाउँगाउँमा शिक्षा र चेतनाको ज्योति बाल्नुपर्छ, उत्तम विचार र प्रगतिशील सोच-विचार अनि अग्रगमनको यात्रा चलाउनु पर्छ र यस्ता अमानवीय र निन्दनीय कार्यमा संलग्न जोकोहीलाई पनि कानुनको कठघरामा उभ्याउनु पर्छ अनि मात्र स्वच्छ, समुन्नत समाजको निर्माण गर्न सकिन्छ ।

*प्रश्नहरू*

(क) के कारणले नेपाली समाज क्षत्‌विक्षत्‌ भएको छ ?

(ख) अन्धविश्वासले क-कसलाई छोएको छ ?

(ग) के कारणले मानिसले अकालमै ज्यान गुमाइरहेका छन्‌ ?

(घ) स्वच्छ र समुन्नत समाजको निर्माण कसरी गर्न सकिन्छ ?

(ङ) 'निन्दनीय' र 'अमानवीय' शब्दको अर्थ लेख्नुहोस्‌ ।

**१०. तलको गद्यांशबाट चारओटा बुँदा टिपी सारांश लेख्नुहोस्‌ : २+३ = ५**

इमानसिंह चेमजोङ्ले लिम्बूवान खम्बूवान क्षेत्रका प्रत्येक ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक महत्त्वका स्थलहरूको भ्रमण गरी सामग्री सङ्कलन र अध्ययन गर्ने काम गरे, तर उनले यी सामग्रीहरूलाई व्यवस्थित रूप दिई प्रकाशन गर्ने काम त्यहाँ बसेर सम्भव हुने देखेनन्‌ । तसर्थ यसका लागि उनी काठमाडौँ बस्न थाले । त्यहाँ बसेर उनले भाषा, संस्कृति, इतिहास, धर्म र अन्य साहित्यिक रचनाहरूको सिर्जना गरी प्रकाशन गर्न थाले । यसै सिलसिलामा उनको प्रतिभाको कदर गर्दै त्रिभुवन विश्वविद्यालयले उनलाई किराती वाङ्मय र संस्कृति विषयको विशेषज्ञका रूपमा नियुक्त गऱ्यो । करिब पन्ध्र वर्षसम्म नेपाल र एसियाली अनुसन्धान केन्द्रमा रही उनले आफ्नो अध्ययन क्षेत्रलाई अझ विस्तार गरे । हरेक सभ्य जातिको अस्तित्वलाई जीवन्त राख्न त्यस जातिको वाङ्मयले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि वाङ्मयलाई जीवन्त राख्न त्यस भाषाको व्याकरण, शब्दकोश र साहित्यको सर्वाधिक महत्त्व रहेको हुन्छ । यसै महत्त्वलाई बुझेर उनले लिम्बूभाषा, व्याकरण, लिपि, संस्कृति, धर्मदर्शन र इतिहासका सम्बन्धमा विभिन्न खोजमूलक ग्रन्थहरू प्रकाशन गरे ।

**११. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **५**

**(क) दिइएका बुँदाहरूको आधारमा छोटो कथा लेखी उपयुक्त शीर्षक समेत दिनुहोस् :**

एउटा कुनै भीरमा ढुङ्गो र माटो मिलेर बसेका ... ढुङ्गो र माटोलाई एक अर्काको सहारा मिलेको ... एक रात ठूलो पानी परेको ... माटोले ढुङ्गोलाई समातेको र ढुङ्गोले माटोलाई थिचेको ... दुबै जोगिन सफल भएका ... केही समयपछि दुबैमा 'तँभन्दा म ठूलो' भन्ने घमण्ड चढेको ... एकले अर्कालाई दिएको सल्लाह मान्न छाडेका ... एक दिन घनघोर वर्षा भएको ... माटोलाई पानीले बगाएको ... ढुङ्गो पल्टेर फुटेको ... आखिर दुबैको विनाश भएको ... घमण्डले नाश गर्ने र एकतामा बल हुने सन्देश ।

**(ख) दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी तयार पारी शीर्षक राख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | विष्णुकुमारी वाइवा |
| जन्मस्थान | : | दार्जिलिङ, भारत |
| जन्म मिति | : | वि.सं. १९९४ |
| पिता/माता | : | के.एन.वाइवा/अमृत मोक्तान |
| साहित्यिक नाम | : | पारिजात |
| प्रमुख कृतिहरू | : | शिरीषको फूल, बैंसको मान्छे, महत्ताहीन आदि (उपन्यास), सडक र प्रतिभा, आदिम देश आदि (कथा सङ्ग्रह), बैंसालु वर्तमान, आकाङ्क्षा आदि (कविता सङ्ग्रह), लालीगुराँसको फेदमा, आधी आकाश आदि (निबन्ध/लेख सङ्ग्रह) । |
| विशेषता | : | प्रगतिवाद, विसङ्गतिवाद, अस्तित्ववाद, शून्यवाद जस्ता आधुनिक वादहरूको प्रभावबाट साहित्य रचना गर्ने सर्वोच्च नारी प्रतिभा, साहित्यले समाज सुधार गर्नुपर्छ भन्ने भाव बोक्ने लेखिका, बहुमुखी प्रतिभाकी धनी, शारीरिक अवस्था कमजोर भए पनि मानसिक सबलताले सम्पन्न सङ्घर्षशील नारी प्रतिभा |
| पुरस्कार | : | 'शिरीषको फूल' उपन्यासका लागि २०२२ सालमा मदन पुरस्कार, गङ्की बसुन्धरा पुरस्कार, सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार आदि । |
| मृत्यु | : | वि.सं. २०५० वैशाख ५ गते काठमाडौँमा |

**१२. बेरोजगारीका कारण विदेश जाने युवाहरूलाई आफ्नै गाउँघरमा सीपमूलक व्यवसाय अपनाई स्वावलम्बी भएर बाँच्ने प्रेरणादायी लेख रचनाहरू प्रकाशन गरिदिन अनुरोध गर्दै गोरखापत्र संस्थान, काठमाडौँलाई निवेदन लेख्नुहोस् ।** **५**

**१३. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **५**

(क) 'गल्तीबाट नै पाठ सिकिन्छ' भन्ने शीर्षकमा एउटा संवाद तयार पार्नुहोस् ।

(ख) विपक्षीका मतको खण्डन गर्दै 'घोकन्ती ज्ञानभन्दा व्यवहारिक ज्ञान नै दिगो हुन्छ' भन्ने विषयका पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

**१४. कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्नुहोस् :** **१०**

(क) नेपालमा लैङ्गिक समानता (ख) सूचना प्रविधिको महत्त्व (ग) देशप्रति मेरो कर्तव्य

**१५. कुनै एकको सप्रसङ्ग व्याख्या गर्नुहोस् :** **५**

(क) हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका सहिदको प्यारो लासले धिक्कार्ला

(ख) कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिसचाहिँ ज्ञानवान् हुनाले बखत मौका विचार गरेर आफैँ पनि जानुपर्छ ।

**१६. कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :** **२ x ५ = १०**

(क) 'वैशाख' कवितामा प्राकृतिक सुन्दरताले मानव जीवनमा कस्तो प्रभाव पारेको देखाइएको छ ?

(ख) 'घरको माया' एकाङ्कीमा देखाइएको देशप्रेम उल्लेख गर्नुहोस् ?

(ग) मिथिला चित्रकलामा प्रतीकहरूको प्रयोग कुन रूपमा गरिएको पाइन्छ ?

**१७. यदि तपाईं 'कर्तव्य' कथाको पात्र श्रीधरको छोरो शशिधर हुनुभएको भए र तपाईंका बुबाले सानै उमेरमा तपाईंको विवाह गर्न खोज्नुभएको भए के गर्नुहुन्थ्यो ? तर्क दिनुहोस् ।** **५**

**१८. तलका कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् :** **१०**

(क) मानव सभ्यताको विकासमा यन्त्र मानवको महत्त्व र उपयोगिताबारे चर्चा गर्नुहोस् ।

(ख) 'जयपृथ्वीबहादुर सिंह बहुआयामिक व्यक्तित्वका धनी हुन्', यस भनाइलाई पुष्टि गर्नुहोस् ।

धन्यवाद !!